# काठमाडौंमा प्रचलित *य:सिं* परम्पराको साँस्कृतिक अध्ययन

त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिकशास्त्र संकायअन्तर्गत
नेपाली इतिहास, संस्कृति तथा पुरातत्व विषयमा
स्नातकोत्तर उपाधिको आंशिक
प्रयोजनका निमित्त प्रस्तुत

# शोधपत्र

शोधार्थी
सन्ध्या बज्राचार्य
त्रि.वि. रजिष्टर नं.: ६-३-२८-२४०-२०१९
नेपाली इतिहास संस्कृति तथा पुरातत्व केन्द्रीय विभाग
कीर्तिपुर, काठमाडौं
२०८१

# शोध निर्देशकको सिफारिस पत्र

त्रिभुवन विश्वविद्यालय मानविकी तथा समाजिकशास्त्र संकाय अन्तर्गत नेपाली इतिहास, संस्कृति तथा पुरातत्व स्नातकोत्तर चौथो सेमेस्टरको पाठ्यक्रम अनुसार परिपुर्ति निमित्त यस केन्द्रीय शिक्षण विभागका विद्यार्थी छात्रा सन्ध्या वज्राचार्यले “काठमाडौंमा प्रचलित *य:सिं* परम्पराको संस्कृतिक अध्ययन” विषयको अनुसन्धान प्रबन्ध तयार गर्नुभएको हो । यस शोधपत्रमा निजले बौद्धिक एवं अनुसन्धान प्रक्रियामा तत्परताकासाथ मेहनत र लगनपूर्वक तयार गरेकोमा म सन्तुष्ट छु, आवश्यक मूल्याङ्कनको लागि सिफारिस गर्दछु ।

मिति: २०८१/०७ /०६

------------------------------------
शोध निर्देशक
**सह.प्रा.डा. सन्ध्या खनाल**
नेपाली इतिहास, संस्कृति तथा पुरातत्व केन्द्रीय विभाग
त्रिभुवन विश्वविद्यालय, कीर्तिपुर
काठमाडौं,

# कृतज्ञता ज्ञापन

प्रस्तुत "काठमाडौंमा प्रचलित *यःसिं* परम्पराको संस्कृतिक अध्ययन" शीर्षकको यो शोधपत्र त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिक शास्त्र संकायअन्तर्गत नेपाली इतिहास, संस्कृति, र पुरातत्व विषयमा स्नातकोत्तर तहको दसौं पत्रको ऐच्छिक प्रयोजनका लागि तयार पारिएको हो। यस शोधकार्यको प्रारम्भदेखि नै सामग्री संकलन, विश्लेषण, र अन्तिम लेखन कार्यसम्म अमूल्य सहयोग र निर्देशन प्रदान गर्नुभएकी आदरणीय गुरू सह-प्रा.डा. सन्ध्या खनालज्यू प्रति म हृदयदेखि आभार व्यक्त गर्दछु, जसको मार्गदर्शनले यो शोधकार्य सफलतापूर्वक सम्पन्न भएको छ।

शोधकार्यका लागि अमूल्य सुझाव र स्वीकृति प्रदान गर्नुभएका नेपाली इतिहास, संस्कृति तथा पुरातत्व विभागका प्रमुख सह-प्रा.डा. महेश कुमार आचार्य, पूर्व प्रमुख प्रा.डा. सोम प्रसाद खतिवडा, पूर्व प्रमुख प्रा.डा. मदन कुमार रिमाल, सह-प्रा.डा. पुनम राज्य लक्ष्मी राणा, उप-प्रा.डा. टिना मानन्धर, उप-प्रा.डा. पशुपति न्यूपाने, उप-प्रा.डा. निर्मला पोखरेल, र उप-प्रा.डा. अभिजीत थापा प्रति म हार्दिक कृतज्ञता प्रकट गर्दछु।

स्रोत सामग्री उपलब्ध गराई यस शोधकार्यलाई अगाडि बढाउन महत्वपूर्ण भूमिका निभाउनु हुने डा.अजय क्रान्ति शाक्यज्यू, सुरेश किरण मानन्धरज्यू, त्रिभुवन विश्वविद्यालय केन्द्रीय पुस्तकालय, आशा सफु गुठी, लोटस रिसर्च सेन्टर, र गुठी संस्थानलाई म धन्यवाद ज्ञापन गर्दछु। यसका साथै, शोधकार्यमा आवश्यक चित्र सामाग्री उपलब्ध गराउन सहयोग गर्नु हुने राजन महर्जन, सन्देश मुनिकार, र राजिव बज्राचार्य प्रति पनि म कृतज्ञ छु।

अन्तमा, यो शोधकार्यको सम्पूर्ण यात्रामा शुरू देखि नै मसँग रहनु भएका मेरा आदरणीय बुबा श्री विजेन्द्र मान बज्राचार्य, आमा श्री श्यामकली बज्राचार्य, मेरा ससुरा श्री अनुप रत्न शाक्य, सासु श्री सुनिता शाक्य, र मेरो श्रीमान् सुसन शाक्य प्रति म हृदयदेखि आभार प्रकट गर्दछु, जसले मलाई निरन्तर सहयोग, हौसला, र प्रेरणा दिनुभएको छ। यसका साथै, प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा उपयोग गरिएका पुस्तक, पत्रपत्रिका, लेख रचनाका लेखक तथा प्रकाशकहरू, र सबै सहयोगी संस्था तथा व्यक्तिहरूलाई पनि म आभार व्यक्त गर्दछु।

सन्ध्या बज्राचार्य

# पारिभाषिक शब्दाबली

नेवा : नेवार
थनेगु : उठाउने
य:सि : एक किसिमको हाङ्गाविङ्गा नभएको रूखको मुडा जुन विभिन्न जात्रा पर्वहरूमा उठाउने गरिन्छ ।
त्रँलाद्य : इन्द्र महाराज
*त्रँला :* नेपाल सवंतको एघारौं महिना
त्रँलापुन्हि : नेपाल संवतको त्रँला महिनाको पूर्णिमा
त्रँलासिं : य:सिंको लागि छानिएको काठ
यम्वद्य : इन्द्र भगवान
*सिं :* काठ वा मुडा
*य:* मनपरेको
*त्रयत्रिम्स* : बुद्धले भन्नु भएको ३१ भुवन मध्यको एक भुवन
दीप्याखं : इन्द्रजात्रामा नचाइने देवी नाच
हाथुद्य : विभिन्न भैरवका मूर्तिहरूमा जोडिएको घ्याम्पोमा रक्शी राखिने गरिन्छ र पर्वहरुमा सर्वसाधारण लाई प्रसादको रूपमा बादिन्छ ।
सवःद्यः वा सवः भक्कु : इचगुं देखी ल्याइने नाच जुन इन्द्रजात्रा बेला प्रदर्शन गरिन्छ ।
पुलुकिसि : सेतो हात्तीको आकारको झाकीँ जुन इन्द्रजात्रा बेलामा प्रदर्शन गरिन्छ ।
य:सिंगुँ : काठ लिनजाने वन
च्याम्हसिंह : आठ वटा सिंह भक्तपुरको एक ठाँउको नाम
हलिपटा : झण्डा
लाकासिँ : य:सिं उठाउदाँ तेवा दिने काठ
द्य:पा:ला : पुजारी
दुर्भिक्ष : अनिकाल
अनावृष्टि : खडेरी
पाल्हा द्य: संकटा भगवान
धुँ स्वाँ : गुच्चा फूल
द्य: छे : भगवान राख्ने घर
बँ जरिवाना : वनमा तिर्नूपर्ने रकम
यँया : काठमाडौं उपत्यकामा मनाइने एउटा जात्रापर्व जस्लाई इन्द्रजात्रा भनेर चिनिने गरिएको छ ।
पाहाँचह्रे :काठमाडौं उपत्यकामा मनाइने एउटा जात्रापर्व
चिल्लागा : नेपाल संवतको पाचौँ महिना
लुँमह्री अजिमा : भद्रकाली अजिमा
कंग अजिमा : कंकेश्वरी अजिमा
म्ह्रेपि अजिमा : म्ह्रेपिमा रहेको अजिमा
ङेतमरू अजिमा : नरदेवीमा रहेको अजिमा
न्हेकन्तला अजिमा : न्हेकन्तलामा रहेको अजिमा
असंभलु अजिमा : अन्नपूर्ण अजिमा
बछला अजिमा : बछ्लेश्वरी अजिमा
ह्वघं: प्वाल

कोखा : पूजाहरूमा दिइने सेतो र रातो रङ्गको धागो
दुच्याक्यु : भित्र्याउनु
धिम्हे तः गो बाजा : एक किसिमको बाजा
स्वाँ : फूल
नाय्खिं बाजा : एक किसिमको बाजा
म्वःपताः द्यः हलिपटामा कुदिएको देवता
नाय्खिं च्वयेकेगु : ताकेता गर्न कसै बाजा बजाउने
नेखु : सिं : रागाँको सिं
किजा पूजा : भाइटिका
त्वाः गुठी : टोलमा रहेको गुठीहरू
छ्वयला बु : नेवारी परम्पराको एक प्रकारको भोज
मानिः ख : सानो खट
अजिमा ख : अजिमाको खट
तघंगू ख : ठूलो खट
साः मि : तोरी पेल्ने मिल
साय्मि : मानन्धर जाति
न्हयसः : सात सय
दुइँ : पुतुवार जाती
ज्याः पु : महर्जन र डंगोल जाती
स्यस्यः श्रेष्ठ जाती
सनागु गुठीः मृत्यु पछि अन्त्येष्ठी गर्ने गुठी

# शोधसार


त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिकशास्त्र संकाय अन्तर्गत नेपाली इतिहास, संस्कृति तथा पुरातत्व केन्द्रीय विभागबाट स्नातकोत्तर उपाधि प्राप्तिका लागि तयार पारिएको यो शोधपत्रको शीर्षक "काठमाडौंमा प्रचलित *य:सिं* परम्पराको संस्कृतिक अध्ययन" हो । यसमा काठमाडौंका विभिन्न स्थानमा प्रचलित विभिन्न जात्रापर्वहरूसँग जोडिएको *य:सिं* परम्पराको ऐतिहासिक पृष्ठभूमि, *य:सिं* उठाउनुका उद्देश्य तथा यस परम्परासँग सम्बन्धित विभिन्न जाति र गुठी प्रणालीका पक्षहरूको अध्ययन गरिएको छ। जात्रा पर्वहरूमा य:सिं उठाउनुको धार्मिक, सांस्कृतिक महत्वका बारेमा पनि यसमा चर्चा गरिएको छ ।

यो अनुसन्धान विशेषत: य:सिं परम्पराको ऐतिहासिकता के हो ? काठमाडौंका विभिन्न स्थानमा य:सिं उठाउँदा पालना गर्नुपर्ने विधिविधान के हो ? य:सिं परम्पराका लागि के कस्ता गुठी व्यवस्थाहरू गरिएका छन् भन्ने खोजमा केन्द्रित रहेको छ । काठमाडौंमा मनाइने विभिन्न जात्रापर्वहरूका बारेमा थुप्रै पुस्तक लेखिएका छन् भने फुटकर रचनाहरू पनि धेरै नै प्रकाशित छन् । तर ती पर्वहरूसँगै उठाइने य:सिंका बारेमा भने चर्चा गरिएको पाइँदैन । यसबारे छुट्टै अध्ययन आजसम्म भएको छैन । काठमाडौंका जात्रापर्वहरूमा य:सिं उठाइँदा य:सिं उठाउने आफै पनि एक पर्वका रूपमा सम्पन्न गर्ने भएकोले यसको महत्वबारे छुट्टै अध्ययन हुनु आवश्यक महसुस गरी यो शोध गरिएको हो ।

यो शोध अनुसन्धान विश्लेषणात्मक ढंगले तयार गरिएको छ, जसमा अन्तर्वार्ता र अवलोकन विधिहरूको उपयोग गरिएको छ। शोधका क्रममा जात्रासँग सम्बन्धित सरोकारवाला व्यक्ति, सम्बन्धित गुठीका पदाधिकारी, य:सिंबारे जानकार प्रबुद्धवर्ग आदिसँग अन्तर्वार्ता गरिएको छ। द्वितीय स्रोतका रूपमा विभिन्न जात्रापर्वसँग सम्बन्धित पुस्तक, पत्रपत्रिका, ऐतिहासिक दस्तावेज र सामाजिक सञ्जालमा विज्ञहरूद्वारा सम्प्रेषित सामग्रीहरूको अध्ययन गरिएको छ ।

काठमाडौंमा य:सिं उठाउने प्रशंग आउँदा धेरैले इन्द्रजात्रा ताका हनुमानढोका दरवार परिसरमा उठाइने य:सिंलाई मात्रै सम्झेका हुन्छन् । तर काठमाडौंमा यो भन्दा बाहेक अरू पनि धेरै जात्राहरूमा य:सिं उठाउने गरिन्छ। इन्द्रजात्राकै बेला पनि हनुमानढोका बाहेक टेबहाल, भद्रकाली मन्दिर, पशुपति क्षेत्रमा पनि य:सिं उठाउने गरिन्छ। पाहांचःऱ्हे, गहना खोज्ने जात्रा, आदिका बेला पनि य:सिं उठाउने चलन रहेको छ । य:सिंका बारेमा विभिन्न

पुराण, उपनिषद्, आदिमा पनि प्रशस्तै वर्णन गरिएका छन् । ठूला जात्राहरूको एक सहायक पक्ष मात्र भए पनि यःसिं उठाउनका लागि पनि पहिले पहिले विभिन्न व्यवस्था गरिएको पाइन्छ । कतिपय क्षेत्रमा भने आर्थिक स्रोतको अभावका कारण यो पर्व हराउँदै गएको पनि पाइन्छ ।

शोधको निष्कर्षमा के भन्न सकिन्छ भने काठमाडौंमा मनाइने विशेष गरी ठूला जात्राहरूमा यःसिं उठाउने गरेको पाइन्छ । यःसिंले ती जात्राको गरिमा उजागर गर्दछ । यःसिं विशेष गरी ठूला जात्रामा स्वर्ग र अन्तरिक्षमा रहेका देवीदेवताहरूलाई समेत जात्रामा सहभागी हुन आह्वान गर्नका लागि उठाउने गरिन्छ । यो उपत्यकाका नेवार समुदायले मनाउने ठूला जात्रा पर्वको मौलिक सांस्कृतिक कर्म हो । केही ठाउँमा यःसिं उठाउने प्रचलन हराएर पनि गइसकेको छ । जात्राको मौलिकता र काठमाडौंको सांस्कृतिक पहिचान कायम गर्न यःसिं परम्परालाई जीवन्त राख्न आवश्यक छ । यसको लागि संघीय, प्रदेश र स्थानीय सरकार लगायत स्थानीय जनताको चासो रहनु जरूरी छ ।

# विषयसूची

**शीर्षक**

शोधनिर्देशकको सिफारिस पत्र **क**
शोधप्रवन्धको स्वीकृत पत्र **ख**
कृतज्ञता ज्ञापन **ग**
पारिभाषिक शब्दाबली **घ**
शोधसार **च**
विषय सूची **ज**

**अध्याय एक**
**य:सिं परम्पराको परिचय**

१.१ अनुसन्धानको परिचय **१**
१.२ समस्याकथन **३**
१.३ अनुसन्धानको उद्देश्य **३**
१.४ पूर्व साहित्य समीक्षा **४**
१.५ अनुसन्धान विधि **६**
१.६ अनुसन्धानको सीमा **८**
१.७ अनुसन्धानको महत्व **१०**

**अध्याय दुई**
**विभिन्न कालखण्डमा *य:सिं* परम्पराको वर्णन**

२.१ *य:सिं* परम्पराको ऐतिहासिकता **११**
२.२ वैदिककाल **१२**
२.३ महाकाव्यकाल एवं पौराणिक **१४**
२.४ लिच्छविकाल **१९**
२.५ लिच्छवीकालको ध्वजगोष्ठीको चर्चा **२०**
२.६ मध्यकालमा *य:सिं* परम्परा **२१**

## अध्याय तिन

## काठमाडौं उपत्यकामा प्रचलित *यःसिं* परम्परा र विधिविधान


३.१ काठमाडौं उपत्यकाका विभिन्न क्षेत्रमा उठाइने *यःसिं* परम्परा २६

३.१.१ इन्द्रजात्रा र *यःसिं* परम्परा २९

३.१.१.१ वसन्तपुर दरवार क्षेत्रमा मनाइने *यःसिं* परम्परा ३०

३.१.१.२ टेवहालमा प्रचलित *यःसिं* परम्परा ३६

३.१.१.३ पशुपति क्षेत्रमा *यःसिं* परम्परा ३९

३.१.२ पाँहाचह्रे र *यःसिं* परम्परा ४०

३.१.२.१ वघंमाप्रचलित *यःसिं* परम्परा ४२

३.१.२.२ कन्केश्वरीमा प्रचलित *यःसिं* परम्परा ४३

३.१.२.३ भद्रकालीमा प्रचलित *यःसिं* परम्परा ४५

३.१.३ हाँडिगाउमा प्रचलित *यःसिं* परम्परा ४७

३.१.३.१ हाडिगाँउ डबली ४८

३.१.३.२ हाडीगाँउ केलटोल ४९

३.१.४ गुहेश्वरीमा प्रचलित *यःसिं* परम्परा ५२

३.१.५ ज्ञानविनायक मन्दिर ज्ञानेश्वर, मैतिदेवी ५४

३.२ यःसिंको प्रतीकात्मक विविधता र महत्व ५५


## अध्याय चार

## *यःसिं* परम्परा सँग सम्बन्धित जातिहरू तथा गुठी परम्परा


४.१ *यःसिं* परम्परा सँग सम्बन्धित विभिन्न जाति र तिन्को काम कर्तव्य ५८

४.१.१ मानन्धर ५८

४.१.२ पुतुवार ६०

४.१.३ महर्जन र डंगोल ६१

४.१.४ प्रजापति ६३

४.१.५ श्रेष्ठ ६५

४.२ काठमाडौंको *यःसिं* परम्परासगँ सम्बन्धित गुठीहरू ६६

४.३ काठमाडौंको *यःसिं* परम्परासगँ सम्बन्धित निजी गुठी तथा सरकारी गुठी ७०

४.३.१ टेवहालको *यःसिं* उठाउने गुठी ७०

४.३.२ वघंको *य:सिं* उठाउने गुठी **७१**

४.३.३ कंकेश्वरीको *य:सिं* उठाउने गुठी **७२**

४.३.४ भद्रकालीको *य:सिं* उठाउने गुठी **७३**

४.३.५ हाडिगाँउको *य:सिं* उठाउने गुठी **७४**

४.३.६ वसन्तपुरको *य:सिं* उठाउने गुठी **७५**

४.४ गुठी संस्थान र *य:सिं* सँग सम्बन्धित गुठी **७६**

**अध्याय पाँच**

**छलफल तथा निष्कर्ष**

५.१ सारंश **७८**

५.२ निष्कर्ष **८२**

**परिशिष्टहरू**

परिशिष्ट क. अंशुवर्माले गरिदिएको सनद शिलापत्रमा ध्वजगोष्ठीको चर्चा **८४**

परिशिष्ट ख. बृहत्संहितामा इन्द्रध्वजसम्पदध्याय:शीर्षकमा इन्द्रध्वजउत्थानको वर्णन **८६**

परिशिष्ट ग. इन्द्रध्वजोत्सवको लागि साइत हेर्ने चलनको व्याख्या **९६**

परिशिष्ट घ. वि.सं. १८९६ मा इन्द्रध्वजोत्सवको साइत लिने चलनको व्याख्या **९९**

परिशिष्ट ङ .अनुसन्धानको क्रममा सोधिएका खुल्ला प्रश्नहरू : **१००**

**सान्दर्भिक तस्वीर** **१०१-१२०**

**व्यक्तिगत अर्न्तवाता** **१२१**

**सन्दर्भ सामाग्री सूची** **१२२**

# अध्याय एक

# य:सिं परम्पराको परिचय

## १.१ अनुसन्धानको परिचय

*'य:सिं'* एक महत्वपूर्ण मूर्त सम्पदा हो, जसलाई "लिङ्गो"को रूपमा पनि चिनिन्छ । यो विशेष रूपमा विभिन्न धार्मिक र सांस्कृतिक पर्वहरूमा उठाइन्छ । *'य:सिं'* उठाउने परम्परा विशेषत: नेवार समुदायमा गहिरो धार्मिक, सांस्कृतिक, र ऐतिहासिक महत्व बोकेको छ । *'य:सिं'* लाई उठाउँदा विशेष अनुष्ठान, विधि र रीतिहरू पालना गरिन्छ, जसले यसको विशिष्ट पक्षलाई झल्काउँछ ।*'य:सिं'* को संरचना मात्र नभई यसको स्थापना र उठानसँग सम्बन्धित संस्कारहरूले पनि यसलाई विशिष्ट बनाउँछ । यस सम्पदाले न केवल धार्मिक आस्था र पूजापाठको महत्व दिन्छ, यसले सामाजिक एकता, सामुदायिक सहभागिता र सांस्कृतिक पहिचानलाई पनि सुदृढ पार्दछ । *'य:सिं'* लाई उठाउने कार्य विभिन्न जात्रा, पर्वहरू, विशेषत: इन्द्रजात्रा लगायतका ठूला चाडपर्वहरूमा गरिन्छ, जहाँ यसले पर्वको सुरूवातको संकेत गर्छ । यसरी, *'य:सिं'* धार्मिक प्रतीक मात्रै नभई सम्पूर्ण समुदायको सांस्कृतिक धरोहरको एउटा मूर्त रूप हो, जसले पुराना परम्पराहरूलाई जोगाइराख्न महत्वपूर्ण भूमिका खेल्छ ।

नेपाल बहुधार्मिक र बहुसांस्कृतिक रूपमा परिचित देश हो । सामाजिक-सांस्कृतिक विविधताले भरिपूर्ण नेपाली समाजमा विभिन्न चाडपर्वहरू मनाउने परम्परा रहँदै आएको छ । नेपालमा मनाइने विभिन्न जात्रा पर्वहरू मध्ये काठमाडौं उपत्यकामा धेरै पर्वहरू मनाउने गरिएको पाइन्छ । तथापि नेपालको पूर्व मेचीदेखि पश्चिम महाकालीसम्म विभिन्न जाति र समुदायले आ-आफ्नै मौलिक संस्कार संस्कृतिहरू मान्दै आइरहेको हामी पाउँछौँ । नेपालको सांस्कृतिक विविधतालाई प्रतिनिधित्व गर्ने यी जात्रा पर्वहरू मध्ये काठमाडौंमा मनाइने *य:सिं* उठाउने पर्व एक आफ्नै विशिष्ट परम्परा बोकेको मौलिक पर्व हो । यसलाई स्थानीय नेपालभाषामा *'य:सिं थनेगु'* भनिन्छ । विभिन्न प्रमुख चाडपर्वहरू जस्तै इन्द्रजात्रा, पाहाँचह्रे, हाडीगाँउको जात्रा, गुह्येश्वरी जात्राहरूमा सबैभन्दा पहिले सम्पन्न गरिने कार्य ध्वजोत्थान हो । इतिहास र धार्मिक ग्रन्थहरूमा *य:सिं* उठाउने महिमा र विधि बारे धेरै कुराहरू उल्लेख गरिएको पाइन्छ ।

काठमाडौंको य:सिंलाई इन्द्रध्वज र भक्तपुरको य:सिंलाई विश्वध्वज भनिन्छ । उपत्यकामा कुनै पनि ठूलो जात्रापर्व सञ्चालन गर्दा इन्द्रध्वजा(*य:सिं*) उठाएर मात्र जात्रापर्व

आरम्भ गर्ने प्रचलन रहँदै आएको छ। देवराज इन्द्र स्वर्घका राजा भएका कारणले अरू राजाहरूले प्रतीकका रूपमा इन्द्रलाई नै लिने गर्दछन् । यही कारणले राजाहरूले आफ्नो ध्वजा फहराउँदा त्यसमा इन्द्रकै चिन्ह अंकित गरिएको पाइन्छ । कुनै पनि ठूलो जात्रा पर्वमा राजाले आफ्नो उपस्थिति जनाउन र जनताले राजाप्रति सम्मान प्रकट गर्न प्रतिकात्मक रूपमा इन्द्रध्वजोत्थान(*यःसिं*) गरेको पाइन्छ ।

काठमाडौंमा ध्वजोत्थान(*यःसिं*) कहिलेदेखि शुरू भयो, त्यसको यकिन इतिहास फेला पार्न सकिएको छैन । तर वेद, पुराण जस्ता धार्मिक ग्रन्थहरूमा भने ध्वजोत्थान बारे प्रशस्त उल्लेख गरिएका छन् । "'वृहत्संहिता'मा स्वर्घका राजा असुरहरूको आक्रमणको सामना गर्न नसकी ब्रम्हा कहाँ शरण लिन गए, ब्रम्हाले बिष्णुकोमा पठाएको, बिष्णुले ध्वजा दिएको, इन्द्रले त्यही ध्वजा उठाएर युद्ध लड्दा जितेको, पछि इन्द्रले त्यो ध्वजा चेदी देशका नरेश उपरिचरलाई दिएको र उपरिचरले इन्द्रध्वज उठाई जात्रा चलाउन थालेको भन्ने कथा लेखिएको छ" ( कोइराला,वि.सं. २०४२,पृ.३२) ।

ध्वजोत्थान गर्ने विधि बारे कालिका पुराणको ४८ औं अध्याय र देवी पुराणको २१ औं अध्यायमा विस्तारपूर्वक वर्णन गरिएको छ । "ध्वजलाई इन्द्रको प्रतीकका रूपमा पुराणहरूमा मानिएको पाइन्छ । इन्द्रदेव अन्तरिक्षभन्दा पनि माथि दि्वमा रहने देवता हुनाले ध्वजालाई पनि सम्भव भएसम्म माथि पुर्‍याउनुपर्ने विचार उत्पन्न भएर इन्द्रध्वजा टाँगिने लिङ्गो (*यःसिं*) भरसक अग्लो बनाइन्थ्यो" (शाक्य र मानन्धर, वि.सं. २०७७, पृ.७६) ।

लेखक गौतमवज्र वज्राचार्यका अनुसार, इन्द्रध्वज उठाएर उत्सव गर्ने परम्परा निकै समयदेखि चलेर आएको देखिन्छ । महाभारत, विष्णु धर्मोत्तर पुराण, वृहत्संहिता आदि प्राचीन ग्रन्थमा यसको वर्णन पाइन्छ। कालिदासको रघुवंश र अश्वघोषको सौन्दरानन्दमा पनि प्रशंगवश इन्द्रध्वजको चर्चा गरिएको छ। त्यसबेला भारतवर्षमा इन्द्रध्वजोत्थान गर्ने चलन चलेको देखिन्छ। तर विभिन्न कारणले गर्दा भारतमा यो महोत्सव घट्दै गयो र हाल यो परम्परा लोप नै भइसकेको छ (शाक्य र मानन्धर, वि.सं. २०७७, पृ.७७)। नेपालमा लिच्छविकालमा ध्वज गोष्ठीको उल्लेखको आधारमा लिच्छविकालमा यो परम्परा प्रचलित देखिन्छ र त्यस्तै गोपालराज वंशावलीमा पनि यःसिको उल्लेख भएको आधारमा यस ध्वजस्थान परम्परा प्रचलित रहदै आएको देखिन्छ ।

काठमाडौंको सन्दर्भमा भने आजभोलि हनुमानढोकाको प्रांगणमा इन्द्रजात्रा पर्वमा काकेश्वरको मन्दिरनिर लिंगो (यःसिं) गाडिन्छ । यो चलन श्री ५ प्रतापसिंह शाहको पालादेखि

मात्र चलेर आएको देखिन्छ । इन्द्रध्वज अर्थात *यःसिं* विसर्जन गर्दा शाह राजाका राजपुरोहित आफै उपस्थित हुने र लिङ्गोलाई सेलाउनु अघि त्यसमा चामल, टिका र फूल चढाई पूजा गर्ने चलन समेत रहेको कुरा अनुसन्धाता जेराँ तोफाँले लेख्नुभएको छ (शाक्य र मानन्धर, वि.सं. २०७७, पृ.७७) । काठमाडौंको अट्को नारायण, कंग अजिमा, तेवहाल, हनुमान ढोका, गुह्येश्वरी, हाँडीगाउँमा पनि हरेक वर्ष विभिन्न पर्वमा *यःसिं* उठाउने परम्परा वर्तमान अवस्थासम्म पनि चलिआएको पाइन्छ ।

तसर्थ ती *यःसिं* परम्पराको साङ्गोपाङ्गो संस्कृतिको अध्ययन-अनुसन्धान गर्न "काठमाडौको *यःसिं* परम्परको सास्कृतिक अध्ययन" शीर्षक राखि यस शोधकार्य अगाडि बढाइएको छ ।

## १.२ समस्याकथन

काठमाडौंमा *यःसिं* परम्परा धेरै अघिदेखि चल्दै आएको देखिन्छ । काठमाडौंको भित्रीशहर तथा लिच्छविकालिन शहर हांडीगाउँ लगायत विभिन्न ठाउँहरूमा *यःसिं* अर्थात् इन्द्रध्वजोत्थान पर्व अहिलेसम्म पनि मान्दै आएको पाइन्छ । काठमाडौंको हनुमानढोका परिसर, अट्कोनारायण मन्दिर अगाडी, कंग अजिमा अगाडि, नरदेवी मन्दिर परिसर, भिमसेनस्थान, टेवहाल, हांडिगाउँ, गुह्येश्वरी मन्दिर परिसर लगायतका क्षेत्रहरूमा विशेष गरी वर्तमान अवस्थासम्म पनि *यःसिं* उठाएर विभिन्न जात्रापर्व मनाएको पाइन्छ । *यःसिं* परम्परा सगँ सम्बन्धित केही लेखहरू पाइएतापनि यस सम्बन्धमा यसको ऐतिहासिक पक्ष, *यःसिं* उठाउनुको कारण र यस सँग सम्बन्धित विविध जाति र परम्पराको अध्ययन नभएको हेर्दा निम्न लिखित पक्ष समस्याको रूपमा देखिएका छन् :

क) *यःसिं* परम्पराको ऐतिहासिकता के हो ?

ख) काठमाडौं विभिन्न स्थानमा *यःसिं* उठाउदाको विधिविधान कस्तो छ ?

ग) *यःसिं* परम्परासँग सम्बन्धित विविध जाती र गुठी परम्परा के कस्तो छ ?

## १.३ अनुसन्धानको उद्देश्य

नेपाल मण्डलको काठमाडौंको भित्री शहरमा रहेका यःसिं परम्परा केही हदसम्म यहाँका स्थानीय आदिवासीहरू निरन्तरता दिंदै आइरहेको पाइन्छ । यहाँ रहेको यःसिं परम्पराहरूका सम्बन्धमा अध्ययन अनुसन्धानका लागि निम्न लिखित सामान्य र विशेष उद्देश्यहरू रहने छ ।

नेपाल मण्डल भित्र रहेका शहरहरू मध्ये एक प्रमुख शहर काठमाडौंमा धेरै पहिले देखि विद्यमान रहेको यःसिं उठाउने संस्कृतिको विविध पक्षको अध्ययन गर्नु यस शोध कार्यको सामान्य उद्देश्य रहेको छ, भने यस शोधको मूल उद्देश्यहरू निम्न रहेका छन् ।

क) यःसि परम्पराको ऐतिहासिकताको खोजी गर्ने ।

ख) काठमाडौंको विभिन्न स्थानमा *यःसिं*को विधिविधानहरूको खोजी र विश्लेषण गर्ने ।

ग) *यःसिं* परम्परा सँग सम्बन्धित विविध गुठी व्यवस्था र गुठीयारहरूको भुमिकाको खोजी गर्ने ।

## १.४ पूर्व साहित्य समीक्षा

पूर्व साहित्य समीक्षा अन्तरगत यस शोधको विषयसँग सम्वन्धित केही पुस्तक तथा लेखकहरूको निम्न अनुसार क्रमिक रूपमा समीक्षा गरिएको छ ।

गौतमवज्र वज्राचार्य द्वारा लिखित हनूमानढोका राजदरवार वि.सं.२०३३ मा प्रकाशित पुस्तकमा चार अध्यायमा विभक्त गरीएको छ । यस पुस्तकमा हनूमान राजदरवारको ऐतिहासिकता, त्यहाँका कलाकृति, र संस्कृतिको वर्णन गरेका छन् । जस्मा तेस्रो अध्यायमा इन्द्रध्वजोत्सवको चर्चा परेको छ । हनूमानढोका राजदरवार क्षेत्रमा इन्द्रध्वज उठाएर उत्सव गर्ने र विधिहरूको चर्चा गरीएको छ ।

धनवज्र बज्राचार्य र कमल प्र. मल्ल द्वारा लिखित गोपालराज वंशावली पुस्तक वि.सं.२०४२ (१९८५) मा प्रकाशित भएको हो । गोपालराजवंशावली नेपालबाट प्राप्त भएको एक ऐतिहासिक ग्रन्थ हो, जुन संस्कृत भाषामा लेखिएको छ । यो नेपालमा पाएको सबैभन्दा पुरानो वंशावलीमध्ये एक हो र मुख्य रूपमा लिच्छवि काल र त्यसपछि रहेका राजवंशहरूको इतिहासको महत्वपूर्ण स्रोत हो । गोपालराजवंशावलको मूलपाठको २७ पत्रमा एन्देयात ( इन्द्रजात्रा) सम्बन्धी अभिलेख उल्लेख गरिएको छ, जस्मा वैशाख महिनामा युवराज्ञिनी श्रीविरमदेवीले इन्द्रकुट बनाइन् । तिनका छोरा श्रीजयशक्तिदेवले इन्द्रकूटध्वजको आरोहण गरे । त्यहीँ धारा बनाए भन्ने वर्णन परेको छ ।

सिल्भाँ लेभी द्वारा लिखित नेपाल (दोस्रो खण्ड) नामक पुस्तक वि.सं. २०६८ (२०११) मा प्रकाशित भएको हो । यस पुस्तकमा नेपालको इतिहासको, नेपालको धर्म, पूजा पद्धति, आदिको व्याख्या गरेका छन्, जस्मा इन्दजात्राको प्रसंगमा काठमाडौंमा ध्वजापताकाले सिँगारेर

एउटा ठूलो यःसिं (लिङ्गो) गाडिने, बढाँइ गर्ने र गोरखाले काठमाडौं विजय गरेको घटनाको चर्चा परेको छ ।

साफल्य अमात्य द्वारा लिखित आर्कियोलोजि एण्ड कल्चरल हेरिटेज् अफ काठमाडौं भ्याली नामक पुस्तक वि.सं. २०६८ (सेप्टेम्बर, २०११) मा प्रकाशित भएको हो ।। यस पुस्तकमा काठमाडौं उपत्यकाको पुरातत्विक कृयाकलाप, विभिन्न जात्रा पर्वहरू, नेपाली समाजको गुठी व्यवस्था आदिको व्याख्या गरेका छन्, जस्मा इन्दजात्राः काठमाडौं सहरको प्रमुख चाड र भक्तपुर, थिमी र बोडे बिस्का जात्रा शीर्षकको प्रसंगमा यःसिं (लिङ्गो) गाडिने र बिस्का जात्रा संचालनको विषयमा लेखिएको छ भने इन्द्रजात्रामा यःसिं सँगै इन्द्रध्वजा वा इन्द्रको झण्डा हनुमानढोका अगाडी उठाउने गरिन्छ भन्ने कुरा उल्लेख गरेका छन् ।

अमन श्रेष्ठ र सन्तनुप्रताप राणा द्वारा लिखित नेपालका चाडपर्व तथा राष्ट्रिय दिवसहरू नामक पुस्तक वि.सं. २०७५ मा प्रकाशित भएको हो । यस पुस्तकमा नेपालका विभिन्न चाडपर्वहरू, एकादशी महात्म्य र पर्वहरू, सात बारको व्रत र प्रचलित कथाहरू र राष्ट्रिय दिवसहरूको व्याख्या गरेका छन्, जस्मा इन्दजात्रा र कुमारीजात्रा शिर्षकमा इन्द्रध्वजोत्थानको चर्चा परेको छ । विभिन्न पुराणहरूमा इन्द्रध्वजोत्थानम्को महिमा र रहस्यको वर्णन गरेका छन् भने काठमाडौंमा मनाइने इन्द्रजात्राको अवसरमा इन्द्रध्वज उभ्याउने चलनको वर्णन गरेको छ ।

तेजप्रकाश श्रेष्ठ द्वारा लिखित नेपालमा जात्रा नामक पुस्तक वि.सं. २०७६ मा प्रकाशित भएको हो । यस पुस्तकमा नेपालका विभिन्न सूर्यमासमा आधारित र चन्द्रामासमा आधारित नेपाल मण्डलका जात्राहरूको व्याख्या गरेका छन्, जस्मा इन्दजात्रा काठमाडौं शिर्षकमा यःसिं (लिङ्गो)को चर्चा परेको छ । जात्राको लागि चाहिने यःसिं नालाको वनबाट विधिपूर्वक ल्याइने वर्णन गरेको छ ।

अजय क्रान्ति शाक्य र सुरेश मानन्धर द्वारा लिखित इन्द्रजात्रा नामक पुस्तक वि.सं. २०७७ मा प्रकाशित भएको हो । यस पुस्तकमा इन्द्रजात्रा र इन्द्रजात्रा बेलामा मनाइने अरू सम्पूर्ण पर्व, नाचहरू, आदिको अनुसन्धानात्मक विवरण दिइएको छ । यस पुस्तकको अध्याय तीनमा इन्द्रजात्राका सांस्कृतिक पर्वहरू मूल शीर्षकमा यःसिं थने र विभिन्न यःसिःहरूको व्याख्या गरेका छन्, जस्मा इन्द्रध्वजोत्थानको चर्चा सँग सँगै यःसिं उठाँउदा देखी ढाल्दा सम्मको विधिविधानहरू व्याख्या गरेको छ ।


यस शोधको मुख्य विषय यःसिं परम्परा हो, जसमा यस परम्पराको ऐतिहासिक, सांस्कृतिक, तथा धार्मिक पक्षहरूको विस्तृत अध्ययन गर्न खोजिएको छ । यद्यपि, यो महत्वपूर्ण परम्परामा केन्द्रित भएर विस्तृत अनुसन्धान वा लेखनको कमी देखिन्छ । उपलब्ध साहित्यमा विभिन्न लेखकहरूले यःसिं सम्बन्धमा केही सामान्य उल्लेख गरेका छन्, तर ती उल्लेख प्रायः अन्य पर्व वा ध्वजास्थानसँग जोडिएका सन्दर्भहरूमा मात्र सीमित छन् । यसरी विविध पुस्तक र लेखहरूमा विभिन्न जात्रा, ध्वजास्थान, इन्द्रध्वज, र यःसिंको सामान्य चर्चा पाइन्छ, तर ती सामग्रीहरूमा यःसिं परम्पराको सम्पूर्ण पक्षलाई गहिराइपूर्वक विश्लेषण गरिएको छैन ।

विशेष रूपमा, यःसिं परम्पराको ऐतिहासिकता, यसलाई उठाउनुको सांस्कृतिक र धार्मिक कारण, र यस परम्परासँग जोडिएका जातीय तथा सामाजिक संरचना, जस्तै गुठी प्रणाली, अझैसम्म गहिरो अध्ययनको पर्खाइमा छन् । यःसिं उठाउने परम्परासँग सम्बन्धित विभिन्न जातिहरूको भूमिका, उनीहरूको सांस्कृतिक योगदान र यस परम्पराको संरक्षण तथा निरन्तरतामा गुठीहरूको महत्वपूर्ण स्थानलाई अझ बढी स्पष्ट पार्न जरूरी छ ।

सारांशमा, हालसम्मको अध्ययनले यःसिं परम्पराको सांस्कृतिक महत्व र यसले स्थानीय समुदायको पहिचान तथा सामाजिक संरचनामा पार्ने प्रभावको विस्तृत विश्लेषण नगरेकाले यस शोधले उक्त अभावलाई पूर्ति गर्ने उद्देश्य राखेको छ । यस अनुसन्धानले यःसिं परम्पराको ऐतिहासिक विकास, यसलाई ध्वजा र लिङ्गोको रूपमा उठाउदाको विधिविधान, र परम्परासँग सम्बन्धित सामाजिक संरचनाहरूको गहिरो विश्लेषण प्रदान गर्ने लक्ष्य राखेको छ ।

## १.५ अनुसन्धानको विधि

यो अनुसन्धान गुणात्मक रही विश्लेषणात्मक अनुसन्धान हुने हुनाले यो अनुसन्धानका लागि मुख्यतया निम्न तरीकाबाट सामग्रीहरू संकलन गरिएको छ :




चित्र १ : कार्य विधि ढाँचा

यो अनुसन्धान विशुद्ध रूपमा संस्कृतिका मूर्त र अमूर्त पक्षहरूलाई समेट्ने भएकाले मात्रात्मक अनुसन्धानका लागि उपयुक्त थिएन। त्यसकारण, यो अध्ययन गुणात्मक अनुसन्धानको रूपमा सम्पन्न गरिएको हो। गुणात्मक अनुसन्धानमा तथ्यहरूको मात्रात्मक विश्लेषण आवश्यक नपर्ने हुँदा प्रश्नावली भर्ने वा सांख्यिकीय डेटा संकलनको सट्टा यस अध्ययनमा प्राथमिक र द्वितीय स्रोतहरूको प्रयोग गरिएको छ।

**क) प्राथमिक स्रोत :**

१) **अवलोकन:** यस अनुसन्धानका लागि सम्बन्धित चाडपर्व र अनुष्ठानहरूमा स्थलगत अवलोकन गरिएको छ। यस क्रममा सम्बन्धित स्थानहरूमा गई प्रत्यक्ष रूपमा परम्परागत क्रियाकलापहरू अवलोकन गर्दै तथ्यहरू संकलन गरेका छन्। यसले अध्ययनलाई थप व्यावहारिक र यथार्थपरक बनाएको छ।

२) **अन्तर्वार्ता:** यस शोधपत्रको सन्दर्भमा गहिरो जानकारी प्राप्त गर्नका लागि सम्बन्धित व्यक्तिहरूसँग अन्तर्वार्ता लिइएको छ। विशेष रूपमा, गुठीका सदस्यहरू, परम्परासँग प्रत्यक्ष रूपमा जोडिएका व्यक्तिहरू, र ६० वर्षभन्दा माथिका ज्येष्ठ नागरिकहरूलाई छनोट गरिएको छ। यी व्यक्तिहरूसँग परम्परागत ज्ञान, अनुभव, र उनीहरूको विचारहरू संकलन गरी विश्लेषण गरिएको छ।

**३) अप्रकाशित पुरालेखन सामाग्रीः** अनुसन्धानलाई थप गहन बनाउनका लागि अप्रकाशित पुरालेखन सामाग्रीहरू संकलन गरिएको छ। यी कृतिहरूले परम्पराको ऐतिहासिकता र तथ्यसंगतता उजागर गर्न मद्दत गरेको छ। प्रकाशित सामग्रीसँगै अप्रकाशित सामाग्रीले शोधलाई थप गहिरो र विस्तृत तुल्याएको छ।

**४) फोटोग्राफीः** अनुसन्धानको विषयसँग सम्बन्धित विभिन्न सांस्कृतिक गतिविधिहरूको फोटोग्राफी गरि दृश्य विश्लेषण गरिएको छ। यो विधिले दृश्य प्रमाणको रूपमा अध्ययनलाई थप सजीव र प्रमाणित बनाएको छ।

**ख) द्वितीय स्रोत :**

यस अध्ययनमा विभिन्न पूर्ववर्ती विद्वानहरूद्वारा लेखिएका सैद्धान्तिक र व्यवहारिक लेख तथा अनुसन्धानहरू अध्ययन गरिएको छ। यःसिं परम्पराको ऐतिहासिकता र वर्तमान अवस्थाको विश्लेषण गर्न पुस्तक, पत्रपत्रिका, र ऐतिहासिक दस्तावेजहरूको अध्ययन गरिएको छ। साथै, डिजिटल युगको फाइदा उठाउँदै सामाजिक संजालका सामाग्रीहरू पनि अध्ययनमा समावेश गरिएको छ, जसले परम्पराको समकालीन दृष्टिकोण दिनमा मद्दत पुर्याएको छ।

**ग) तथ्यहरूको सम्पादन र विश्लेषणः**

प्राथमिक र द्वितीय स्रोतहरूबाट प्राप्त तथ्यहरूको सम्पादन तथा वर्घीकरण गरिएको छ। त्यसपछि तिनलाई वर्घणात्मक शैलीमा विश्लेषण गरी यस अध्ययनको निष्कर्ष निकालिएको छ। यो निष्कर्षलाई ए.पी.ए ढाँचाको ७ औं संस्करण र विभागको निर्देशनअनुसार प्रतिवेदनको रूपमा लेखिएको छ। यस प्रक्रियाले अनुसन्धानलाई व्यवस्थित, तथ्यपरक र विधिपूर्वक सम्पन्न गर्न मद्दत गरेको छ, जसले अध्ययनको विश्वसनीयता र यथार्थतालाई थप सुदृढ बनाएको छ।

## १.६ अनुसन्धानको सीमा

**भौगोलिक सीमा :**

काठमाडौंलाई जात्रा र पर्वहरूको शहरको रूपमा चिनिन्छ, जहाँ विभिन्न जात्रा र पर्वहरू परम्परागत रूपमा धूमधामले मनाइन्छन्। यी अनेकौं जात्रा तथा पर्वहरू मध्ये, यःसिं उठाउने पर्व विशेष महत्वको छ। वैदिक कालदेखि निरन्तर रूपमा चल्दै आएको मानिने यो

परम्परा वर्तमान समयसम्म आइपुग्दा धेरै परिमार्जन भइसकेको अनुमान लगाउन सकिन्छ । परम्परागत रूपमा नेपालका नेवार समुदायले बसोबास गर्ने मुख्य स्थानहरूमा य:सिं उठाउने चलन रहेको पाइन्छ ।

तर, य:सिं लाई समग्र नेपालभरिका नेवार समुदायका वसोवास स्थानहरूमा अध्ययन गर्न समय, आर्थिक स्रोतको अभाव तथा अन्य व्यावहारिक कठिनाइहरूका कारण चुनौतीपूर्ण र असम्भव हुन सक्छ । यी विविध कठिनाइहरूले गर्दा यो अनुसन्धानलाई व्यापक रूपमा फैलाउन सकिएन । त्यसैले, यस अध्ययनलाई काठमाडौं महानगरपालिकाभित्रका विशेष वडा क्षेत्रमा मात्र केन्द्रित गरिएको छ ।

यो अनुसन्धान विशेषगरी काठमाडौं महानगरपालिका अन्तर्गत वडा नं. ११, १९, २२, २४, अर्थात् काठमाडौंको भित्री सहरमा केन्द्रित छ । यससँगै, काठमाडौंको पुरानो बस्तीहरूमध्ये हाडीगाउँ (वडा नं. ५), ज्ञानेश्वर (वडा नं. ३०), र पशुपति क्षेत्र (वडा नं. ८)लाई पनि केही हदसम्म समेटिएको छ । यी क्षेत्रहरूमा य:सिं परम्परा र यसको रूपान्तरणलाई अध्ययन गर्न विशेष ध्यान दिइएको छ ।

यसरी सीमित स्थानमा केन्द्रित भएर गरिएको अध्ययनले य:सिंको ऐतिहासिक महत्व, रूपान्तरण, र समकालीन अवस्थालाई बुझ्न मद्दत पुऱ्याएको छ । साथै, स्थानीय स्तरमा भएको परम्परागत संस्कार र यसको संरक्षणका चुनौतीहरूलाई समेत उजागर गर्न यो अध्ययन महत्वपूर्ण हुनेछ ।

**विषयगत सीमा :**

**यस** शोधकार्यमा केही महत्वपूर्ण पक्षहरूलाई समेट्न सकिएको छैन । गुठीयारहरूको आर्थिक स्थिति, उनीहरूको व्यक्तिगत आय, र गुठीको समग्र आम्दानीको विश्लेषण गरिएको छैन । साथै, गुठीयारहरू धनी वा गरिब थिए भन्ने विवरण तथा उनीहरूको शैक्षिक स्थितिको अध्ययन पनि यस अनुसन्धानको दायरामा पर्दैन ।

भूगोलको सन्दर्भमा, अनुसन्धानको दायरा काठमाडौं महानगरपालिकाका वडा नं. ५, ८, ११, १९, २२, २४, र ३० सम्म मात्र सीमित छ। उपत्यकाका अन्य जिल्लाहरू तथा वडाहरू यस अध्ययनमा समावेश गरिएका छैनन् ।

यस अनुसन्धानमा मुख्य रूपमा य:सिंको ऐतिहासिकता, यसलाई उठाउँदाको विधिविधान, य:सिंको सांस्कृतिक पक्ष, र यससँग सम्बन्धित जाति तथा तिनको गुठी व्यवस्थामा

केन्द्रित गरिएको छ । विशेष गरी, इन्द्रध्वज स्थापन परम्परा र यसलाई काठमाडौंमा य:सिं पर्वका रूपमा कसरी लिइन्छ भन्ने विषयमा गहिरो अध्ययन गरिएको छ। राजाका सम्मानार्थ हुने इन्द्रध्वज स्थापनको ऐतिहासिक पक्षलाई विशेष ध्यान दिँदै, अनुसन्धानको सीमा य:सिं पर्वसँग मात्र सीमित गरिएको छ ।

**१.७ अनुसन्धानको महत्व**

काठमाडौं उपत्यकामा रहेको विभिन्न चाडपर्वहरूको सामाजिक, साँस्कृतिक तथा धार्मिक दृष्टिले विशिष्ट रहेको छ । यहाँको सामाजिक आर्थिक एवं विविध पक्षमा यी जात्रापर्वहरूको हजारौं बर्ष अघिदेखि नै महतवपूर्ण भूमिका रहँदै आएको पाइन्छ । विशेष गरी यहाँका संस्कृति निर्माणका सम्बन्धमा होस् या कलाकृति एवं आर्थिक क्षेत्रमा होस् यी जात्रापर्वहरू मनाउन यहाँका स्थानीय समुदायको अग्रणी भूमिका रहँदै आएको छ । यसर्थ यहाँका स्थनीय आदिवासीहरूको सांस्कृतिक पक्षलाई जनमानसमा उजागर गर्नु आफैमा पनि एक महत्वपूर्ण कार्य हो । यसमा पनि स्थानीय समुदायको बेग्लै विशिष्ट संस्कृतिका रूपमा रहेको *य:सिं* उठाउने परम्परा विस्तारै परिमार्जित हुँदै जान थालेको र भविष्यमा यो परम्परा लोप हुन सक्ने समेत भएर उक्त संस्कृतिलाई जनमानसमा प्रष्ट्याउनु एक सामाजिक एवं गरिमामय कार्य हुन्छ भन्ने ठानेर नै यस विषयमा अध्ययन-अनुसन्धान गरिएको छ ।

साथै यस अनुसन्धानबाट नयाँ पुस्ताले *य:सिं* परम्पराको इतिहास तथा संस्कृतिको विषयमा विस्तृत रूपमा जानकारी पाउन सकिन्छ । यसैगरी वर्तमान समयमा *य:सिं* परम्परामा देखिएका विकृतिहरूलाई समेत विश्लेषण गरी ती विकृतिहरू हटाउन र संस्कृतिलाई वास्तविक रूपमा समय सापेक्ष हुने गरी मनाउन र नयाँ पुस्ताहरूले यस पर्वलाई सही ढंगमा अपनाउन सकोस् भनेर नै यस सम्बन्धमा अनुसन्धान गरिने भएकोले यो अनुसन्धान औचित्यपूर्ण रहेको छ ।

यस अध्ययनले य:सिको ऐतिहासिकता उजागर गर्दछ जस्तै *य:सिं* उठाउने परम्परा किन रहदै आएको हो भन्ने कुराको विश्लेषण गर्दछ र यस सँग वर्तमान समयमा कुन कुन जाति संलग्न रहेकाछनु र के कस्ता गुठी व्यवस्था रहिआएका छन् भन्ने कुरा लाई उजागर गरेको हेर्दा यो अध्ययन महत्वपूर्ण छ ।

# अध्याय दुई

# विभिन्न कालखण्डमा *य:सिं* परम्पराको वर्णन

## २.१ *य:सिं* परम्पराको ऐतिहासिकता

नेवा: संस्कृतिमा इन्द्र लाई यँलाद्य: वा यम्वद्य: भनी प्रसिद्ध छन् भने भाद्र महिना पनि उनैकै नामले यँला भनी चलिआएको छ । भाद्र महिनामा मनाइने जात्रा हुँदा सो महिनाको नाम नै यँला रहन गएको र त्यसैगरी इन्द्रजात्रा लाई यँलापुन्हि भनी नेवा: धार्मिक सांस्कृतिक संसारमा लोकप्रिय रहिआएको विदित हुन्छ । इन्द्रजात्रामा इन्द्रस्तम्भ खडा गरी ध्वजोत्थान गर्ने चलन छ । त्यसैगरी विस्का: जात्रामा खडा गरिने विश्वध्वजस्तम्भ पनि उहि हो । अथवा भनौं इन्द्रध्वजस्तम्भ होस् वा विश्वध्वजस्तम्भ, दुवै साझा अर्थमा इन्द्रस्तम्भ नै हुन् जसलाई नेपालभाषामा यँलासिं वा *य:सिं* भनिन्छ (श्रेष्ठ,वि.सं.२०८०,पृ.११९) ।

यज्ञमान पति बज्राचार्य भन्नुहुन्छ "य:सिं भनेको 'मन परेको काठ' हो । नेपाल भाषामा 'य:' को अर्थ 'मनपरेको' र 'सिं' को अर्थ 'काठ' हुन्छ । विभिन्न स्थानमा य:सिं उठाउँदा गुठीयारहरूले सुरूमा आफूलाई मनपरेको रूख छान्ने प्रचलन हुन्छ । उनीहरूले लामो, सिधा, हाँगाविना रूख छान्छन्, जसलाई नै 'य:सिं' भनिन्छ । यसैले 'मन परेको रूख' वा 'काठ' लाई नै य:सिं भनिएको हो । तर अहिले आएर य:सिंलाई 'लिङ्गो' भनेर चिनाउने गरिएको छ, जुन यसको मौलिक अर्थसँग मेल खाँदैन ।" (यज्ञमान पति बज्राचाय,व्यक्तिगत अर्न्तवार्ता,१६ चैत्र २०८० वि.सं.) ।

यज्ञमान पति बज्राचार्य भन्नुहुन्छ "य:सिं उठाउनुको मुख्य कारण नेपालमण्डलका जनताका लागि समय र दिनको जानकारी दिनु थियो । त्यो समयका अधिकांश प्रजा कृषिमा आधारित थिए र शिक्षित पनि थिएनन् । उनीहरूलाई विशेष तिथि-मिति र पर्वको जानकारी हुने कुनै साधन थिएन, न अहिलेको जस्तो मोबाइल फोन थियो, जसले सूचना सजिलै प्राप्त गर्न सकिन्थ्यो । यसै कारणले, कुनै जात्रा वा पर्वको आगमन संकेत गर्न य:सिं ठड्याउने परम्परा बसेको हो" (यज्ञमान पति बज्राचाय,व्यक्तिगत अर्न्तवार्ता,१६ चैत्र २०८० वि.सं.) ।

"य:सिं नै किन ठड्याउने गरिन्थ्यो भन्ने सवालमा, त्यो समयमा अहिले जस्तो अग्ला भवनहरू थिएनन् । राजाको दरबारबाहेक प्रजाका घरहरू साना साना हुन्थे । त्यसैले, य:सिं करिब ३२ हात लामो छानेर ठड्याइन्थ्यो, जसले गर्दा कुनै पनि स्थानबाट सजिलै देख्न

सकियोस् । यसले सबैलाई जात्रा वा पर्व आउन लागेको संकेत दिन्थ्यो, र जनतालाई समयमै जानकारी प्राप्त हुन्थ्यो" (यज्ञमान पति बज्राचाय,व्यक्तिगत अर्न्तवार्ता,१६चैत्र २०८० वि.सं.) ।

काठमाडौंको यःसिंलाई इन्द्रध्वज र भक्तपुरको यःसिंलाई विश्वध्वज भनिन्छ । उपत्यकामा कुनै पनि ठूलो जात्रापर्व सञ्चालन गर्दा इन्द्रध्वजा(यःसिं) उठाएर मात्र जात्रापर्व आरम्भ गर्ने प्रचलन रहँदै आएको छ । देवराज इन्द्र स्वर्घका राजा भएका कारणले अरू राजाहरूले प्रतीकका रूपमा इन्द्रलाई नै लिने गर्दछन् । यही कारणले राजाहरूले आफ्नो ध्वजा फहराउँदा त्यसमा इन्द्रकै चिन्ह अंकित गरिएको पाइन्छ । कुनै पनि ठूलो जात्रा पर्वमा राजाले आफ्नो उपस्थिति जनाउन र जनताले राजाप्रति सम्मान प्रकट गर्न प्रतिकात्मक रूपमा ध्वजोत्थान(यःसिं) गरेको पाइन्छ ।

नेपालको इतिहासमा *यःसिं* उठाउने पर्व एक महत्वपूर्ण धार्मिक-सांस्कृतिक परम्परा हो । नेपालमा *यःसिं* उठाउने परम्परा कसले र कहिलदेखि प्रारम्भ गरियो भन्ने निश्चित तिथिमिति ठम्याउन नसकिए पनि नेपालको प्राचीन शिलापत्र लिच्छविकालमा ध्वजगोष्ठीको उल्लेख भएको तथा विभिन्न ऐतिहासिक सामग्रीहरूमा यःसिंका बारे स्पष्टरूपमा उल्लेख भएकोले यो नेपालको लिच्छविकाल देखि नै ध्वजत्थान गरी पर्व मनाउने परम्पराको संकेत गर्दछ ।

वैदिककाल देखिनै विजयउत्सव मनाउँदा ध्वजोत्थान गर्ने परम्परा रहेको पाइन्छ । त्यसैले ध्वाजोत्थान गर्ने परम्पराका बारेमा प्राचीन हिन्दू धार्मिक ग्रन्थ वेदमा पनि वर्णन गरिएको पाइन्छ । त्यसपछि पौराणिककालका विभिन्न धार्मिक ग्रन्थहरूमा पनि बयान गरिएको पाइन्छ । त्यस्तै इतिहासको विभिन्न कालखण्डमा पनि ध्वाजोत्थान पर्वसँग सम्बन्धित विभिन्न कार्यबारे उल्लेख भएको देखिन्छ । यस अध्यायमा पूर्व वैदिककालदेखि वर्तमानकालसम्म ध्वाजोत्थानका विभिन्न अवस्था बारे चर्चा गरिएको छ ।

## २.२ वैदिककाल :

वेदमा उल्लेख भएका ३३ कोटी देवताहरूमा इन्द्रको स्थान विशेष रूपमा उच्च छ । इन्द्रलाई अन्तरिक्षका देवता, वर्षा र उर्वरताको देवता, युद्धका देवता तथा पूर्व दिशाका दिक्पालको रूपमा मानिन्छ (पौड्याल, १९९८, पृ.७७) । वैदिक कालमा कृषिमा आधारित समाजका लागि इन्द्रको पूजा अत्यन्त महत्वपूर्ण थियो, किनभने उनीलाई प्राकृतिक शक्ति र वर्षाका देवता मानिन्थ्यो । काठमाडौं उपत्यकामा इन्द्रको सम्मानमा यःसिं ठड्याउने परम्परा

पनि वैदिककालीन इन्द्र पूजाको निरन्तरता हो, जहाँ इन्द्रलाई वर्षा र उर्वरता दिने प्रमुख देवता मानिएको छ ।

वेदहरूमा इन्द्रका १४ वटा नामहरू पनि उल्लेख गरिएका छन्, जसले उनको बहुआयामिक शक्तिलाई दर्शाउँछ । विशेषगरी, इन्द्र र वृत्रासुरको युद्धको कथा वेदहरूमा बारम्बार आउँछ । यो कथा, जहाँ इन्द्रले वज्रको सहायताले नदीको प्रवाह खोलिदिएका थिए, प्राकृतिक शक्तिहरूको नियन्त्रणको प्रतीक हो (पौड्याल, १९९८, पृ.७२) । काठमाडौंको इन्द्रजात्रामा यःसिं ठड्याउने परम्परालाई पनि यो कथासँग जोड्न सकिन्छ, जहाँ इन्द्रलाई वर्षाको देवता मानेर उनको सम्मानमा यःसिं उठाइन्छ ।

हिन्दू धर्ममा इन्द्रको वज्र शक्तिशाली हतियारको रूपमा चिनिन्छ । यो वज्रको प्रतीक बौद्ध धर्ममा पनि महत्वपूर्ण मानिन्छ, जहाँ वज्रलाई ज्ञान र शक्तिको प्रतीकका रूपमा लिइन्छ । हिन्दू र बौद्ध धर्मावलम्बीहरूले इन्द्रको वज्रलाई शक्ति र सुरक्षाको प्रतीकका रूपमा ग्रहण गरेका छन्, र यःसिं ठड्याउनु भनेको इन्द्रको शक्ति र सुरक्षाको सम्मान प्रकट गर्नु हो । वैदिककालमा इन्द्रले वज्र प्रयोग गरेर शत्रुहरूको विनाश गरेका थिए, र काठमाडौंको यःसिं ठड्याउने परम्परा पनि यही शक्ति र सुरक्षाको प्रतीक हो ।

बौद्ध धर्ममा पनि इन्द्रको स्थान महत्वपूर्ण छ । उनी आठ दिक्पालहरू मध्ये एक हुन् र त्रायत्रिंश स्वर्घंका राजा मानिन्छन् । त्रायत्रिंश स्वर्घ प्राकृतिक सुन्दरता र अप्सराहरूले भरिएको छ, तर इन्द्रले बेलाबेलामा राक्षसहरूसँग युद्ध गर्नुपर्ने हुन्छ (शाक्य, १९९४, पृ.६३ )। काठमाडौंको इन्द्रजात्रामा इन्द्रको सम्मानमा यःसिं ठड्याउने परम्परालाई यो बौद्ध विश्वाससँग पनि जोड्न सकिन्छ, जहाँ इन्द्रलाई त्रायत्रिंश स्वर्घंका प्रमुख देवता र सुरक्षाका प्रतीकका रूपमा मानिन्छ ।

वेदहरूमा इन्द्रको चर्चा भए पनि इन्द्रजात्रा पर्वको उल्लेख भने पुराणकालमा मात्रै देखिन्छ (आचार्य, २०५४, पृ.१११) । पुराणकालमा इन्द्रको सम्मानमा ध्वजा ठड्याउने परम्परा सुरू भएको थियो, जसलाई काठमाडौंको इन्द्रजात्रामा यःसिं ठड्याउने परम्परासँग जोड्न सकिन्छ । वेदमा इन्द्रको महत्त्वपूर्ण भूमिका भए तापनि, इन्द्रध्वज ठड्याउने र जात्रापर्वको परम्परा पुराणकालपछि मात्र स्थापित भएको देखिन्छ ।

बाबुराम आचार्यका अनुसार, पुराणहरूमा इन्द्रध्वजलाई इन्द्रको प्रतीक मानिन्छ । इन्द्र स्वर्घंका देवता भएकाले इन्द्रध्वजलाई मस्तकसम्म अग्लो बनाउनुपर्ने सोचले यो परम्परा सुरू भएको हो (आचार्य, २०५४, पृ.१११) । काठमाडौंको इन्द्रजात्रामा पनि यःसिं ठड्याउने परम्पराले

इन्द्रको यो प्रतीकात्मक महत्वलाई झल्काउँछ। यःसिंलाई सम्भव भएसम्म अग्लो बनाइन्छ, जसले इन्द्रको शक्ति र उपस्थितिलाई देखाउँछ।

वैदिककालमा इन्द्रको पूजा आर्यहरूद्वारा व्यापक रूपमा गरिन्थ्यो। उनीहरूले इन्द्रलाई वर्षा र युद्धका देवता मानेर पूजा गर्थे। यस परम्पराले इन्द्रजात्रालाई वैदिककालदेखि निरन्तरता दिँदै आएको छ, जहाँ काठमाडौंका मानिसहरूले उर्वरता, सुरक्षा, र शक्ति प्रदान गर्ने इन्द्रको सम्मानमा यो पर्व मनाउँछन् (कोइराला, २०४२, पृ.८)।

प्राचीन भारतमा इन्द्रजात्रा पर्वलाई नाट्य प्रस्तुतीको रूपमा पनि मनाइन्थ्यो, जसमा इन्द्रध्वज ठड्याएर नाचगान र विजय उत्सव मनाइन्थ्यो। यो परम्परा भरतमुनिको नाट्यशास्त्रमा आधारित रहेको मानिन्छ, जुन इ.पू. दोस्रो शताब्दीमा लेखिएको थियो। संस्कृतिविद् डा. चुन्दा वज्राचार्यका अनुसार, काठमाडौंमा इन्द्रजात्राको नाट्य मञ्चन पनि यसै परम्पराको निरन्तरता हो, जसमा इन्द्रध्वज ठड्याएर इन्द्रको सम्मानमा नाचगान गरिन्छ।

## २.३ महाकाव्यकाल एवं पौराणिक :

वैदिककालमा इन्द्रको धेरै चर्चा गरिएको पाइन्छ भने पौराणिक कालमा इन्द्रको सँगसँगै इन्द्रध्वज पर्व बारे पनि चर्चा भएको पाइन्छ। वैदिकसंहिता, उपनिषद् लगायत त्यतिबेलाका धार्मिक कृतिहरू रामायण, महाभारतमा पनि इन्द्रध्वजको वर्णन पाइन्छ।

इन्द्रजात्रा बारे अरू पनि धेरै हिन्दू धार्मिक ग्रन्थहरूमा उल्लेख गरिएको पाइन्छ। खास गरी वाल्मिकी रामायण, महाभारतको आदि पर्व, हरिवंश पुराण, कालिका पुराण, देवी पुराण, बिष्णु धर्मोत्तर पुराण र वृहत्संहिता भन्ने पाँचौं शदीतिरको ग्रन्थमा पनि इन्द्रध्वजोत्थानको विषयमा चर्चा भएको छ। इन्द्रध्वजोत्थान अर्थात *यःसिं* उठाउने बारे 'बिष्णुधर्मोत्तर पुराण' मा वर्णन गरिएको छ। असुरहरूसँग युद्ध लड्न भगवान बिष्णुले एउटा ध्वजा दिएको र युद्ध जितिसके पछि इन्द्रले उक्त ध्वजा राजा वसुलाई दिएको एवं राजा वसुले पछि त्यही ध्वजा फहराई इन्द्रध्वजोत्सव मनाउन थालेको वर्णन उक्त पुराणमा गरिएको छ (कोइराला, वि.सं. २०४२, पृ.१०)।

वाल्मिकी रामायणको 'किष्किन्धा काण्ड' मा 'रामचन्द्रको वाणले पीडित वाली समरभूमिमा आकाशमा उभिएको इन्द्रध्वजा ढले जस्तै ढले' भनेर वर्णन गरिएको पाइन्छ ( कोइराला,वि.सं.२०४२,पृ.८)।

महाभारतको आदिपर्वको ६३ अध्याय मा उपरिचर वसुले इन्द्रध्वजको विधि चलाएका हुन् भनि लेखिएको छ :

राजोपरिचरो नाम धर्मनित्यो महीपतिः...॥१॥
यष्टिं च वैणवीं तस्मै ददौ वृत्रनिषूदनः ।
इष्टप्रदानमुद्दिश्य शिष्टानां प्रतिपालननीम् ॥१७॥
तस्याः शक्रस्य पूजार्थं भूमौ भूमिपतिस्तदा ।
प्रवेशं कारयामास गते संवत्सरे तदा ॥१८॥
ततःप्रभृति चाद्यापि यष्टेः क्षितिपसत्तमैः ।
प्रवेशः क्रियते राजन् यथा तेन प्रवर्तितः ॥१९॥

अनुवाद :
उपरिचर नाउँ गरेका धर्मात्मा राजा थिए । इन्द्रले सज्जनहरूलाई रक्षा गर्न भनी उपरिचरलाई प्रसन्न पार्न बाँसको लट्ठी दिए । एक वर्षपछि राजाले इन्द्रको पूजा गर्न भनी त्यस लट्ठीलाई भुइँमा गाडे । त्यसै वेलादेखि उपरिचरको उदाहरण लिई ठूलाठूला राजाहरू अहिलेसम्म पनि इन्द्रको लट्ठी (लिङ्गो) गाड्दैछन् (पन्त,वि.सं.२०२६,पृ.३०१) ।

यस सन्दर्भमा भने लेखक कुलचन्द्र कोइरालाले लेख्नुभएको छ, "ऐतिहासिक अन्वेषण गर्दा, युधिष्ठिर भन्दा चार पुस्ता अगाडिका राजा शान्तनुकी पत्नी सत्यवती (मत्स्यगन्ध) को जन्म राजा उपरिचर वसुको वीर्यबाट भएको कथा महाभारत आदि पर्वमा उल्लेख छ । यसकारण युधिष्ठिर भन्दा लगभग १५० वर्ष अगाडि राजा उपरिचर भएका थिए । यिनै पालामा चेदिजनपदको राज्य कायम भएको थियो । यसरी पौराणिक कथाको डोरोबाट काल निर्धारण गर्दा आजभन्दा लगभग पाँच हजार वर्ष अगाडिदेखि आर्य सभ्यतामा इन्द्रध्वजोत्थानको परम्परा शुरू भएको थियो भनेर मान्नुपर्ने हुन्छ (कोइराला, वि.सं. २०४२, पृ.१०) । महाभारतको दक्षिणत्य पाठ (नीलकण्ठी संस्करण) मा इन्द्रध्वजाको उचाई ३२ हात (४८ फिट) अग्लो, पाँचरंगी कपडाले बेरिएको भनी उल्लेख गरिएको छ (कोइराला,वि.सं. २०४२,पृ.१०) ।

वृहत्संहितामा देवता र दैत्यको लडाइँ हुँदा देवताहरूलाई दैत्यहरूले हराए पछि देवताहरूका गुरू बृहस्पतीले आफ्नो नक्षत्र पुण्यमा इन्द्रको अभिषेक गरे र त्यसपछि शक्तिशाली भई इन्द्रले दैत्यहरूलाई हराएको कुरा लेखिएको छ (पन्त, वि.सं.२०३२ पृ. १३) ।

वराहसंहितामा दैत्यहरूसँगको युद्ध जित्ने इन्द्रलाई बिष्णुले एउटा ध्वजा दिएको र पछि त्यही ध्वजा इन्द्रध्वजाको नामले प्रसिद्ध भएको प्रशंग उल्लेख गरिएको छ। कालिका पुराणमा विमान चढेर हिँड्ने वसु राजाले इन्द्रध्वज पर्व चलाएको कुरा लेखिएको छ। ब्रह्म पुराणमा इन्द्रध्वजोत्सव गर्दा नाचगानको ठूलो रहने व्यहोरा उल्लेख गरिएको छ। राज मार्तण्ड ( ज्योतिष) मा नौ दिनसम्म इन्द्रध्वज फरफराए भयकारी हुने कुरा लेखिएको छ। कवि शक्तिबल्लभद्वारा सम्पादित 'इन्द्रध्वजोत्सव कथनम्' मा विभिन्न पुराणमा वर्णित इन्द्रध्वजोत्सव सम्बन्धी लक्षण र विचार प्रस्तुत गरिएको छ (जोशी,वि.सं. २०६७,पृ. ६-७)।

'विष्णुधर्मोत्तर पुराण' मा इन्द्रध्वजोत्थान बारे अझ विस्तृत चर्चा गरिएको छ। उक्त पुराणमा इन्द्रध्वजोत्थान गर्नाले शत्रु नाश हुने र राजालाई विजय प्राप्त हुनुका साथै उन्नति ल्याउने व्यहोरा उल्लेख छ। साथै त्यसमा जात्राका बेला शहरलाई सजाउने, सार्वजनिक मनोरञ्जनका कार्यहरू गर्ने, इन्द्रध्वजामा बास बस्न आएका देवताको पूजा र आराधना गर्ने विधि सम्बन्धी कुराहरूको पनि वर्णन गरिएको छ। त्यस्तै अथर्ववेदमा आधारित ग्रन्थ 'कौशिकशुत्र' मा पनि इन्द्रध्वजारोहणका लागि रूख कटान, त्यसको ढुवानी, ध्वजारोहण, जात्रामा पुजाआजा, सार्वजनिक मनोरञ्जन, आदि, जस्ता कार्यहरू गर्नुपर्ने कुरा उल्लेख गरिएको छ (गोन्डा,ई.सं.१९६७,पृ.४१)।

इतिहासकार बाबुराम आचार्यले 'बिष्णुधर्मोत्तर पुराण' लाई उद्घृत गर्दै लेख्नुभएको छ "असुरहरूद्वारा पराजित भएका देवताहरूले इन्द्रदेवको नेतृत्वमा क्षीर सागरमा रहेका बिष्णु कहाँ गई सहयोगको निमित्त प्रार्थना गरे। त्यस समयमा एक ध्वजा अर्पण गर्दै बिष्णुले इन्द्र देवतालाई अनुरोध गरे - यो ध्वजा लिएर युद्ध क्षेत्रमा जानुहोस्, यसको प्रभावबाट असुरहरू अवश्य पनि पराजित हुनेछन्। हुन पनि बिष्णु भगवानकै आदेशानुसार ध्वजा लिई इन्द्रको नेतृत्वमा देवताहरू युद्ध गर्न जाँदा असुरहरूको हार भयो। यसैले युद्ध समाप्त भए पछि इन्द्रले प्रशन्न भएर यस ध्वजाको धूमधामसँग पूजा गरी चेदी देशका राजा वसुलाई यो ध्वजा अर्पण गरे। ध्वजालाई अर्पण गर्दै इन्द्रदेवले पनि अनुरोध गरे - जो राजाहरू इन्द्रध्वजोत्सव मनाउँछन्, तिनीहरूको राज्यमा दुर्भिक्ष तथा शत्रुहरूको भय रहने छैन र सबै किसिमबाट राज्यको बडिबढाउ समेत हुनेछ। इन्द्र देवकै परामर्श अनुसार राजा वसुले पनि यस ध्वजाको भव्यतापूर्वक पूजा आराधना गरेका थिए र यसबाट धनधान्यले परिपूर्ण भई शत्रुहरूमाथि विजय प्राप्त गरेर लामो समयसम्म राज्य गर्न उनी समर्थ भएका थिए। यसैले यो परम्परा पछि पनि चल्दै आएको हो" (आचार्य,वि.सं.२०५४,पृ.१११)।

यहि इन्द्रको ध्वजा सिगार्ने, पूजा गर्ने र त्यसबाट राष्ट्रको रक्षा हुने फल पनि दिइएको छ। वराहमिहिरले आफ्नो बृहत्संहिताको इन्द्रध्वजसम्पतनामक अध्यायमा इन्द्रध्वजको प्रथा उपरिचर वसुले चलाएका हुन् भनी त्यसको विधि पनि दिएका छन् ।

उपरिचरस्यामरयपो वसोर्ददौ चेदिपस्य वेणुमयीम् ।
यष्टिं तां स नरेन्द्रो विधिवत् सम्पूजयामास ॥८॥
प्रीतो महेन मघवा प्राहैवं ये नृपाः करिष्यन्ति ।
वसुमद् वसुमन्तस्ते भुवि सिद्धाज्ञा भविष्यन्ति ॥९॥

अनुवाद :

चेदि देशका राजा उपरिचर वसुलाई इन्द्रले बाँसको लट्ठी दिए। ती राजाले त्यस लट्ठीलाई विधिपूर्वक पूजा गरे। पूजाबाट प्रसन्न भएका इन्द्रले भने पृथ्वीमा जुन राजाहरूले यसरी पूजा गर्नेछन् तिनीहरू उपरिचर वसु जस्तै सम्पन्न तथा हुकूम चलाउन सक्ने हुनेछन् (पन्त, वि.सं.२०२६, पृ.३०२) ।

पौराणिककाल पछि भने धार्मिक रूपमा इन्द्रको महिमा कम हुँदै जान थाल्यो। शुङगकालको प्रारम्भ भएपछि भारतमा स्मार्त-सम्पद्रायको उत्थान हुँदा इन्द्र, वरूण, यम र रूद्र, आदि वैदिक-देवताहरूको महत्व क्षीण हुँदै आएर ब्रम्हा, विष्णु र महेश्वर, आदि स्मार्त-देवताहरू नै आर्यहरूका प्रधान देवताका रूपमा स्थापित हुन आइपुगेका थिए। वैदिककालका प्रधान-देवता इन्द्र, अब प्रतिस्थापित नयाँ मान्यता अनुसार देवताहरूको मर्यादाक्रममा चौथो स्थानमा पुगिसकेका थिए (आचार्य,वि.सं.२०५४,पृ.२७) ।

ध्वजोत्थान र गरूडध्वज फरक प्रसंग हुन् तर यस परम्परालाई स्थायी रूपमा ध्वज राख्ने परम्परा गरूडध्वज सँग पनि जोड्न सकिन्छ। गरूडध्वज राख्ने परम्पराको इतिहास ई.पू. दोस्रो शताव्दी ताका भारतको शुंगकालमा होलियोडोरसले गरूडध्वज राखेको प्रसंग लाइ लिन सकिन्छ।

हेलियोडोरस स्तम्भ एक शिलास्तम्भ हो जुन मध्य भारतको मध्य प्रदेशको बेसनगर, विदिशामा ११३ ईसा पूर्वमा खडा गरिएको थियो। स्तम्भलाई हेलियोडोरस राजदूत द्वारा गरूड-स्तम्भ भनिएको थियो, देवता गरूडलाई संकेत गर्दै, स्तम्भको नाम सामान्यतया हेलियोडोरसको नाममा राखिएको छ, जो तक्षशिलाबाट इन्डो-ग्रीक राजा एन्टियलसिडासका राजदूत थिए र भारतीय शासक भागभद्र कहाँ पठाइएको थियो। ब्राह्मी लिपिमा लेखिएको

एक समर्पण स्तम्भमा कुँदिएको थियो, वासुदेव अर्थात कृष्ण, देवता-देवता, "भगवानका देवता" र सर्वोच्च देवता भनि कुढिएको छ । स्तम्भले भारतीय शासकलाई "भगभद्र मुक्तिदाता" भनेर पनि महिमा दिन्छ। स्तम्भ एक स्तम्भ हो जसले पृथ्वी, अन्तरिक्ष र स्वर्गलाई जोड्ने प्रतीक हो, र "ब्रह्माण्डीय अक्ष" को अर्थ र देवताको ब्रह्मांडीय समग्रता व्यक्त गर्ने विचार गरिन्छ (हन्टिङ्गन,ई.सं.२०१४,पृ.५७) ।

पाटलीपुत्र मौर्यहरूको प्रमुख प्रशासनिक केन्द्र र मौर्य कला केन्द्रको रूपमा महत्वपूर्ण थियो, तापनि अन्य शहरहरूले शुङ्ग कालमा पनि ठूलो महत्व हासिल गरे । उदाहरणका लागि, उत्तर-मध्य भारतको विडिसा (आधुनिक बेसनगर) शाक्यमुनि बुद्धको समयमा नै, भारतको पश्चिमी तटलाई गंगाको मैदानसँग जोड्ने दक्षिणी व्यापार मार्गमा एक प्रमुख व्यापारिक केन्द्र थियो । यसको प्रभाव शुङ्ग कालको अशोक शासनसँगै बढ्यो, जसले यसलाई ठूलो धार्मिक केन्द्र र स्मारक कलाको विद्यालयको थलो बनायो । यसका वरिपरि धेरै पुरातात्विक अवशेषहरू फेला परेका छन्, तर व्यवस्थित र व्यापक अन्वेषण अझै बाँकी छ । (भिडिसाल प्रथममा एक ठूलो शिलास्तम्भमा सात-लाइन ब्राह्मी शिलालेख छ, जसमा गरूड ध्वजा स्थापना गरिएको उल्लेख गरिएको छ ।)

वासुदेवको सम्मानमा ग्रीको-ब्याक्ट्रियन राजा एन्टिअल्किदासको राजदूत हेलियोडोरसले राजा भागभद्रको चौधौं वर्षमा भारतको उत्तरपश्चिम क्षेत्र, या कम्तिमा तक्षशिला, जहाँ ग्रीकहरू अझै पनि काबिज थिए, स्तम्भ स्थापना गरेका थिए । यसबाट उत्तरपश्चिम र मध्य भारतका अदालतहरू बीच सम्पर्क कायम भएको र एक भारतीय पंथ विदेशी धर्मान्तरितहरूलाई आकर्षित गर्न सक्षम भएको स्पष्ट हुन्छ, जस्तै हेलियोडोरस, जसलाई शिलालेखमा भागवत (भक्त) भनेर उल्लेख गरिएको छ । स्पेसिन्क कुट प्रोटो-वैष्णववादको एक प्रकार मानिन्छ, जहाँ विष्णुको एक नाम वासुदेव हो । यसबाहेक, विष्णु आफ्नो वाहन चरा गरूडको रूपमा चित्रित गरिएको छ ।

शिलालेखमा समर्पणको मिति दिइएको छ, तर यो समस्याग्रस्त छ, किनकि ग्रीको-ब्याक्ट्रियन राजा एन्टिअल्किदासको सम्भावित मितिहरू, राजा भागभद्र (जसलाई नवौं शुङ्ग राजा मानिन्छ) को पहिचान र पेलोग्राफिक प्रमाणहरू विवादास्पद छन् , तथापि, १२०-१०० ई.पू. को बीचमा यो स्तम्भको समर्पणको मिति उचित देखिन्छ र यसलाई मौर्य कालको कला र ईसापूर्व पहिलो शताब्दीका बीचको महत्त्वपूर्ण सम्बन्धको रूपमा हेरिएको छ । स्तम्भले

मौर्य र पूर्व-मौर्य उदाहरणहरू, विशेष गरी राजधानीमा सतही सम्बन्धहरू देखाउँछ, तर यसको आकार अशोक स्तम्भको मात्र आधा हो (हन्टिङ्गन, ई.सं. २०१४, पृ. १९६) ।

यसका अतिरिक्त, पॉलिश नगरेको ढुङ्गाबाट बनेको सेन्ट मन्दिर र धार्मिक मूर्तिहरू प्रायः बेवास्ता गरिएका छन्, किनकि विद्वानहरू प्रायः यिनको वास्तविक मिति र धार्मिक तथा ज्योतिषशास्त्रीय प्रभावहरू भन्दा वर्ष (र तसर्थ, क्रोनोलॉजिकल प्रभावहरू) को बारेमा बढी चासो राख्छन् । यस्ता विचारहरू धार्मिक समर्पणको महत्वपूर्ण हिस्सा थिए, जुन धेरै समयदेखि स्पष्ट छ । शिलालेखले यसमा थप जानकारी दिन्छ कि स्तम्भ विष्णुको एक रूपलाई समर्पित गरिएको थियो, र शिलालेखको मितिका सन्दर्भमा, विष्णु र गरूड दुवै देवताहरूका रूपमा मानिन्छन् । स्तम्भको माथि गरूडका दृश्यहरू जोडिएका छन्, जसमा एक पंक्ति पश्चिमतिर फर्किएको छ भने अर्कोले कास्टको सामना गर्दछ । हरेक प्रतिनिधित्वमा सर्प, गरूडको प्रतीक, जसलाई सर्पको प्राकृतिक शत्रु मानिन्छ, प्रस्तुत गरिएको छ ।

यस्ता गरूड स्तम्भहरू सामान्यतया वैष्णव मन्दिरहरूमा सुङ्ग काल (१७८.५-१) मा खाना बिक्री अघि राखिन्थे, जुन प्रथा अहिले पनि भारत र नेपालमा पाइन्छ । यो शैलीमा, शरीरको हस्की आकृतिले उत्तर-मध्य भारतमा धेरै पहिलेको नक्काशीको निकट सम्बन्धलाई प्रकट गर्छ, जबकि अन्य धेरै साइटहरूमा पाँचौं शताब्दीको उत्तरार्धको पतला, नाजुक एग्युरहरूसँग यो स्पष्ट रूपमा विरोधाभास गर्दछ र सम्भवतः त्यसको संकेत गर्दछ (हन्टिङ्गन, ई.सं. २०१४, पृ. १९६) ।

त्यस्तै गरी भारतमा दृश्य कथा कलाको उदयलाई प्रतिनिधित्व गर्दै, भरहुतले कथा कथनका विभिन्न प्रविधिहरूलाई प्रदर्शन गर्दै आएको छ । बौद्ध धर्मको लोकप्रिय जातक कथाहरूको माध्यमबाट यसले बौद्ध धर्मको प्रमुख पक्षको वणर्न पनि गरेको देखिन्छ । भरहुतमा, मूर्तिकलाबाट प्रभावित भएर बनेको एक कलामा पाठमो थाबो (वा विदिशाकी रेवतीमित्राकी पत्नी द्वारा दान गरिएको पहिलो स्तम्भ) को माथिल्लो भागमा गरूडको आकृतिसहितको शाही मानक बोकेको घोडामा पुरूष सवारको चित्रण गरिएको छ (गरूडध्वज), जुन भरहुत ग्यालेरी, भारतीय संग्रहालय, कोलकतामा प्रदर्शित गरिएको छ ।

## २.४ लिच्छविकाल :

धार्मिक ग्रन्थहरूमा ध्वाजोत्थान बारे विभिन्न कुराहरू लेखिएको भएता पनि नेपालको सन्दर्भमा भने लिच्छविकालमै इन्द्रध्वाजोत्थान गर्ने परम्परा रहेको पाइन्छ ।

लिच्छविकालीन अभिलेखहरूमा इन्द्र एक परिचित नाम रहेको छ तर लिच्छविकालमा इन्द्रको कुनै मूर्ति भने बनेको पाइँदैन। तर एउटा अनौठो कुरा के देखिन्छ भने काठमाडौं उपत्यकामा इन्द्रको धातु र काठका मूर्ति एवं चित्रहरू पाइन्छन् तर शिलामूर्ति भने खासै पाइँदैन। सूर्य जस्तै इन्द्र सम्प्रदायको विकास पनि नेपालमा मध्यवर्ती कालमा भएको पाइन्छ। भारतको धार्मिक इतिहासमा इन्द्र सम्प्रदाय दशौं शताब्दीसम्म मात्रै चलेको पाइन्छ। नेपालमा भने त्यही समयदेखि इन्द्रका मूर्तिहरू देखा पर्न थालेको पाइन्छ (सस्लर, ई.सं.१९९८, पृ.२६७)।

लिच्छवि राजा शिवदेव प्रथम तथा अंशुवर्माको पाटन लेलेमा भेटिएको संवत् ५२६ ( वि.सं. ६६१) को संयुक्त अभिलेखमा इन्द्रजात्रा मनाउने गुठीको लागि खर्च छुट्याएको व्यहोरा छ (वज्राचार्य, वि.सं.२०५३,पृ. २८४)। तर इतिहास शिरोमणि बाबुराम आचार्यले भने यो भन्दा पनि धेरै अघि लिच्छविकाल आरम्भ हुँदै गर्दा नै नेपालमा इन्द्रध्वजोत्थान गर्ने चलन शुरू भइसकेको दावी गर्नुभएको छ। लिच्छविकालका प्रसिद्ध राजा मानदेवका हजुरबुबा शंकरदेवले इन्द्रजात्रा आरम्भ गरेको उहाँको दावी छ। उहाँको भनाई अनुसार

“(भारतमा) गुप्तकालमा रचना भएको कालिदासको रघुवंश महाकाव्यमा इन्द्रध्वजोत्थानको मनमोहक वर्णन पाइन्छ। यसबाट तिनताक त्यहाँ इन्द्रध्वजोत्थान गर्ने उत्सव हर्षोल्लासपूर्वक मनाउने परम्परा व्यापक रूपमा प्रचलित रहेको प्रमाणित हुन्छ। यसैको प्रभाव परी नेपालमा पनि शंकरदेवकै राज्यकालमा दक्षिणकोलिग्राममा ‘इन्द्रगृह’ नामक नयाँ राजभवनको निर्माण भएको र यस राजभवनको आसपासमा यसै समयदेखि इन्द्रध्वजोत्थान गराउने परम्परा शुरू भएको संकेत प्राप्त भएको छ। विभिन्न आक्रमणको प्रभावमा परी इन्द्रध्वजोत्थापन गर्ने प्रचलन आजसम्ममा भारतबाट पूर्णरूपमा विदा भैसकेको छ तापनि नेपालमा भने यो परम्परा अझै पनि अविछिन्न रूपमा चलिरहेको पाइन्छ” ( आचार्य,वि.सं.२०५४, पृ.२८-२९)

## २.५ लिच्छवीकालको ध्वजगोष्ठीको चर्चा

गुठीको लामो इतिहासमा विविध समयमा कैयन गुठीहरू स्थापना गरिए धार्मिक आस्था र सामाज सेवाको भावनाले समाजमा प्रमुखता पाएको कारण तिनै कुराहरूलाई सबल पार्ने हेतुले गुठीहरूको स्थापना भएको कुरा तिनीहरूको स्वरूपबाट अवघंत हुन्छ ( टन्डन,वि.सं.२०५२,पृ.२८)।

मध्यकालको तुलनामा लिच्छविकालका गुठी सम्बन्धी सामाग्रीहरू कम पाइन्छन् । लिच्छविकालको इतिहास जान्ने स्रोतहरू नै शिलालेखहरू हुन । गोपालराज वंशावली , संक्षिप्त गोपाल वंशावली, एवं भाषावंशावलीहरूमा लिच्छविकाल र त्योभन्दा अगाडिको नेपालको खास गरी राजनीतिक इतिहासको बारेमा थोरै कुराबाहेक त्यहाँ उल्लिखित धेरैजसो कुराहरू सत्य-असत्य के हुन भन्ने जाँच्ने आधारहरू नै पाइएका छैनन् भने अर्कोतिर हाम्रो विषयवस्तुको सम्बन्धमा चर्चा छैन भने पनि हुन्छ । यसैले शिलालेखहरूमा नै पूर्णरूपमा निर्भर भई यस सम्बन्धमा अध्ययन गर्नुपर्ने बाध्यता छ (टन्डन,वि.सं.२०५२,पृ.२५) ।

कीर्तिहरूको स्थापना गर्नाले मानिसलाई अमर तुल्याउँछ त्यसले मनुष्यजीवन सफल हुन्छ; गुण, प्रभाव र चरित्रद्वारा प्रख्यात छ, ठूलो पदमा बसेको छ भने पनि कीर्तिवीना बाँचेकाको जीवन सार्थक छैन भन्ने धारणा लिच्छविकालमा थियो । त्यस्ता कीर्तिको स्थायित्व गुठीले गर्छ भन्ने भावनाले पनि समाजमा स्थान पाएको कुरा संवत् ४९२ (वि.सं. ६२८) को मङ्गलबजारको भारविको अभिलेखबाट थाहा हुन्छ । यस्तै धारणाले समाजमा मान्यता पाएकोले लिच्छविकालिक समाजमा धार्मिक, सांस्कृतिक तथा लौकिक महत्व राख्ने कार्यहरू प्रशस्त भएको बुझिन्छ (टन्डन,वि.सं.२०५२, पृ.२८) ।

त्यसै क्रममा सम्वत् ५२६ आश्विन शुक्ल राजा शिवदेव प्रथम र श्री महा सामन्त अंशुवर्माले गरिदिएको सनद शिलापत्र अनुसार बाधैंको थिती मा ध्वजगोष्ठी का गुठीयार लाई ११ मानिका र १० मानिका, र ईन्द्र गोष्ठी  का गुठीयार लाई ४ मानिका छुट्याएको देखिन्छ । यस लिखित बाट पनि प्रमाणीत हुन्छ कि इन्द्रध्वजोत्थानको महत्व धेरै नै थियो र त्यस कार्यले निरन्तर्ता पाइराखोस् भन्ने हेतुले गुठी नै व्यवस्था गरीएको थियो । (जस्को विस्तृत उल्लेख परिशिष्ट स.क मा गरिएको छ ) यसरी वैदिककाल देखि अहिलेको समय सम्म पनि समाजमा ध्वजोत्थानले निरन्तर्ता पाइरहेको देखिन्छ। यसरी विभिन्न कालखण्डमा ऐतिहासिक ध्वजोत्थानको महत्व र प्रमाणहरू पनि पाएको हुदाँ य:सिं लाई अति नै महत्वपूर्ण पर्वको रूपमा हेर्न सकिन्छ ।

## २.६ मध्यकालमा *य:सिं* परम्परा

मल्लकालीन समयमा जात्रा पर्वहरू अझ बढी बिकसीत भएको पाइन्छ । त्यस्तै गरी इन्द्रजात्रा सबैभन्दा विकसित भएको पाइन्छ । मल्लकालका धेरै शिलालेखहरूमा इन्द्रजात्रा बारे उल्लेख गरिएको छ । तत्कालीक अभिलेखहरूको अध्ययन गर्दा मल्लकालमा तत्कालीन राजा

मात्र होइन सर्वसाधारण जनता पनि इन्द्रजात्रालाई अत्यन्त श्रद्धापूर्वक मान्दथे भन्ने देखिन्छ । उपत्यकाका विभिन्न स्थानहरूमा इन्द्रजात्रा मनाउन जग्गा सहित छुटै गुठी बनाई आयस्ता व्यवस्था गरिएको बारे पनि शिलापत्रहरू राखिएको पाइएका छन् ।

भक्तपुर तौमढी टोलमा प्राप्त ने.स. ५६० को अभिलेखमा इन्द्रजात्राको नाम भक्तपुरकै प्रमुख जात्रा विस्केट जात्रासँग जोडेर उल्लेख गरिएको छ । त्यस्तै ललितपुरमा भेटिएको वि.स. १६४५ को भण्डारखाल देवीस्थानको पुरन्दरसिंहको अभिलेखमा पाटनकने सबैभन्दा ठूलो जात्रा बुगंद्यः (रातो मछिन्द्रनाथ)को जात्रासगँ इन्द्रजात्रालाई जोडिएको छ भने कीर्तिपुरको गुल्फु पुखुधिटोल पाटीमा भेटिएको शिलापत्रमा बाघभैरव मन्दिरसँग इन्द्रजात्रालाई जोडिएको छ । इन्द्रजात्राका बेला कतै बत्ती बाल्न, ध्वजास्थान गर्न, त कतै समयबजि बाड्न त कतै हाथ्वँ ( जाड) अर्पण गर्न गुठीको व्यवस्था गरिएको सम्बन्धी शिलालेखहरू राखिएको पाइन्छ ।

जेराँ तोफाँका अनुसार नेपालमा ११ औं शताब्दीका राजा गुणकामदेवले काठमाण्डौ नगर निर्माण गरे पछि त्यसैको उपलक्ष्यमा इन्द्रजात्रा मनाएको भन्ने वंशावलीमा लेखिएको पाइए पनि सबैभन्दा पुरानो प्रमाणिक अभिलेख भने भक्तपुरमा पाइएको शिलालेख नै हो जसमा १५ औं शताब्दीमा पनि इन्द्रजात्रा मनाइएको व्यहोरा परेको छ (तोफाँ,ई.सं.१९९२,पृ.७४) । मध्यकालमा नेवार जातिको नियन्त्रणमा यहाँका नेवाः जातिको हात रहेको बेला इन्द्रजात्रा यहाँको प्रमुख सामुहिक अथवा प्रमुख जात्रा थियो । काठमाडौंमा यो जात्राको महत्व भनेको भक्तपुरमा बिस्केट जात्रा र ललितपुरमा बुंगद्य (रातो मछिन्द्रनाथ)को जात्रा जतिकै रहेको देखिन्छ । उपत्यकाको तीन शहरमा विभिन्न समयमा मनाइने यी तीन जात्राहरू यहाँको शहरी जनजीवन र गौरवको रूपमा लिइन्छ । यी जात्राहरूले यहाँको नेवाः राज्यको प्रतिनिधित्व पनि गर्दछ ।

मल्लकालमा तत्कालीन शासकहरू जुनसुकै कठीन अवस्थामा पनि इन्द्रजात्रा मनाउने गर्दथे भन्ने कुरा प्रताप मल्लसँग सम्बन्धित एउटा घटनाले देखाउँछ । सत्रौं शताब्दीका मल्ल राजा प्रताप मल्ल एकपटक हनुमानढोकामा बनाउन लागेको पोखरीका लागि पानी दाज्दै जाँदा रानीवनमा अलि धेरै समय बस्नुपर्ने भएछ । त्यो बेला उनले हनुमानढोका दरवार क्षेत्रमा मनाइने इन्द्रजात्रा समेत रानीवनमा आफू भएकै ठाँउमा मनाएको कुरा इतिहासमा उल्लेख छ (राईट, ई.सं.१८७७, पृ.२१४) ।

नेपालको इतिहासमा वंशावलीहरू मध्य अत्यन्त महत्वपूर्ण तथा प्रमाणिक स्रोत सामग्री मानिएको ग्रन्थ 'गोपालराज वंशावली' मा पनि इन्द्रजात्राको चर्चा गरिएको छ । गोपालराज वंशावली वि.सं. १३५१ र वि.सं. १४३६ मितिमा इन्द्रजात्राको र ध्वज उल्लेख गरिएको छ ।

गोपालराज वंशावलीको मूलपाठको २७ पत्रमा एन्देयात (इन्द्रजात्रा) सम्बन्धी अभिलेख उल्लेख गरिएको छ ,जसको अनुवाद गर्दा ने.सं. ४१४ (वि.सं. १३५१) वैशाख महिनामा युवराज्ञिनी श्रीविरमदेवीले इन्द्रकुट बनाइन् । तिनका छोरा श्रीजयशक्तिदेवले इन्द्रकूटध्वजको आरोहण गरे । त्यहीँ धारा बनाए (बज्राचार्य र मल्ल, ई.सं.१९८५,पृ.३५) भनि उल्लेख परेको छ ।

मध्यकालका धेरै अभिलेखहरूमा इन्द्रजात्रा बारे उल्लेख गरिएको पाइन्छ। केही मल्लकालीन अभिलेखहरू यस प्रकार रहेका छन् :

**१. भक्तपुर तौमढी टोलको ने.सं. ५६० को अभिलेख**

..भुय सतछि ॥ इन्द्रजात्रास च्यान्हु ॥ महाअष्टमि
कोन्हु विश्वजात्रा नीन्हु थ्वते दिन मभीसं कोथु फलेया
बजि पु..थ्व मिपु प्रति चिक न हने अष्टाछी हाने ॥

**अनुवाद :**

पूर्वमध्यकालको भनिएको यो अभिलेखमा इन्द्रजात्रा शब्द स्पष्ट रूपमा उल्लेख गरिएको छ। साथै यो जात्रा च्यान्हु अर्थात आठ दिन मनाउने कुरा पनि यसमा उल्लेख छ। यसमा इन्द्रजात्राको नाम भक्तपुरको प्रख्यात 'विश्वजात्रा' अर्थात बिस्काः (बिस्केट) जात्रासँग जोडेर उल्लेख गरिएको छ। यो इन्द्रजात्रा, महाअष्टमी (सम्भवतः बडा दशैं) र बिस्काः जात्राका लागि च्यूरा र तेलको व्यवस्था गर्ने सम्बन्धी व्यहोरा उल्लेख गरिएको छ (वज्राचार्य, वि.सं.२०६८, पृ.२९६) ।

**२. भण्डारखाल देवीस्थानको पुरन्दरसिहंको अभिलेख**

'....विशेषन बुंगयान इन्द्रयातन रङनयात मनिग्लयातन मत ध्य विङ प्वाठ ५० धारे छोयके माल रङनयात कुन्हु दान बिय, सियाफलके फ ४ जिव थ्वं फ ४ ला दन ४ धरिपाट १२, थ्वते चाछि फलके, पाचयि भुति......कलगुडि फेया, थ्वते दान बियमाल ॥ ' (वज्राचार्य, वि.सं.२०५६, पृ.२९६)

**अनुवाद :**

विशेष गरी बुंगयात्रा (रातो मछिन्द्रनाथको जात्रा) लगन यात्रा, मानिगल जात्राको दिन र इन्द्रजात्राको दिन, ५० बत्ती बाल्नु । लगन जात्राको दिन सियाफलके (भुटेको च्युरा) ४

पाथी, जिव जाँड चार पाथी, मासु…चार, १२ कहतारा दही, यतिलाई चाहिने जति च्यूरा…बोरी, भिजाएको केराउ यति दान दिनु ।

यो अभिलेखमा इन्द्रजात्राको नाम ललितपुरको सबैभन्दा ठूलो बुंगद्यः (रातो मछिन्द्रनाथ) को जात्रासँग जोडिएको छ । ललितपुरमा पनि हाल काठमाडौंमा जस्तै आठै दिन धुमधामपूर्वक इन्द्रजात्रा मनाउने गरिँदैन । तर बुंगद्यः लाई जस्तै इन्द्रजात्राका लागि पनि भनेर जग्गा सहितको छुट्टै गुठी बनाइएकोले ललितपुरमा पनि मल्लकालमा इन्द्रजात्रा धुमधामपूर्वक मनाउने गरिन्थ्यो भनी बुझ्न सकिन्छ (शाक्य र मानन्धर,वि.सं.२०७७,पृ.४५) ।

**३. पाटन ज्याबहाल बाहिर पाटीको शिलालेख**

मूलपाठ

थ्वो फरेस, ईन्द्रजात्रा स्वानछा कुन्हु श्रिरोकेश्वोर तारा
पूजा याङ्न दानपिते थुते प्र १ चेक्न, मत छोयके बा
२ सियाफके ङे १ जिप थ्वो कुड १ रा पारू, म्वात,
सन्हान, पात २ ध रि कुड १ वजि कुड १ कगुरि थुते
दयकेमा थुते चिन्ता याक ग्वहस्ति गुनसिंह भावो, संदु
रान भावो, दथराछे मधु भावो जजमान पुत्र सिवराम
भावो थुतेसेन रोप मयास्य चिन्ता यायमार रोपया कारे
पांचमाहापातक राक जुरो ॥

**अनुवाद :**

यस पाटिमा ईन्द्रजात्रा स्वानछाको दिन श्री लोकेश्वोर र ताराको पूजा गर्नुस यती दान दिनू । एक प्रतेलले बत्ती बाल्नुस दुइ पाथी भुटेको चिउरा, जिपथ्वं (जाँड विशेष) एक घडा ९० भप कुरूवा मासु अदुवा भटमास सन्हाघासा, दूइ कहतारा दही, एक कुरूवा चिउरा, केराऊ, यति पारी दान दिनु (वज्राचार्य, वि.सं.२०६८, पृ.२९६) ।

काठमाडौंको थानकोट मल्लकालमा ललितपुर अन्तर्गत थियो । मल्लकालमा त्यहाँ पनि इन्द्रजात्रा धुमधामपूर्वक मनाइन्थ्यो भन्ने कुरा थानकोट सीम्हछेटोल नारायण स्थानको शिलालेख बाट थाहा पाइन्छ । यो अभिलेखमा इन्द्रजात्राका अवसरमा द्वादशी र पुर्णिमाका दिन घिउको बत्ती बाल्न गुठी व्यवस्था गरिएको व्यहोरा उल्लेख छ । साथै गुठी राख्ने व्यक्तिहरूको नाम पनि यसमा उल्लेख गरिएको छ (शाक्य र मानन्धर,वि.सं.२०७७,पृ.४५) ।

थानकोट मै पाइएको शिखछुटोल आदिनारायणको अर्को अभिलेखमा पनि इन्द्रजात्राका लागि बत्ती बाल्न र अरू पूजा गर्न सरसामानको व्यवस्था गरिएको उल्लेख परेको छ। सथै उक्त व्यवस्था गर्ने व्यक्तिहरूको नाम उल्लेख गरिएको छ। यस अभिलेखले थानकोटको तत्कालीन समाजमा इन्द्रजात्रा अत्यन्तै सम्मानपूर्ण पर्व थियो भन्ने कुरा थाहा पाउन सकिन्छ (वज्राचार्य, वि.सं.२०६८, पृ.२९६)।

ललितपुरको क्वाछे टोलस्थित बालकुमारी मन्दिरको पाटीमा रहेको अभिलेखमा इन्द्रजात्राका दिन गर्नुपर्ने पूजाका लागि के के गर्ने र को को बोलाउने भन्ने व्यहोरा उल्लेख गरिएको छ। (वज्राचार्य, वि.सं. २०६८, पृ.२९६) यसरी ललितपुरको भित्री शहरमा पनि त्यतिबेला इन्द्रजात्रा धुमधामपूर्वक मनाउने चलन रहेको कुरा यो अभिलेखबाट थाहा हुन्छ। अर्को ललितपुरको पुल्चोकको वैष्णवीदेवीमा भेटिएको शिलालेखमा इन्द्रजात्रामा तीन पाथी स्याबजि (एक प्रकारको भुटेको च्यूरा), मासु, केराउ, आदि राखेर दान दिने र तेलको बत्ती बाल्नुपर्ने कुरा उल्लेख गरिएको छ (वज्राचार्य, वि.सं. २०६८, पृ.२९६)।

त्यसतै ललितपुरको च्यासल टोलस्थित गणेश देवलमा भेटिएको शिलापत्रमा इन्द्रजात्राका दिन बत्ती बाल्ने, दान दिने कामको लागि व्यवस्था गरिएको र त्यसो नगरिए पञ्च महापाप लाग्ने व्यहोरा उल्लेख गरिएको छ (वज्राचार्य, वि.सं.२०६८, पृ.३६८)।

कीर्तिपुर दरबार गणेशका पाटिमा भेटिएको शिलालेखमा इन्द्रजात्राका दिन बत्ती बाल्न,दान दिन चामल, तेल, केराउ, मासु आदिको व्यवस्था गरिएको बारे उल्लेख गरिएको छ। मल्लकालमा कीर्तिपुर पनि ललितपुर अन्तर्गत नै रहेको कारणले यो शिलालेखलाई ललितपुरको अभिलेख मानिएको छ। यसमा भैरवको पनि उल्लेख छ। यो सम्भवतः कीर्तिपुरमा अत्यन्त सम्मानपूर्वक पूजा गरिने बाघ भैरवलाई भनिएको हुनुपर्दछ (शाक्य र मानन्धर, वि.सं.२०७७,पृ.५५)।

यसरी वैदिककाल देखि मल्लकालसम्म पनि समाजमा ध्वजोत्थानले निरन्तरता पाइरहेको देखिन्छ। मल्लकालमा इन्द्रजात्राको चर्चा भएका धेरै अभिलेखहरू प्राप्त भएकोले इन्द्रजात्रा ध्वजस्थान गरी मात्र मनाउने हुँदा र विभिन्न कालखण्डमा ऐतिहासिक ध्वजोत्थानको महत्व र प्रमाणहरू पनि पाएको हुदाँ *यःसिं* लाई अति नै महत्वपूर्ण पर्वको रूपमा हेर्न सकिन्छ।

# अध्याय तीन
# काठमाडौं उपत्यकामा प्रचलित *य:सिं* परम्परा र विधिविधान

## ३.१ काठमाडौं उपत्यकाका विभिन्न क्षेत्रमा उठाइने *य:सिं* परम्परा

नेपाल बहुधार्मिक र बहुसांस्कृतिक रूपमा परिचित देश हो । सामाजिक-सांस्कृतिक विविधताले भरिपूर्ण नेपाली समाजमा विभिन्न चाडपर्वहरू मनाउने परम्परा रहँदै आएको छ । नेपालमा मनाइने विभिन्न जात्रा पर्वहरू मध्ये काठमाडौं उपत्यकामा धेरै पर्वहरू मनाउने गरेको पाइन्छ । तथापि नेपालको पूर्व मेचीदेखि पश्चिम महाकालीसम्म विभिन्न जाति र समुदायले आआफ्नै मौलिक संस्कार संस्कृतिहरू मान्दै आइरहेको हामी पाउँछौं । नेपालको सांस्कृतिक विविधतालाई प्रतिनिधित्व गर्ने यी जात्रा पर्वहरू मध्ये काठमाडौंमा मनाइने *य:सिं* उठाउने पर्व एक आफ्नै विशिष्ट परम्परा भएको मौलिक पर्व हो । इन्द्रजात्रा लगायत विभिन्न प्रमुख चाडपर्वमा सबैभन्दा पहिले सम्पन्न गरिने कार्य ध्वजोत्थान हो । यसलाई स्थानीय नेपालभाषामा '*य:सिं* थनेगु' भनिन्छ । इतिहास र धार्मिक ग्रन्थहरूमा *य:सिं* उठाउने महिमा र विधि बारे धेरै कुराहरू उल्लेख गरिएको पाइन्छ ।

काठमाडौंको य:सिंलाई इन्द्रध्वज र भक्तपुरको य:सिंलाई विश्वध्वज भनिन्छ । उपत्यकामा कुनै पनि ठूलो जात्रापर्व सञ्चालन गर्दा इन्द्रध्वजा(य:सिं) उठाएर मात्र जात्रापर्व आरम्भ गर्ने प्रचलन रहँदै आएको छ। देवराज इन्द्र स्वर्घका राजा भएका कारणले अरू राजाहरूले प्रतीकका रूपमा इन्द्रलाई नै लिने गर्दछन् । यही कारणले राजाहरूले आफ्नो ध्वजा फहराउँदा त्यसमा इन्द्रकै चिन्ह अंकित गरिएको पाइन्छ । कुनै पनि ठूलो जात्रा पर्वमा राजाले आफ्नो उपस्थिति जनाउन र जनताले राजाप्रति सम्मान प्रकट गर्न प्रतिकात्मक रूपमा ध्वजोत्थान(य:सिं) गरेको पाइन्छ ।

"खस भाषामा इन्द्रस्तम्भ लाई "लिङ्गो" भनी व्यवहारमा ल्याएको देखिन्छ जुन यथार्थमा सही नामान्तरण होइन भन्ने मलाई लाग्छ" (श्रेष्ठ, वि.सं.२०८०,पृ.११९)

काठमाडौंमा ध्वजोत्थान(य:सिं) कहिलेदेखि शुरू भयो, त्यसको यकिन इतिहास फेला पार्न सकिएको छैन । तर वेद, पुराण जस्ता धार्मिक ग्रन्थहरूमा भने ध्वजोत्थान बारे प्रशस्त उल्लेख गरिएका छन् । 'वृहत्संहिता'मा स्वर्गका राजा असुरहरूको आक्रमणको सामना गर्न नसकी ब्रम्हाको शरण लिन पठाएको, ब्रम्हाले बिष्णुकहाँ पठाएको, बिष्णुले ध्वजा दिएको, इन्द्रले

त्यही ध्वजा उठाएर युद्ध लड्दा जितेको, पछि इन्द्रले त्यो ध्वजा चेदी देशका नरेश उपरिचरलाई दिएको र उपरिचरले इन्द्रध्वज उठाई जात्रा चलाउन थालेको भन्ने कथा लेखिएको छ (शाक्य र मानन्धर, वि.सं.२०७७,पृ.७७) (जस्को विस्तृत उल्लेख परिशिष्ट घ मा गरिएको छ) ।

ध्वजोत्थान गर्ने विधि बारे कालिका पुराणको ४८ औं अध्याय र देवी पुराणको २१ औं अध्यायमा विस्तारपूर्वक वर्णन गरिएको छ। यी दुई पुराणका कुराहरू एक आपसमा केही भिन्न देखिए पनि नेपाली सन्दर्भमा भने दुवैलाई मिलाएर काम चलाएको पाइएको छ । त्यसमा लेखिए अनुसार इन्द्रध्वजोत्थानका लागि भाद्र महिनाको शुक्ल पक्षमा शुभ-लग्न, मुहुर्त नक्षत्र करण भएको बेला पारेर शुभ-मंगल वाचन सहित दैवज्ञ र ज्योतिषी सूत्रधार (नाप साइज लिने व्यक्ति) र अन्य सहायक साथमा लिएर वन जानु पर्दछ । वन जानु भन्दा अगाडि विधिपूर्वक देवीको पूजा गर्नुपर्छ । वनमा पुगेर इन्द्रध्वजा प्रस्थापन गर्ने लिंगाको निम्ति वृक्ष छान्नुपर्छ । ध्वजको लागि सेतो शाल वृक्षहरू उत्तम हुन्छन् । त्यस्तो वृक्ष नपाइएमा शाल सल्लो, शाक ( सागवान) वृक्ष पनि हुन्छ । ध्वजाको निम्ति बाटाको, देवताका बगैंचाको, कीरा लागेको, चिता (श्मशान) को र धेरै पंक्षीले गुँड लगाएका वृक्ष काट्नु हुँदैन । धमीराको देवल भएको, वज्र परेको, धेरै टोड्को भएको, नराम्रो नाउँ रहेको र स्त्रीवाचक वृक्ष पनि लिङ्गाको लागि शुभ हुँदैन । उपयुक्त वृक्ष नपाइएमा चन्दन, आँप पनि हुन्छ । असल जमीनमा उम्रेको, सफा पानीका नजीकको, टुप्पो भएको, सग्लो र सोझो रूख छानेर पूर्व वा उत्तर फर्केर वृक्षको पूजा गर्नुपर्छ । (कोइराला, वि.सं. २०४२,पृ.३२) । त्यसमा लिङ्गो बाइस हात भन्दा माथि, बत्तिस हात अथवा बयालिस हातको उत्तम र त्यो भन्दा बढी बाउन्न हातसम्मको लिङ्गो अत्युत्तम हुने कुरा पनि लेखिएको छ ।

लेखक गौतमवज्र वज्राचार्यका अनुसार, इन्द्रध्वज उठाएर उत्सव गर्ने परम्परा नेपालमा निकै समयदेखि चलेर आएको देखिन्छ। महाभारत, विष्णु धर्मोत्तर पुराण, वृहत्संहिता आदि प्राचीन ग्रन्थमा यसको वर्णन पाइन्छ । कालिदासको रघुवंश र अश्वघोषको सौन्दरानन्दमा पनि प्रशंगवश इन्द्रध्वजको चर्चा गरिएको छ। यताबाट त्यसबेला भारतवर्षमा ध्वजोत्थान गर्ने चलन खूपै चलेको देखिन्छ । इस्लामको प्रवेश भएपछि हिन्दु राजाहरूको जागरूकता हराउँदै गएको हुनाले भारतमा यो महोत्सव घट्दै गयो र अब लोप नै भइसकेको छ । प्राचीन भारतमा भाद्रशुक्ल एकादशीको दिन इन्द्रध्वज उभ्याइन्थ्यो । वृहत्संहितामा यस कुराको चर्चा गरिएको छ (शाक्य र मानन्धर, वि.सं.२०७७,पृ.७७) । परन्तु आजभोलि हाम्रो यहाँ भाद्रशुक्ल द्वादशीको दिन *यःसिं* ठड्याउने काम हुन्छ ।

अश्वघोषको प्रसिद्ध काव्य सौन्दरनन्दको चारौ सर्गमा इन्द्रध्वजको वर्णन गरिएको छ :

अथ स पथि ददर्श मुक्तमानं
पितृनगरेऽपि तथा गताभिमानस् ।
दशबलमभितो विलम्बमानं
ध्वजमनुयान इवैन्द्रमर्च्यमानम् ॥ ४६॥

अनुवाद :

यसपछि बाटामा पछि पछि गइरहेका नन्दले आफ्नै बाबुको शहरमा पनि शान छोडेर निरहङ्कार भई विस्तारै हिडिरहेको बुद्धलाई पूजा गरिएको इन्द्रध्वजलाई जस्तै गरी देखे । यस बाट अश्वघोषको पालामा पनि इन्द्रध्वजको पूजा हुन्थ्यो भन्ने देख्न सकिन्छ (पन्त, वि.सं.२०२६,पृ.३०१) ।

कालिदासको रघुवंश काव्यमा इन्द्रध्वजको वर्णन पद्य शैलीमा लेखिएको पाइएको छ :

पुरूहूतध्वजस्येव तस्योन्नयनपंक्तय: ।
नवाभ्युत्थानदर्शिन्यो नन्दु: सप्रजा प्रजाः ॥

अनुवाद :

तिनको (राजा रघुको) नयाँ देखेर सन्तानसहितका प्रजा आँखा उचालेर हेर्दै आनन्दित भए । यहाँ राजा रघुको उठानलाई इन्द्रध्वजका उठानसँग तुलना गरिएको छ र यो इन्द्रध्वजको उठानलाई शरद ऋतुमा देखाएर भाद्रमासको मध्यलाई सूचित गरिएको छ (पन्त, वि.सं.२०२६,पृ.३००) ।

नेपालमा मल्लकालमा ध्वजोत्सव मनाइन्थ्यो भन्ने कुराका निकै प्रमाण पाइन्छन् । शाहकालमा अझ धूमधामसँग ध्वजोत्सव मनाउन थालियो । त्यस बेलाका राजा, मन्त्री तथा ठूलठूला भारादारहरूले त्यसलाई निकै महत्व दिएका थिए भन्ने कुरा तात्कालिक प्रमाणबाट बुझिन्छन् । आजभोलि हनुमानढोकानगीचैको काकेश्वरमन्दिरनिर लिङ्गो उभ्याएर इन्द्रध्वजोत्सव गर्ने चलन छ। त्यो चलन श्री ५ प्रतापसिंह शाहले चलाएको देखिन्छ। त्यस वेलाका राजपुरोहित शक्तिवल्लभले इन्द्रध्वजोत्सव नामक पुस्तकपनि बनाएका थिए (पन्त, वि.सं.२०५२,पृ.३०२) ।

काठमाडौं उपत्यकाका मल्ल राजाहरू चाहिँ भाद्रशुक्ल एकादशीकै दिन इन्द्रध्वजोत्थान गर्दथे । यो कुरा तात्कालिक ग्रन्थ र ठ्यासफुहरूबाट ज्ञात हुन्छ । अट्को नारायणस्थान अगाडि आजभोलि पनि भाद्रशुल्क एकादशीको दिन *य:सिं* गाड्ने काम विविधपूर्वक सम्पन्न गरिन्छ । मल्लकालिक परम्पराको अवशेषको रूपमा यो देखिएको छ। हनुमानढोकाको प्राक्रूप यतातिरसम्म फैलिएको देखिनाले मल्लकालको *य:सिं* गाड्ने ठाउँ पनि यहीं नै थियो कि भन्ने अनुमान यताबाट हुन्छ। आजभोलि हनुमान्ढोकाको प्रांगणमा काकेश्वरको मन्दिरनिर *य:सिं* गाडिन्छ । यो चलन श्री ५ प्रतापसिंह शाहको पालादेखि मात्र चलेर आएको देखिन्छ । भाषा वंशावली अनुसार श्री ५ प्रताप सिंहले नुवाकोटमा लिंगो गाडे जस्तै काठमाडौंको पनि आफ्नो दरवार सामुन्ने लिंगो खडा गरी इन्द्रजात्रापछि लिंगो ढाल्ने नियम बनाई गुठी राखी प्रतिवर्ष यो जात्रा चलाएका थिए। उनैका दरवारिया पण्डित शक्तिवल्लभ भट्टाचार्यले लेखेको इन्द्रध्वजोत्सव नामक विस्तृत ग्रन्थ पनि पाइन्छ। त्यस ग्रन्थमा लेखिएको विधि आजभोलि गरिने इन्द्रध्वजोत्थानपनको परिपाटीसँग धेरै मिल्दोजुल्दो छ (वज्राचार्य, वि.सं.२०३३,पृ.१७२) ।

### ३.१.१ इन्द्रजात्रा र *य:सिं* परम्परा

नेपालमा देवताका राजा इन्द्रलाई युगौ देखि वर्षाको देवताको रूपमा मान्दै आएको पाइन्छ । "इन्द्रको पूजा उपासना मध्यकालीन नेपालमा पनि प्रचलित रहेको कुरा ने.स. ४९० को दोलखाको अभिलेखमा इन्द्र राजाको प्रतिमा स्थापना गरेको कुरा वर्णित भएबाट जानिन्छ । अर्को वर्षको बाह्र महिनामध्ये एउटालाई इन्द्रको महिनाको नामले वर्णन गरिएको छ। भाद्र महिनाललाई नेपालभाषामा ञंला भनिन्छ र त्यस महिनाको देवतालाई ञंलाद्यः को संज्ञा दिइएको छ। त्यस महिनामा यहाँ विशेष गरी इन्द्रको पूजा र जात्रा धुमधामले गरिन्छ" ( जोशी,वि.सं.२०३७,पृ.५६) ।

इन्द्रजात्रा काठमाडौंमा आठ दिनसम्म मनाइन्छ। काठमाण्डौं उपत्यकामा इन्द्रजात्रा भाद्र शुक्ल द्वादशीमा *य:सिं* ठड्याए पछि सुरू गरिन्छ। य:सिंलाई इन्द्रध्वज भनिन्छ। इन्द्रजात्राको अवसरमा इन्द्रध्वज उभ्याउने सन्दर्भमा किवंदन्ती प्रचलीत छ :

"प्राचीनकालमा असुर नाम गरेको एउटा दैत्यले इन्द्रलाई स्वर्घंको गद्दी छोडिदेउ नत्र लडाई गर्न आऊ भनी हाँक दिएको थियो । आखिर इन्द्रको र दैत्यको ठूलो लडाई भयो । श्री भगवान नारायणको मद्दत बाट इन्द्रले त्यस दैत्यलाई मारे र दैत्यको राज्य जिते । सोही उपलक्ष्यमा

आफूले जितेको राज्यमा आफ्नो झण्डा गाडिदिए । यसैलाई *यःसिं* भन्छन् । यो *यःसिं* (लिङ्गो) उभ्याउनेलाई नै इन्द्रजात्रा भनियो" (मुंनकर्मी,वि.सं.२०४३, पृ.१२९) ।

यो पर्व विशेषगरी इन्द्र, वर्षाका देवताको पूजा र सम्मानको लागि मनाइन्छ । यस अवसरमा काठमाडौंका विभिन्न स्थानहरूमा यःसिं (एक प्रकारको ध्वजस्तम्भ) ठड्याउने परम्परा छ, जसको प्रतीकात्मक महत्व धेरै छ । इन्द्रजात्रामा यःसिं ठड्याउने परम्पराले धार्मिक, सांस्कृतिक, र ऐतिहासिक महत्त्व बोकेको छ, जुन विभिन्न रूप र प्रतीकहरूमा देखिन्छ (हेर्नुहोस् चित्र स. १) ।

### ३.१.१.१ वसन्तपुर दरवार क्षेत्रमा मनाइने *यःसिं* परम्परा

वसन्तपुर दरबार क्षेत्रमा इन्द्रजात्राको अवसरमा यःसिं उठाउने पुरानो परम्परा छ । यो पर्व नेपालकै सबैभन्दा भव्य र धूमधामसाथ मनाइने सांस्कृतिक उत्सव हो । विघतमा सर्वसाधारण मात्र होइन, राजा महाराजाहरू समेत यो पर्वमा सक्रिय रूपमा सहभागी हुन्थे भने आजकल राष्ट्रपतिसमेत सहभागी हुने चलन छ। इन्द्रजात्रा आठ दिनसम्म मनाइन्छ, तर यो दिनगन्तीमा आधारित नभई चन्द्रमासको भाद्र शुक्ल द्वादशीदेखि आश्विन कृष्ण चौथीसम्म चल्ने गर्दछ । यस दौरान तिथिहरूमा कुनै परिवर्तन भएमा, जात्रा पनि सोही अनुसार लामो वा छोटो हुन सक्छ (शाक्य र मानन्धर, वि.सं. २०७७, पृ.७३) ।

इन्द्रजात्रा कुनै एकल जात्रा नभई विभिन्न देवी-देवताका नाच र पर्वहरूको समग्र समन्वय हो । हालसम्म पनि यो जात्रामा करिब दुई दर्जन धार्मिक तथा सांस्कृतिक गतिविधिहरू सम्पन्न हुन्छन् । ती नाच तथा पर्वहरू हनुमानढोका दरबारलाई केन्द्र बनाएर काठमाडौंका विभिन्न भागहरूमा सञ्चालन गरिन्छन् । जात्राको सुरूवात भाद्र शुक्ल द्वादशीका दिन बिहान हनुमानढोकाको कागेश्वर मन्दिरको प्रांगणमा यःसिं (इन्द्रध्वज) उठाएपछि ।

यःसिं उठाउँदा हनुमानढोकामा दीप्याखं (देवी नाच) प्रदर्शन गरिन्छ, जुन एक प्रकारको विशेष नृत्य हो जहाँ मुकुण्डो लगाएर नाचिन्छ । दीप्याखं इन्द्रजात्रामा सबैभन्दा पहिले प्रस्तुत हुने नृत्य हो । यो समूहमा कथामा आधारित भएर प्रस्तुत गरिन्छ, जसको आफ्नै विशिष्ट विधि, शैली र कथावस्तु रहेको पाइन्छ। यस नृत्यमा दैत्य बाहेक सबै पात्रहरूले मुकुण्डो लगाएर नाच्छन् ।

यःसिं उठाएपछि, हनुमानढोका परिसरमा रहेको श्वेत भैरव सर्वसाधारणको दर्शनका लागि खुला गरिन्छ । साथै, इन्द्रचोकमा रहेको आकाश भैरव र वटु टोलमा रहेको बाकादे

आजुको मूर्तिलाई पनि प्रदर्शनीमा राखिन्छ । काठमाडौंको भित्री शहरमा विभिन्न स्थानहरूमा भैरवका काठका मूर्तिहरू प्रदर्शन गरिन्छन् । त्यसै दिन लाखे, पुलुकिसी, सवःद्यः (हल्चोक आकाश भैरव), र महाकाली नाचहरू पनि प्रदर्शन गरिन्छ ।

यःसिं उठाएपछि साँझमा उपाकु परिक्रमा गर्ने परम्परा रहेको छ । यस दिन नेवार वज्रयानी बौद्ध समुदाय दिवंगतहरूको सम्झनामा धार्मिक पदयात्रा (उपाकु वनेगु) गर्दै काठमाडौंको भित्री शहरमा यात्रा गर्दछन्। यसले इन्द्रजात्रामा धार्मिक र सांस्कृतिक गतिविधिको महत्त्वलाई दर्शाउँछ ।

यःसिं उठाउने विधि र काठ लिने प्रक्रिया केन्द्रीय मानन्धर संघका सचिव गजेन्द्र मानन्धरका अनुसार, "यःसिंका लागि काठ लिन काभ्रेको नालास्थित जंगलमा जानु पर्छ । वनमा यःसिं लिन जानको लागि साइत हेरेर बल्ल वन प्रस्थान गरिन्छ । दिनेशराज पन्तले वि.सं. १९०० को कागतमा इन्द्रध्वजोत्सवको लागि साइत हेर्ने चलनको व्याख्या गरेका छन् । (जस्को विस्तृत उल्लेख परिशिष्ट ग मा गरिएको छ । ) यो जंगललाई 'यःसिंगुँ' भनिन्छ, जुन इन्द्रजात्राको लिङ्गोकै लागि छुट्याइएको हो । श्री ५ प्रतापसिंह शाहले नेपालका विभिन्न ठाउँमा यःसिं उठाउने चलन बन्द गरी हनुमानढोका दरबार अगाडि मात्रै यो कार्य गर्न निर्देशन दिएका थिए। तर अहिले यो सामुदायिक वनअन्तर्गत पर्छ र सामुदायिक वन उपभोक्ता समितिले रूख काट्न रोक लगाउँदा बीचमा एकपटक यःसिंको लिङ्गो लिन जाने काम बन्द भएको थियो । तर पछि मानन्धरहरूले पुनः यसको जिम्मेवारी लिएका छन् " (गजेन्द्र मानन्धर, व्यक्तिगत अन्तर्वार्ता, २१ चैत्र २०७९) ।

हनुमानढोका दरवारको नासल चोकमा वन जाने मानन्धर संघका पदाधिकारीहरू लाई दरवारका गुर्जुले टिका लगाई साइत गरी पठाइन्छ । त्यसमा गुर्जुको पल्टन समेत सहभागी हुन्छन् । यसलाई 'वन प्रस्थान' भनिन्छ (हेर्नुहोस् चित्र स. २) । *यःसिं* लिन वन प्रस्थान गर्ने, *यःसिं* उठाउने र ढाल्ने सबै साइत कृष्णाष्टमि सकिने बित्तिकै नै निकालि सकेको हुन्छ ।

वन प्रस्थान गर्दा एउटा कालो बोका पनि साथै लगिन्छ । पहिले पहिले वनमा उक्त कालो बोकालाई छोड्ने र उसले सबैभन्दा पहिले जुन रूखलाई सिङले हान्छ त्यही रूख काट्ने भन्ने चलन थियो । तर अहिले त्यसो नगरी यःसिंको लागि उपयुक्त रूख पहिल्यै छान्ने र पछि त्यही रूखमा बोका बलि दिई रूख काट्ने गरिन्छ । रूख काट्नु अघि वन देवीलाई पुजा गरिन्छ, अनि काटिन्छ । रूखलाई बलि दिइएको बोकाको मासु फिर्ता ल्याउनु हुन्न भनिन्छ, त्यसैले त्यही राति मासु पकाएर सबै खाइवरि सक्ने चलन छ । जंगलको बीचमै एउटा सानो

सत्तल बनाइएको छ । त्यहीं रात विताउनु पर्दछ (गजेन्द्र मानन्धर,व्यक्तिगत अन्तवार्ता, २१ चैत्र २०७९ वि.सं.) (हेर्नुहोस् चित्र स.३) ।

भोलिपल्ट बिहान झिसमिसेमै रूख काट्न शुरू हुन्छ । काट्नु अघि रूखलाई सेनाको टुकडीले सलामी गर्छ र काटिसके पछि तोप पड्काएर बढाइँ पनि गरिन्छ । पहिले पहिले यसरी *य:सिं* तानेर ल्याउँदा बाटोमा पर्ने खेतबाट समेत घिसार्नुपर्ने हुन्थ्यो । त्यहाँ एउटा खोला थियो । त्यो ज्यादै घुमाउरो पनि थियो । त्यसैले य:सिंलाई घुमाउँदै ल्याउँदा अर्काको खेतमा समेत घिस्रिन पुग्थ्यो । त्यो बेला खेतमा धान लागिरहेको हुन्थ्यो । वाली जम्मै कुल्चिने भएकाले स्थानीय मानिसहरू झगडा गर्न आउथे । तर साथमा गुर्जुको पल्टन र सेनाका जवानहरू पनि हुने भएकाले झगडा चर्किन भने पाउँदैनथ्यो । ल्याउँदा बाटो पनि एकदमै सुनसान हुन्थ्यो ( गजेन्द्र मानन्धर,व्यक्तिगत अन्तवार्ता, २१ चैत्र २०७९ वि.सं.) ।

पहिले पहिले *य:सिं* ल्याउँदा यो नालाबाट भक्तपुर-सानो ठिमी-पुरानो वानेश्वर-डिल्लीबजार-बागबजार हुँदै भोटाहिटी पुऱ्याइन्थ्यो । अहिले नयाँ बाटो बनेपछि नालाबाट भक्तपुरको च्याम्हसिंह-जगाती-सूर्यविनायक-वानेश्वर-भद्रकाली हुँदै भोटाहिटी पुऱ्याइन्छ । भोटाहिटीमा य:सिंको सिरानी रहने ठाउँमै एउटा ढुंगाको मण्द: (मण्डला) पनि राखिएको छ । सडक पीच गर्दा त्यो मण्डला हराइ पनि सकेको थियो । पछि फेरि त्यसलाई निकालियो । भोटाहिटीको यो ठाउँ मल्लकालमा नगरको बाहिरी भाग थियो । नगर प्रवेशको लागि यहाँ एउटा ढोका पनि राखिएको थियो । यो ठाउँमा चार दिनसम्म य:सिंलाई त्यसै सुताएर राखिन्छ । त्यतिबेला पनि यसलाई पूजाआजा भने गरिन्छ । य:सिंलाई कसैले कुल्चिने वा नाघेर जाने गर्दैन (शाक्य र मानन्धर,वि.सं.२०७७,पृ.८०) ।

चार दिन पछि कायाष्टमीका दिन *य:सिं* लाई त्यहाँबाट तानेर सिधा हनुमानढोका पुऱ्याइन्छ । त्यति बेला पनि गुर्जुको पल्टन र राज खड्ग साथै आएको हुन्छ । यसलाई 'नगर प्रवेश' भनिन्छ । त्यसरी तानेर लगेको य:सिंलाई हनुमानढोका दरवार परिसरको *य:सिं* उठाउने खाल्डोको छेउमा लगेर राखिन्छ (जस्को विस्तृत उललेख परिशिष्ट घ मा गरिएको छ) ।

द्वादशीका दिन बिहानीको साइतमा *य:सिं* उठाइन्छ । (हेर्नुहोस् चित्र सं. ४) *य:सिं* कुनै पनि मेशिन वा नयाँ प्रविधि प्रयोग नगरी पुरानै परम्परागत विधिले उठाउने गरिन्छ । *य:सिं* उठाइसके पछि त्यसको माथिबाट ध्वजा फहराइन्छ, जसलाई 'हलिंपता:' भनिन्छ । य:सिंमा झुण्डाउने हलिपटामा इन्द्रसँग सम्बन्धित चिन्हहरू अंकित गरिएको छ । य:सिंको माथि गजुर जस्तै यस्तो भोगते राखिन्छ (हेर्नुहोस् चित्र सं. ५) फेदमा हात्ति माथि चदेको इन्द्रको सानो

आकारको सुवर्ण मूर्ति राखिन्छ । इन्द्रजात्राको आठ दिन यहाँ प्रदर्शन गरिसके पछि हलिंपताः र इन्द्रको मूर्ति दुवै गुठी संस्थानमा सुरक्षित राख्न लगिन्छ । *यःसिं* ठड्याइसके पछि त्यसलाई आठ टुक्रा काठले घेरेर राखिन्छ । यो सम्भवतः अष्टमातृकाले प्रतिकात्मक रूपमा सुरक्षा दिएको हुन सक्छ । यो काठलाई *'लाकासिँ'* भनिन्छ । *यःसिं*लाई सुरक्षा दिने काम भने पुरानो गुह्येश्वरीका स्थानीय पुतुवारहरूले गर्ने गर्दछ । *यःसिं* उठाएको दिनदेखि पुतुवारहरू दिनरात त्यहीं बसेर यःसिंको सुरक्षामा खटिन्छन् । *यःसिं* उठाए पछि इन्द्रजात्रा आरम्भ भएको मानिन्छ ।"

डेनियल राइटका अनुसार पहिले पहिले *यःसिं* उठाउँदा इन्द्रजात्रामा नचाउनुपर्ने सबै सांस्कृतिक नाचहरू हनुमानढोकामा भेला भई प्रदर्शन गर्ने चलन थियो । अहिले किलागलको *दीप्याखं* एउटा मात्रै प्रदर्शन गर्ने गरिएको छ (राइट, ई.सं.१८७७, पृ.३८) । *यःसिं* उठाउने बेला हनुमानढोकामा किलागलको *दीप्याखं* (देवीनाच) पनि नचाउने गरिन्छ । *दीप्याखं* इन्द्रजात्रामा निकालिने पहिलो नाच हो । त्यस्तै राजाको प्रतीक स्वरूप खड्ग पनि उपस्थित गराउने चलन छ ।

बाबुराम आचार्यका अनुसार इन्द्रध्वजलाई इन्द्रको प्रतीकका रूपमा पुराणहरूमा मानिएको पाइन्छ । इन्द्रदेव अन्तरिक्षभन्दा पनि माथि द्विमा रहने देवता हुनाले इन्द्रध्वजालाई पनि सम्भव भएसम्म माथि पुऱ्याउनुपर्ने विचार उत्पन्न भएर इन्द्रध्वजा टाँगिने लिङ्गो भरसक अग्लो बढाउने चलन छ (आचार्य, वि.सं.२०५४, पृ. १११) ।

इन्द्रजात्राको अन्तिम दिन रातको साइतमा *यःसिं* ढालिन्छ । ढाल्नु अघि इन्द्रको ध्वजा अर्थात 'हलिंपताः' निकालिन्छ र त्यसलाई शिलप्याक गरी गुठी संस्थानलाई बुझाइन्छ । त्यसपछि ढालिएको यःसिंलाई तान्दै क्वहिति, हिउमतको बाटो टेकू दोभानमा लगेर सेलाइन्छ । टेकूमा छोडिएको *यःसिं* पहिले पहिले त त्यहीं बस्ने साधुहरूले लगेर धुनी बाल्ने गर्थे । अहिले जोकोहीले पनि काटेर लाने गरेको पाइन्छ ।

यति गरिसके पछि इन्द्रजात्राको सम्पूर्ण काम त सकिन्छ तर यःसिंको काम भने सकिएको हुँदैन । रूख काटेर ल्याए वापत वनैमा गएर फेरि एउटा क्षमा पुजा गर्नुपर्ने हुन्छ । शिवरात्रि सकिने बित्तिकै एउटा राम्रो साइत निकालेर नालाको वनमै गएर उक्त पूजा गरिन्छ । पहिले राजतन्त्र हुँदा राजदरवारबाटै पूजाको लागि आवश्यक सबै व्यवस्था गरिन्थ्यो । ५० वटाभन्दा बढी टपरीमा पूजाका सरजाम राखिन्थ्यो । पूजा पनि मूल पुरोहितबाटै गरिन्थ्यो । अहिले भने हनुमानढोकाको पुजारीबाटै यो काम सम्पन्न भइरहेको छ । यसमा गत वर्ष

काटिएको रूखको एक टुक्रा राखेर होम गर्ने गरिन्छ । यसैको लागि भनेर पहिले रूख काटेकै बेला एक टुक्रा छुट्याएर राखिएको हुन्छ । "यस वर्षको इन्द्रजात्रा विघ्न बाधा बिना सम्पन्न भयो, यसको लागि वन देवीलाई धन्यवाद भन्दै अब अर्को वर्षको लागि फेरि लिङ्गो लिन आउने छौं" भन्ने संकल्पका साथ उक्त पूजा गर्ने गरिन्छ ।

*'य:सिं थनेगु'* इन्द्रजात्राकै एक महत्वपूर्ण र प्रमुख कार्य हो । इतिहास र धार्मिक ग्रन्थहरूमा यसको महिमा र विधि बारे धेरै कुराहरू उल्लेख गरिएको पाइन्छ । 'अथर्वपरिशिष्ट' भन्ने उत्तर वैदिककालीन ग्रन्थमा ध्वजा उठाइसके पछि त्यसमा गृद्ध, काक, कपोत (परेवा) आदि पक्षीहरू बसे भने अनिष्ट हुने भएकोले शान्ति गर्नु पर्छ भनिएको छ । *य:सिं* ढाल्दा भाँचिएमा, *य:सिं* उठाउने डोरी छिनेमा, पताका झरेमा पनि अशुभ मानिन्छ । य:सिंलाई बाजागाजासहित ल्याएर शहरको बाहिर राख्ने र (केही दिन पछि) पछि त्यहाँबाट त्यसरी नै उठाउने ठाउँसम्म पुऱ्याउने भनेर कालिका पुराण र देवी पुराणमा लेखिएको छ (कोइराला, वि.सं.२०४२: १७) । यी विधानहरूलाई हाल पनि पालना गर्ने गरिएको छ ।

कालिका पुराणमा इन्द्रको मूर्ति तल फेदमा राखेर पुजा गर्ने, इन्द्रकी धर्मपत्नी इन्द्रायणी, सारथी, पुत्र जयन्त, वज्र, बाहन ऐरावत हात्तीलाई पूजा गर्नुपर्ने कुरा पनि उल्लेख छ । *य:सिं* उठाउँदा बाजागाजा सहित हर्षउल्लासका साथ उठाउने र ढाल्दा चाहिँ भरणी नक्षत्रको चौथो पाउ पारेर रात्रिमा राजाले नदेख्ने गरी शान्त वातावरणमा *य:सिं* नभाचिने गरी ढाल्नु पर्छ भनेर पनि लेखिएको छ । 'इन्द्रध्वजाको विसर्जन गर्दा मंगलवार, शनिवार पऱ्यो भने भूकम्प आदि उत्पात भएको बेला विसर्जन नगर्नू । ढालेर गहिरो पानीमा विसर्जन गर्नू' त्यसमा लेखिएको छ (कोइराला, वि.सं.२०४२: १७) ।

इन्द्रध्वज अर्थात *य:सिं* विसर्जन गर्दा राजपुरोहित आफै उपस्थित हुने र य:सिंलाई सेलाउनु अघि त्यसमा चामल, टिका र फूल चढाई पूजा गर्ने चलन समेत रहेको छ । ( तोफाँ,ई.सं.१९९२,पृ.७८) पहिले खोलामा सेलाइएको उक्त *य:सिं* खास गरी पचली भैरवका *द्य:पा:ला:*हरूले लाने गर्दथे । उक्त *य:सिंको* एक टुक्रा बालेर त्यसको खरानी पचली भैरवको मन्दिरमा छर्कने चलन पनि थियो । पछि स्थानीय *द्य:पा:ला:* (पोडे पूजारी) हरूसँग मानन्धरहरूले *य:सिं*को काठ किनेर लगी आफ्नो तेल पेल्ने सालमा तोरी पकाउन बाल्ने पनि गरेका थिए (गजेन्द्र मानन्धर,व्यक्तिगत अन्तवार्ता, २१ चैत्र २०७९ वि.सं.) ।

तर हाल *य:सिं* सेलाइसके पछि उक्त काठलाई के गरिन्छ भन्ने विषयमा विभिन्न लेखकहरूको फरक मत रहेको देखिन्छ । लेखक कुलचन्द्र कोइरालाले य:सिंको काठलाई त्यहीं

बस्ने साधुहरूले लिई धुनी बाल्ने गरिन्छ भनी लेख्नुभएको छ (कोइराला, वि.सं.२०४२, पृ.५२) भने अर्का लेखक जेरौं तोफाँले त्यहाँ बस्ने *द्यःपाःलाः*हरूसँग मानन्धरहरूले किनेर आफ्नो तेल पेल्ने सालमा बाल्ने गरिन्छ (तोफाँ,ई.सं.१९९२,पृ.७८) भनी लेख्नुभएको छ । यस सम्बन्धमा हामी अनुसन्धानकर्ताले बुझ्दा काठमाडौंमा तेल पेल्ने सालहरू त्यति धेरै सञ्चालनमा नभएको र सो सम्बन्धमा बुझ्दा हाल उक्त यःसिंको काठ किनेर लाने गरेको देखिएन । बरू टेकुमा सेलाइएको यःसिंको काठलाई स्थानीय *द्यःपाःलाः* र अरू स्थानीयहरूले नै लिएर आफूखुशी उपयोग गरिरहेको पाइयो । यःसिंको काठ पुनर्प्रयोग सम्बन्धमा भक्तपुर लगायत काठमाडौंका अरू विभिन्न स्थानमा उठाउने यःसिंलाई ढालिसके पछि पुनः अर्को वर्ष पनि प्रयोगमा ल्याइन्छ भने इन्द्रजात्रामा उठाइने *यःसिं* भने जात्रा सकेपछि सेलाउने र अर्को वर्षको लागि नयाँ नै रूख काटेर ल्याउने गरिन्छ ।

शास्त्रीय विधि अनुसार इन्द्रध्वजा राजदरवारको मूल ढोका अगाडि खडा गरिने भएकोले राजमहल पनि प्राचीन वास्तुशास्त्रानुसार शहरको मध्य भागमा नै निर्माण गरिन्थ्यो । शास्त्रानुसार शहर निर्माण गर्ने गुणकामदेवले शहर मध्य भाग अर्थात् दक्षिण कोलिग्रामको उत्तर तथा उत्तरकोलिग्रामको दक्षिणमा खाली रहेको चौरमा इन्द्रध्वजोत्थान गरी शुभाशुभ विचार गरेर त्यसको दक्षिण पूर्वमा आफ्नो राजप्रसाद बनाए । यस पछि इन्द्रजात्राको पर्व पनि व्यवस्थित रूपमा चल्यो । पाटन र भक्तपुरमा इन्द्रजात्राको पर्व चले पनि ध्वजोत्थानको ठाउँ शास्त्रसम्मत थिएन भन्ने कुरा थाहा हुन्छ (कोइराला, वि.सं.२०४२, पृ.५२) ।

वसन्तपुर दरबार क्षेत्रमा ठड्याइने यःसिंलाई विशेष रूपमा इन्द्रध्वजको प्रतीकका रूपमा लिइन्छ । इन्द्रध्वज भनेको इन्द्रदेवको ध्वज, वा झण्डा हो, जसले विजय, शक्ति, र वर्षाको देवता इन्द्रको सम्मान गर्ने संकेत गर्दछ । यस यःसिंको उठानले इन्द्रजात्रा सुरू भएको संकेत दिन्छ । यःसिं ठड्याएपछि यसले जनतालाई इन्द्रजात्रा (यँया) सुरू भएको औपचारिक घोषणा गर्छ । धार्मिक मान्यताअनुसार, यसले इन्द्रजात्राको सुरूबाट अन्त्यसम्म देवता इन्द्रको आशीर्वाद र उनको उपस्थिति सुनिश्चित गर्दछ । इन्द्रजात्रामा यःसिंलाई मात्र ध्वजको रूपमा होइन, तर विजय उत्सवको प्रतीकका रूपमा पनि लिइन्छ । इन्द्रको शक्तिशाली विजय र उनको आशीर्वादले वर्षा र समृद्धि ल्याउँछ भन्ने विश्वासले यो परम्परा चलेको हो । वसन्तपुरको यःसिंले विजयको भावना बोकेको छ, जसले देवताहरूको समर्थन र सफलताको प्रतीकात्मकता झल्काउँछ । यसले जात्राको धार्मिक पक्षलाई मात्र नभई सांस्कृतिक र ऐतिहासिक पक्षलाई पनि बल दिन्छ ।

### ३.१.१.२ टेवहालमा प्रचलित *यःसिं* परम्परा

काठमाडौंको मुटुमा अवस्थित एउटा चर्चीत स्थान जसलाई टेवहाल वा संकटा मन्दिर भनेर चिनिन्छ, त्यस स्थान एउटा विहार हो र "राजकीर्ति महाविहार" को नामले प्रसिद्ध छ। (हेर्नुहोस् चित्र सं. ६) एन.ए.सी (नेपाल एयरलाएन्स कर्पोरेसन) भवनको पछाडि पश्चिमतर्फ एउटा ठूलो खुल्ला ठाँउ छ। चारैतिर घरहरू तथा मन्दिर र चैत्य छन्। धेरै नै प्रचार भै सकेको यस बहालको नाउँ संस्कृत भाषामा प्रचण्डशील महाविहार हो (वज्राचार्य,वि.सं. २०५३,पृ. १९)। तर मानिसहरूले टेबहाल, टेबहा (पुरानो नेवारी नाउँ) पनि भन्ने गर्दछन्। यस विहारलाई बन्धुदत्त महाविहार पनि भन्दछन्। यस विहारमा आचार्य गुरू बन्धुदत्त यस विहारमा रहेकोले नै यस विहारको नाउँ रहनगएको देखिन्छ।

गोपालवशांवलीमा दुई जनाले राजविहार बनाएको उल्लेख गरिएको छ। एक ठाँउमा "राज श्रीधर्म्मदेव ।.... तेन.... राजविहार धमरेचैत्यभटारिके प्रतिष्ठितम्" भनी लेखीएको छ। साथै अंशेवर्माले पनि राजविहार बनाउन लाएको कुरा "श्रीअंशुवर्मा....तेन च राजविहार कृतं" भनी लेखिएको छ। यहाँ उल्लिखित विशिष्ट विहार 'राजविहार' कसले बनाएकोचाहिं हो; निश्चय गर्नु गाह्रो छ। धनवज्र वज्राचार्यका अनुसार अंशुवर्माले बनाउन लाएको राजविहार नै यो हो (वज्राचार्य,वि.सं.२०३०,पृ.३२४)। यस विहारमा बज्राचार्यहरूको भनाई अनुसार संकल्प वाक्य पढ्दा "राजकीर्ति महाविहारोत्पन्न" भन्ने चलन छ (अमोल बज्राचार्य, व्यक्तिगत अन्तर्वार्ता, १८ भाद्र वि.सं.२०७९) ।

यस आधारमा विचार गर्दा राजविहार निर्माण गर्ने राजाहरू धर्मदेव र अंशुवर्मा हुन्। ती दुई मध्य कसले राजविहार स्थापना गरेका हुन् एकीनसाथ भन्न नसकिए तापनि विहारको संकल्प वाक्यको आधारमा राजकीर्ति महाविहार पहिले नै भैसकेको देखिन्छ। अहिले यस विहारलाई विभिन्न विद्वानहरूको भनाइ अनुसार बन्धुदत्त विहार, त्रिरत्न विहार, तेधो विहार, तीर्थविहार तेतबहा आदि नामले सम्बोधन गरिएको छ (अमोल बज्राचार्य, व्यक्तिगत अन्तर्वार्ता, १८ भाद्र वि.सं.२०७९) ।

यस विहारको स्थापना सम्बन्धमा किम्बदन्ती प्रचलीत छ।

लिच्छवी राजा श्री नरेन्द्रदेवको शासनकालमा नेपालमा दुर्भिक्ष र अनावृष्टि हुँदा जनतामा ठूलो हाहाकार मच्चिएको थियो। तत्कालीन संकट निवारणका लागि राजाले कामरूप कामाक्ष (आजको भारतको आसाम राज्य) स्थित पीठमा विराजमान रहेका श्री रातो मच्छेन्द्रनाथ

(श्री आर्यावलोकितेश्वर) लाई काठमाडौँ उपत्यकामा ल्याउने निर्णय गरे । यस कार्यका लागि राजाले शान्तिकराचार्यलाई आह्वान गरे। शान्तिकराचार्यले आफ्नो शिष्य श्री बन्धुदत्त आचार्यलाई यो आदेश पालन गर्न निर्देशित गरे (वज्राचार्य,वि.सं. २०५३,पृ. १) ।

आज्ञा अनुसार, बन्धुदत्त आचार्यले कामरूप कामाक्षमा राक्षस कुलमा जन्मिएका श्री करूणामयलाई नेपाल ल्याए । श्री करूणामयलाई कान्तिपुर (काठमाडौँ) ल्याउँदा, श्री संकटा पनि उहाँको पछि पछि काठमाडौँमा विराजमान हुन आइपुग्नुभयो । जनश्रुति अनुसार, श्री संकटा कटुवालदह पुगेपछि आफ्नो दायाँ हात देखाउनुभयो, र त्यो हातको छाप कटुवालदहको शिलामा आज पनि देख्न सकिन्छ । नेपाल भाषामा 'पाल्हा' अर्थात् हात देखाउनु भन्ने भएकाले, यसलाई 'पाल्हा द्यः' भनेर पुकार्ने चलन सुरू भयो (वज्राचार्य,वि.सं. २०५३,पृ. १,२) । ।

केही दिनसम्म श्री संकटालाई कटुवालदहको पर्वतमा विराजमान गराइयो । त्यसपछि, रातो मच्छेन्द्रनाथलाई ललितपुरको तःबहालमा जति जमिन दिइएको थियो, त्यत्तिकै जमिन राजा श्री नरेन्द्रदेवले श्री संकटा मन्दिर निर्माणका लागि कान्तिपुरको राजकीर्ति महाविहार ( टेवहाल) मा उपलब्ध गराए । त्यहाँ मन्दिर निर्माण गराई श्री संकटा देवीलाई विधिवत रूपमा विराजमान गराइएको थियो (वज्राचार्य,वि.सं. २०५३,पृ. २) ।

यसरी लिच्छविकालमै विकसित भएको यस महाविहार एक महत्वपूर्ण तीर्थस्थलका रूपमा मानिन्छ, जहाँ संकटा मन्दिरको स्थापना गरिएको हो ( हेर्नुहोस् चित्र सं. ७) ।

इन्द्रजात्राको भव्य अवसरमा हनुमानढोका परिसरमा मात्रै नभएर काठमाडौँको टेवहालमा पनि *यःसिं* ठड्याउने परम्परा छ। हनुमानढोकामा ठड्याइने यःसिंको जस्तै, टेवहालमा पनि *यःसिं* इन्द्रजात्राको पूरै अवधिभरि, अर्थात् ८ दिनसम्म उठाएर राखिन्छ। *यःसिं* ठड्याउँदा विशेष साइतको निर्धारण गरिन्छ, तर टेवहालको यःसिंलाई ठड्याउने साइत हनुमानढोका परिसरमा ठड्याइएको *यःसिं* पछि मात्रै लिइन्छ । हनुमानढोकामा विधिवत रूपमा *यःसिं* ठड्याएपछि मात्र यहाँ साइत हेरेर *यःसिं* उठाइन्छ ।

टेवहालको यःसिंको मुख्य विशेषता भनेको, यसमा इन्द्रदेवको मुकुट राख्ने परम्परा हो, जसलाई पूर्व दिशातर्फ फर्काएर ठड्याइन्छ । यो परम्पराले दुईवटा विशेष अर्थ दिन्छः पहिलो, इन्द्रजात्रा सुरू भएको संकेत गर्न र दोस्रो, इन्द्र महाराजलाई वर्षाका लागि धन्यवाद दिन ( सानुकाजी डंगोल,व्यक्तिगत अन्तर्वार्ता,०३ कार्तिक, २०७९ वि.सं.) । यस यःसिंमा प्रयोग गरिने इन्द्र महाराजको मुकुट पितलबाट बनेको छ, जसलाई सुनको जलप लगाइएको हुन्छ । मुकुटको

साथसाथै, इन्द्रको दुईवटा हात पनि देख्न सकिन्छ, जुन बाँसको सहायताले निर्माण गरिन्छ ( हेर्नुहोस् चित्र स.८) ।

इन्द्रदेवको मुकुटलाई यस य:सिंसँग जोडेर ठड्याइन्छ, जसले इन्द्रकै प्रत्यक्ष उपस्थितिको प्रतीक मानिन्छ । टेवहालको यस परम्परामा इन्द्रदेवको सम्मान गर्दै उनको आशीर्वाद प्राप्त गर्न जनसमुदायले य:सिंको पूजा गर्ने परम्परा चलाएको छ । यो य:सिं उठाउनुको कारण इन्द्रको शक्ति र समर्थनलाई जागृत गर्ने हो, जसले समृद्धि र सुख-शान्ति ल्याउँछ भन्ने जनविश्वास छ । इन्द्रजात्राको अर्को प्रमुख पक्ष भनेको वर्षाको देवता इन्द्रलाई धन्यवाद दिनु हो । यस पर्वमा इन्द्रले दिएको वर्षा र समृद्धिका लागि धन्यवाद ज्ञापन गर्ने परम्परा रहेको छ । वर्षाको माध्यमबाट उर्वरता र कृषि उत्पादनमा भएको प्रगतिको लागि इन्द्रलाई श्रद्धा अर्पण गर्न य:सिं ठड्याइन्छ । यसरी इन्द्रदेवको सम्मान गर्दै हरेक वर्ष इन्द्रजात्रा मनाइन्छ, जसले कृषि समुदायमा ठूलो महत्व राख्छ ।

यस य:सिंको अर्को महत्वपूर्ण र रोचक पक्ष भनेको यसको टुप्पोमा “धुँ स्वाँ” (गुच्चा फूल) राख्ने परम्परा हो (हेर्नुहोस् चित्र स. ९)  जसलाई अत्यावश्यक मानिन्छ र कुनै पनि हालतमा छुटाउन मिल्दैन । यो फूल सहजै उपलब्ध नहुने भएकोले, हरेक वर्ष विशेष रूपमा गुह्येश्वरीको जङ्गलमा गएर यसलाई खोज्ने परम्परा रहेको छ, जहाँ यो फूल प्रशस्त पाइन्छ ( सानुकाजी डंगोल,व्यक्तिगत अन्तर्वार्ता,०३ कार्तिक, २०७९ वि.सं.) ।

*य:सिं* प्रत्येक वर्ष नयाँ बनाइँदैन। जबसम्म प्रयोग भइरहेको *य:सिं* बिग्रिँदैन, त्यही य:सिंलाई हरेक वर्ष ठड्याउने र ढाल्ने कार्य गरिन्छ। हाल प्रयोगमा रहेको *य:सिं* करिब १५ वर्ष पुरानो हो । इन्द्रजात्राको विधि अनुसार, हनुमानढोका परिसरमा ठड्याइएको *य:सिं* विधिवत रूपमा ढालिसकेपछि मात्रै टेवहालको *य:सिं* ढालिन्छ । य:सिंलाई ठड्याउने र ढाल्ने प्रक्रिया पूरा भएपछि यसलाई भद्रकाली गुठीको द्यः छे (गुठी घर) को पछाडिपट्टि राखिन्छ (हेर्नुहोस् चित्र स.१०) ।

जब *य:सिं* समयक्रमसँगै कुहिन थाल्छ, तब नयाँ य:सिंको व्यवस्थापन गरिन्छ । *य:सिं* बनाउन आवश्यक रूखको लागि चोभारको जङ्गलबाट रूख ल्याइन्छ । गुठीयारहरू चोभारमा गएर *य:सिं* निर्माण गर्न उपयुक्त र मनपर्ने रूख छनोट गर्छन ् रूख छनोट भएपछि, वन विभागबाट स्वीकृति प्राप्त गरिन्छ र त्यसपछि मात्र रूख ढाल्ने काम गरिन्छ । यस कार्यको लागि वन विभागमा एक निश्चित दस्तुर तिर्नुपर्छ, जसलाई “बँ” जरिवाना भनिन्छ (सानुकाजी डंगोल,व्यक्तिगत अन्तर्वार्ता,०३ कार्तिक, २०७९ वि.सं.) ।

यसरी, य:सिंको निर्माण, व्यवस्थापन र यससँग सम्बन्धित सम्पूर्ण प्रक्रिया एकदमै परम्परागत र विधिपूर्वक गरिन्छ, जसले यस सांस्कृतिक प्रतीकलाई जीवन्त राख्न महत्त्वपूर्ण भूमिका खेल्छ ।

### ३.१.१.३ पशुपति क्षेत्रमा *य:सिं* परम्परा

पाशुपत क्षेत्रमा भाद्रशुक्ल द्वादशीका दिन इन्द्रध्वज स्थापना गर्ने प्रचलन छ । त्यस दिन पशुपति मन्दिरको पश्चिमतिर पर्ने कुलानन्द झा सत्तलको पश्चिम डबलिमा, पशुपतिनाथ भीमसेन मन्दिरको उत्तर तथा जयवागेश्वरीको हरिसिद्धि सत्तलनजिक इन्द्रध्वजको प्रतीक *य:सिं* ठड्याउने परम्पराछ । इन्द्रजात्राको दिन देउपाटन क्षेत्रमा एकजना व्यक्तिको संरक्षणमा रहेको इन्द्रको धातुको मूर्तिलाई पूजा गरी रथमा राखेर पाशुपत क्षेत्रको परिक्रमा गराइन्छ । उक्त जात्राको सुरूवात देउपाटन भेगका स्थानीय मानिसहरू मिलेर गरेका हुन् ( खनाल,वि.सं.२०७७,पृ.४११) ।

देउपाटनमा इन्द्रजात्रा मनाउने परम्परा २०३५ सालपछि सुरू भएको मानिन्छ । यस क्षेत्रको इन्द्रजात्रा विशेष रूपमा पाशुपत क्षेत्रमा सम्पन्न हुन्छ, र यसको मुख्य आकर्षण रथारोहण (रथयात्रा) हो । यो जात्रा वत्सलेश्वरी मन्दिरको प्राङ्गणबाट सुरू हुन्छ, जसले धार्मिक र सांस्कृतिक महत्त्वलाई उजागर गर्छ । वत्सलेश्वरी मन्दिरबाट सुरू भएको यो रथयात्रा क्रमशः भुवनेश्वरी, इँटापाखा, जयबागेश्वरी, दथु टोल, र पाँचुगणेश हुँदै अघि बढ्छ । यी सबै स्थानहरू काठमाडौँ उपत्यकाका ऐतिहासिक र सांस्कृतिक रूपमा महत्वपूर्ण ठाउँहरू हुन्, जसले गर्दा जात्राको महत्व झन् बढाउँछ ।

रथयात्रा पशुपतिनाथ मन्दिरको पश्चिमी बाहिरी ढोकासम्म पुगेपछि यसलाई वज्रघरमा विसर्जन गर्ने परम्परा छ । यो परम्परा स्थानीय समुदायले पुस्तौंदेखि चलाउँदै आएको छ, र यसले पाशुपत क्षेत्रको सांस्कृतिक धरोहरलाई जीवन्त राख्न महत्त्वपूर्ण भूमिका खेल्छ । उपत्यकाका विभिन्न भागहरूमा वामन द्वादशीको दिन ठड्याइएका इन्द्रध्वजहरूलाई आश्विन कृष्ण चतुर्थीका दिन विधिवत रूपमा ढाल्ने परम्परा पाइन्छ । यसैगरी, पाशुपत क्षेत्रमा ठड्याइएको *य:सिं* (इन्द्रध्वज) पनि चतुर्थीका दिन विधिपूर्वक ढालिन्छ । यो प्रक्रिया धार्मिक विधि र समयको अनुसरण गर्दै सम्पन्न गरिन्छ, जसले परम्परागत धार्मिक गतिविधिहरूको निरन्तरतालाई सुनिश्चित गर्छ ।

पाशुपत क्षेत्र (पशुपतिनाथको क्षेत्र) पनि इन्द्रजात्रासँग गहिरो सम्बन्ध राख्ने ठाउँ हो । यहाँ भाद्रशुक्ल द्वादशीका दिन इन्द्रध्वज (य:सिं) स्थापना गर्ने प्रचलन छ । यो य:सिं इन्द्रजात्रा सुरू भएको संकेत दिनकै लागि ठड्याइन्छ, जसले पाशुपत क्षेत्रको धार्मिक महत्वलाई अझै बलियो बनाउँछ । इन्द्रजात्रामा पाशुपत क्षेत्रमा ठड्याइने य:सिंले इन्द्रदेवको शक्ति र आशीर्वादलाई महत्व दिन्छ र यहाँको धार्मिक गतिविधिको मुख्य अंगको रूपमा परिचित छ ।

यसरी इन्द्रजात्रामा ठड्याइने य:सिंहरूले विभिन्न धार्मिक र सांस्कृतिक प्रतीकहरूको प्रतिनिधित्व गर्छन् । वसन्तपुरमा इन्द्रध्वजको प्रतीक, टेवहालमा इन्द्रको मुकुट सहितको य:सिं, र पाशुपत क्षेत्रमा इन्द्रध्वजको स्थापना सबैले इन्द्रजात्राको महत्त्वपूर्ण पक्षहरूलाई उजागर गर्छन् । यी य:सिंहरूको उठानले केवल जात्राको सुरूवातको संकेत मात्र दिँदैन, तर देवता इन्द्रको शक्ति, विजय, र वर्षाका लागि धन्यवाद प्रकट गर्ने महत्वपूर्ण सांस्कृतिक परम्परा पनि हो ।

यसरी, पाशुपत क्षेत्रमा इन्द्रजात्रा विशेष रूपले सांस्कृतिक महत्वको पर्व हो, जहाँ विभिन्न स्थानहरूमा जात्रा सञ्चालन गरी, त्यसलाई धार्मिक र सांस्कृतिक रूपले सम्पन्न गरिन्छ ।

### ३.१.२ पाँहाचह्रे र *य:सिं* परम्परा

नेपाल वर्षभरि विभिन्न प्रकारका जात्रा र पर्वहरू सञ्चालन भइरहने देश हो । ती मध्ये धेरैजसो जात्रा र पर्वहरू काठमाडौँ उपत्यकामा मनाइन्छन् । त्यसैले काठमाडौँ उपत्यकालाई जात्रा र पर्वहरूले भरिएको सांस्कृतिक नगरका रूपमा पनि चिनिन्छ । काठमाडौँमा मनाइने विविध जात्रा पर्वहरूमध्ये एक प्रमुख पर्व “पाहाँचःऱ्हे“ हो । उपत्यकाका नेवाः समुदायले मनाउने पाहाँचःऱ्हे नखः (पर्व) लाई दशैंपछिको ठूलो चाडको रूपमा लिने गरिन्छ। काठमाडौँ उपत्यकामा, विशेष गरी काठमाडौँ शहरमा धुमधामका साथ मनाइने यो चाड इन्द्रजात्रा (यँयाः) जस्तै एक प्रमुख पर्व हो । नेपालका विभिन्न संस्कृतिविद्हरूले पाहाँ चःऱ्हेलाई एक अत्यन्त महत्त्वपूर्ण र ठूलो पर्वका रूपमा व्याख्या गरेका छन् ।

चुन्दा वज्राचार्यले नेवार जातिले मनाउने ठूलठूला चाडहरू मध्ये पाहां चःऱ्हे पनि एक रहेको उल्लेख गर्नुभएको छ । खास गरी काठमाडौंवासी नेवार समुदायले मनाउने यो पर्व उनीहरूको एक प्रकारको पहिचान रहेको उहाँको भनाई छ (वज्राचार्य,वि.सं.२०७२,पृ.१८४) । त्यस्तै सुवर्ण शाक्यका अनुसार प्रत्येक वर्षको चिल्लागाः चतुर्दशी अर्थात चैत्रकृष्ण चतुदर्शीका

दिन मनाइने पाहाँचह्रे पर्वलाई पासाचह्रे वा पिशाच चतुर्दशी पनि भनिन्छ । त्यसैले यो पर्वलाई आफ्नो घरमा आउने पाहुनाहरूलाई आतिथ्य सत्कार गर्ने विशेष चाडका रूपमा पनि लिने गरिन्छ (शाक्य, वि.सं.२०७०,पृ.१) । सुवर्ण शाक्यले आफ्नो पुस्तकमा पाहां चःऱ्हेबारे लेख्नुभएको छ : *चिल्लागाः*, चैत्रकृष्ण चतुदर्शीमा पाहां चःऱ्हे पर्व मनाउने गरिन्छ । यस पर्वलाई *पासाचःह्रय्* र पिशाचचतुर्दशी पनि भनिन्छ । यस पर्व तीन दिन विभिन्न जात्राहरूसहित मनाउँदछ । चैत्र कृष्ण औंसीको दिन असनमा पाह्चरे जात्रा मनाउने चलन छ र यसलाई नेवारहरूले असः जात्रा (असनको जात्रा) पनि भन्ने गरेकाछन् । यस दिन कंग अजिमा( कंकेश्वरी) र लुँमढी अजिमा (टेबहाल खट र वटु खट), ङेतमरू अजिमा (नरदेवी), म्हेपि अजिमा (ज्ञानेश्वरी), मैती अजिमा (मैतिदेवी), तखती अजीमा (नीलवाराही, टङ्केश्वरी), असंभलु अजिमा (अन्नपूर्णदेवी), बाङ्गेमुढाकी न्हेकन्तला अजिमा गरी सात अजिमाहरूको खट जुधाएर जात्रा गरिन्छ (श्रेष्ठ, वि.सं.२०७६,पृ.१५५) ।

आफ्नो घरमा आउने पाहुनाहरूलाई आतिथ्यसत्कार गर्ने रूपमा यो चाडलाई लिने गरेको छ । हाम्रो संस्कृति अनुसार दैनिक रूपमा पञ्चमहायज्ञ अनिवार्य गर्न जरूरी छ भन्छन् । सायद विहान हामीले खाना खादा देउतालाई चढाउने यही पञ्चमहायज्ञको संक्षिप्त रूप होकि । अरूबेला बर्ष दिन भित्र विशेष दिन मानेर विभिन्न यज्ञहरू गर्छन । पञ्च महायज्ञ भनेको १. देवयज्ञ, २. पितृयज्ञ, ३. भूतयज्ञ, ४. ब्रम्हयज्ञ र ५. मनुष्ययज्ञ हो । यी पाँच वटा यज्ञ मध्ये मनुष्य यज्ञलाई अतिथियज्ञ भनिन्छ । अतिथि यज्ञलाई नेपाल भाषामा पाहुना' पनि भनिन्छ । पाहाँचह्रे भनेको अतिथियज्ञको दिन हो । पाहाँचःह्रय्मनाउने बारे नेपाल सम्वत् ६९१ मा हितोपदेश ग्रन्थमा उल्लेख भएको पाइन्छ (जोशी, वि.सं.२०४३, पृ.३६६) । यस्तै ने.सं. ७९३ को 'मूलदे शशिदेवोपाख्यान' नामको हस्तलिखित ग्रन्थमा घर आउने पाहुनालाई आदर सत्कार गर्ने विषय उल्लेख गरेको पाइन्छ र ने.सं. ८०८ मा भक्तपुर राजदरबारमा जलहरिमा भएको अभिलेखमा पसाचवदस कुन्हु' भनेर उल्लेख गरेको पाइन्छ (जोशी, वि.सं.२०४३, पृ.३६६) । पाहाँचह्रे वा पासाचःऱ्हे शब्दको अर्थ अनुवाद गर्दा पाहुना वा साथी सम्बन्धी पर्व भन्ने बुझिन आउँछ । नेपालभाषामा पाहाँ' शब्दले 'पाहुना' र पासा' शब्दले साथी' बुझाउँदछ भने । 'चःऱ्हे' भनी चतुर्दशी बुझाउने गर्दछ । 'पाहाँ' र 'चःऱ्हे' दुई शब्द मिलेर बनेको छ । 'पाहाँ' भनेको भोज खान आमन्त्रित आफन्तजन वा मान्यवरहरू, अतिथि र "पाहाँचःऱ्हे" भनी सिलाचःऱ्हे वा शिवरात्री पछि आउने चाड भनी शब्दकोषमा लेखिएको छ (जोशी, वि.सं.२०४३, पृ.३६७) ( हेर्नुहोस् चित्र सं. ११) ।

यो पर्वमा विभिन्न स्थानमा य:सिं ठड्याइन्छ, जुन जात्रा सुरू भएको संकेत हो । य:सिंलाई विभिन्न धार्मिक र सांस्कृतिक दृष्टिकोणबाट हेर्ने परम्परा रहेको छ । विशेष गरी, पाहाँचःऱ्हे पर्वमा वंग, कंकेश्वरी (कगं), र भद्रकालीमा तीन ठूला य:सिं ठड्याइन्छ । यी तीनवटै स्थानहरूमा ठड्याइने य:सिंलाई देवीहरूको शक्तिको प्रतीकका रूपमा लिइन्छ । यसले देवीहरूको उपस्थितिलाई जनाउँछ, र तिनीहरूको शक्तिलाई मण्डलीमा निमन्त्रणा गरेर जात्राको शुरूवात गरिन्छ । य:सिं उठाउने कार्यले जात्रा शुरू भएको औपचारिक संकेत दिन्छ, र यो परम्परागत रूपमा निकै पूज्य मानिन्छ (करिसन मान सिं, व्यक्तिगत अन्तर्वार्ता,१८ भद्रा २०७९ वि.सं.) ।

### ३.१.२.१ वघंमा प्रचलित *य:सिं* परम्परा

पाहाँचह्रे जात्राको सुरूवातमा सवै भन्दा पहिले यहि स्थानमा *य:सिं* उठाएपछि बल्ल जात्राको सुरूवात भएको संकेत जनताले पाउने गर्दछन् ( हेर्नुहोस् चित्र सं १२) । यहाँ *य:सिं* नउठाए सम्म अरू ठाँउमा *य:सिं* ठडाउने गरिदैन । पाहाँचह्रे जात्रामा *य:सिं* वघंमामात्र नभएर कंग अजीमा (कन्केश्वोरी मन्दिर) को प्रांगनमा पनि उठाइन्छ तर वघंमा *य:सिं* नउठाए सम्म कगंमा (कन्केश्वोरी) उठाउनु हुदैन भन्ने मान्यता छ (व्यक्तिगत अन्तर्वार्ता मनिष मान सिं) । भनिन्छ वघं काठमाण्डौंको मध्य भाग हो र यस स्थान लाई नेपाल भाषामा ह्वघं वा वघं भनेर चिनिन्छ । लामो लामो बाँसले थेगो दिदै *य:सिं* लाई ठडाईन्छ । ( हेर्नुहोस् चित्र सं १३) *य:सिं* लाई ३ वटा ठाँउ बाट डोरीले तानेर, बाँसले थेगो दिदै विस्तारै *य:सिं* ठडाउन बनाएको खाल्डोमा पारेर ठडाइन्छ । यहि पाहाँचह्रे जात्रामा मात्रा यहाँको *य:सिं* उठाउन लाई बनाईएको खाल्डो खोल्ने गरिन्छ, अरू बेला भने त्यहाँ ढुङ्गाले छोपेर राख्ने गरिएको छ । *य:सिं* झण्डै ३२ देखी ३४ हात लामो हुने गरेको छ, अहिले हालमा चलाइ राखेको य:सि ५ बर्ष आगाडी नयाँ ल्याएर फेरिएको थियो । जब सम्म य:सि बिग्रीदैन त्यही य:सि लाई हरेक बर्ष उठाउने र ढाल्ने कार्य गरिन्छ (करिसन मान सिं, व्यक्तिगत अन्तर्वार्ता,१८ भद्रा २०७९ वि.सं.) । जब *य:सिं* कुहिदै जान्छ त्यसपछि नयाँ य:सिंको बन्दो बस्त गरिन्छ । पहिले पहिले य:सिंको लागि रूख सल्लाघारी देखी ल्याउँथ्यो तर अहिले भने चोभार बाट ल्याउने गरीएको छ र चोभारमा पनि केही गुठीयारहरू गएर *य:सिं* बनाउन मिल्ने रूख छान्ने प्रकृया गरिन्छ त्यसपछि वन विभाग बाट स्वीकृती लिएर बल्ल रूख लाई ढालीन्छ । त्यसको लागि रू.५०० देखी १००० सम्म तिर्नुपर्छ त्यसलाई “बँ” जरिवाना भन्ने गरिएको छ (मनिष मान सिं, व्यक्तिगत अन्तर्वार्ता,१८ भद्रा २०७९ वि.सं.) ।

य:सिंको टुप्पोमा पाहाँचह्रे स्वाँ (एक प्रकारको फुल) राखेको हुन्छ । य:सिंमा रातो रगं लगाएको पनि देख्न सकिन्छ । पहिले पहिले रातो र सेतो रगं य:सिंमा लगाइन्थ्यो तर अहिले रातो मात्र लगाएको पाइन्छ । यसमा रातो रंग अवीरको लेप लगाइन्थ्यो भने सेतो जाकि चुँ (चामलको पिठोको) लेप लगाइन्थ्यो तर अहिले त्यो चलन हरायो (व्यक्तिगत अन्तर्वार्ता आशानारा महर्जन, जेष्ठ १६ वि.सं.२०८१) अहिलेको य:सिंमा रातो रगंले पोटेको देख्न सकिन्छ भने सेतो रगं लगाएको देखिदैन ( हेर्नुहोस् चित्र सं १३) । य:सिंमा एउटा हलीपटा (एक किसिमको भ्रूण्डा) माथी टुप्पो देखी तल लत्रिएको वा भ्रुण्डाएको देख्नसकिन्छ । यसमा भ्रुण्डाएको पटामा अष्ट मगंलको चिन्ह, र आकाश भैरव अंकित गरेको देख्न सकिन्छ ( हेर्नुहोस् चित्र सं १४ ) ।

*य:सिं* लाई पाहाँचह्रे जात्राको अन्तिम दिन ढाल्ने गरिन्छ यसको लागि कुनै साईत हेर्नु पर्दैन । *य:सिं* ढाल्ने बेला गुठीयारहरू सबै भेला भई सन्ध्याकालमा ढालिन्छ । लामो लामो बाँसको साहायता लिँदै बाँसको थेगो दिदै *य:सिं* लाई बिधिपुर्वक ढालिन्छ ( हेर्नुहोस् चित्र सं १५) यसरी ढालिसकेपछि य:सिं लाई वघं बाट वटु तिर जाने गल्ली भित्र एउटा घरको पछाडी राखिन्छ, र अर्को वर्षको जात्राको लागि सूरक्षीत साथ राखिन्छ ( हेर्नुहोस् चित्र सं १६ ) ।

### ३.१.२.२ कंकेश्वरीमा प्रचलित *य:सिं* परम्परा

कंकेश्वरी मन्दिर, जसलाई कंगेश्वरी वा कंग अजिमा पनि भनिन्छ, काठमाडौंको ऐतिहासिक मन्दिरहरूमध्ये एक हो। यो मन्दिर देवी दुर्गाको अवतार मानिने कंकेश्वरी देवीलाई समर्पित गरिएको छ। मन्दिरको धार्मिक र सांस्कृतिक महत्त्व विशेष गरी नेवार समुदायमा गहिरो रूपमा रहेको छ । कंकेश्वरी मन्दिरको इतिहास प्राचीन हिन्दू धर्मशास्त्र र तान्त्रिक परम्परासँग सम्बन्धित छ। यो मन्दिर देवी दुर्गाको शक्तिशाली रूप कंकेश्वरीको सम्मानमा स्थापना गरिएको हो, जसले भक्तहरूलाई राक्षस र दुष्ट शक्तिहरूबाट बचाउने विश्वास गरिन्छ । मन्दिरको स्थापना मल्ल राजाहरूको पालामा भएको मानिन्छ । मल्ल राजाहरूले १२औं शताब्दीदेखि १८औं शताब्दीको बीचमा काठमाडौं उपत्यकामा शासन गरेका थिए, र उनीहरूको शासनकालमा विभिन्न धार्मिक र सांस्कृतिक संरचनाहरू निर्माण गरिएका थिए । यद्यपि मन्दिरको ठ्याक्कै निर्माण मिति स्पष्ट छैन, यसलाई समय समयमा पुनर्निर्माण गरिएको छ (सुक महर्जन, व्यक्तिगत अन्तर्वार्ता,१६ जेठ २०८१ वि.सं.) ।

मन्दिरभित्र कुनै मूर्ति छैन र देवीको डरलाग्दो अवतार चामुण्डाको प्रतिनिधित्व गर्ने तान्त्रिक पत्थरहरू देख्न सकिन्छ। दसैंको आठौं दिन स्थानीयले कंकेश्वरी (चामुण्डादेवी) मन्दिरको दर्शन गर्ने गर्दछन। एउटा मात्र मन्दिरभन्दा पनि सिंगो कंकेश्वरी मन्दिर परिसर, मूर्ति, चैत्य र खम्बाहरूको भण्डार हो (सुक महर्जन, व्यक्तिगत अन्तर्वार्ता,१६ जेठ २०८१ वि.सं.)। नेपालमा हाम्रो संस्कृति र धर्मको धार्मिक महत्वलाई कायम राख्न यस मन्दिरको अत्यन्त महत्वपूर्ण भूमिका रहेको छ ।

त्यसतै गरी पाहाचह्रे जात्रा लाई लक्षित गरी वघंमाभैं कंकेश्वरी मन्दिर परिसरमा पनि *य:सिं* उठाउँने कार्य गरिन्छ। यहाँ ठड्याइने *य:सिं* देवीको शक्तिको प्रतिकको स्वरूप पनि लिइन्छ ( हेर्नुहोस् चित्र सं. १७)। कंकेश्वरी मन्दिरमा *य:सिं* तीन दिनसम्म उभ्याइन्छ, जुन विशेष गरी कंकेश्वरी पाहाचह्रे जात्राको समयमा गरिन्छ। *य:सिं* देवीसँगको आध्यात्मिक सम्बन्धको प्रतीक मानिन्छ। तीन दिनसम्म य:सिंको पूजा गरिन्छ र विभिन्न धार्मिक अनुष्ठानहरू सम्पन्न गरिन्छ, जसले देवी चामुण्डाको शक्तिको सम्मान प्रकट गर्छ।

महर्जन र डंगोल जातिका गुठीयारहरूले *य:सिं* ठड्याउने र ढाल्ने जिम्मेवारी वहन गर्छन्। यहाँको *य:सिं* हरेक आठ वर्षमा फेरिने परम्परा रहेको छ। यो य:सिंको लागि आवश्यक रूख फर्पिङ्ग र दक्षिणकाली क्षेत्रको वनबाट छानेर ल्याइन्छ। *य:सिं* ठड्याउनुको मुख्य कारण भनेको पाहाँचःऱ्हे जात्रा सुरू भएको संकेत दिनु हो, र *य:सिं* ढालिसकेपछि जात्रा समाप्त भएको जनाउँछ (न्हुछेकाजी महर्जन, व्यक्तिगत अन्तर्वार्ता,१४ भाद्र २०८१ वि.सं.)।

पहिले गुठीयारहरू आफैं वनमा गएर मनपर्ने रूख छान्थे, तर अहिले त्यो परम्परा परिवर्तन भएको छ। वन विभागको स्वीकृति लिएर मात्र निश्चित गरिएको रूखहरूबाट छान्न पाइन्छ। वन विभागले चिन्ह लगाएको रूखलाई मात्र काट्न अनुमति दिइन्छ (तिर्थ महर्जन, व्यक्तिगत अन्तर्वार्ता,१६ जेठ २०८१ वि.सं.)।

चिन्ह लगाइएको रूखमा साइत हेरेर गुठीयारहरू सँगै गएर पूजा गर्छन्। त्यहाँ बाखाको बलि दिएर पूजा सम्पन्न गरेपछि मात्र *य:सिं* बनाउन रूख काटिन्छ। पूजा पश्चात प्रसाद ग्रहण गरी, भोज खाएर फर्कने परम्परा छ (न्हुछेकाजी महर्जन, व्यक्तिगत अन्तर्वार्ता,१४ भाद्र २०८१ वि.सं.)।

यहाँको य:सिंमा विशेष गरी रातो र सेतो रङ्गले पोत्ने परम्परा छ ( हेर्नुहोस् चित्र स. १८)। रातो रङ्गलाई कुमारीको प्रतीक मानिन्छ, भने सेतो रङ्गलाई द्रौपदीको प्रतीक मानिन्छ। साथै, कोही भैरवको प्रतीकका रूपमा पनि यी रङ्गलाई व्याख्या गर्छन् (न्हुछेकाजी महर्जन,

व्यक्तिगत अन्तर्वार्ता,१४ भाद्र २०८१ वि.सं.) । यःसिंमा प्रयोग गरिने रङ्गलाई ‘कोखा’ को प्रतीक पनि मानिन्छ । कोखा नेवार परम्परामा पूजा सम्पन्न भएपछि टिका लगाइदिँदा दिने रातो र सेतो डोरीजस्तै कपडाको टुक्रालाई जनाउँछ । यो विशेष गरी दशैंको टिका लगाउँदा दिने परम्परामा पाइन्छ (हेर्नुहोस् चित्र स. १९) (न्हुछेकाजी महर्जन, व्यक्तिगत अन्तर्वार्ता,१४ भाद्र २०८१ वि.सं.) ।

यःसिंमा ’हलिपटा’ पनि झुण्ड्याइएको हुन्छ ( हेर्नुहोस् चित्र स. २०) । न्हुछेकाजी महर्जनको अनुसार “यस पटामा मन्दिर स्थापना भएको समयको कथा चित्रण गरिएको छ । राजा रणोदिप मल्लको पालाको केही कथा लेखिएको भए पनि अहिले प्रस्ट रूपमा देखिदैन“ ( न्हुछेकाजी महर्जन, व्यक्तिगत अन्तर्वार्ता,१४ भाद्र २०८१ वि.सं.) ।

जात्राको सुरूवातमा चोलामो र गणेश *दुच्याक्यु* (भित्राउने)गर्ने कार्य सम्पन्न भएपछी यःसि लाई उठाउने कार्य गरिन्छ । ३२ हात लामो यःसि हुन्छ, यो यःसि ५ बर्ष आगाडी मात्र नयाँ ल्याएर फेरिएको थियो । यःसि उठाउदा बाजा बजाउने चलनछ, धिम्हे तः गो बाजा बजाउने गरिन्छ । यस्को टुप्पोमा पाहाचह्रे स्वाँ राख्ने चलन छ । *यःसिं* लाई पाह्चर जात्राको अन्तिम दिन ढाल्ने गरिन्छ, यसको लागि कुनै साईत हेर्नु पर्दैन । *यःसिं* ढाल्ने बेला गुठीयारहरू सबै भेला भई सन्ध्याकालमा ढालिन्छ । लामो लामो बाँसको साहायता लिँदै बाँसको थेगो दिदै *यःसिं* लाई बिधिपुर्वक ढालिन्छ । ढाली सकेको *यःसिं* लाई गुठीयारहरू सबैले काँधमा बोकेर कगं बाट १९ वडा जाने तिर *यःसिं* राख्ने स्थान सम्म लगीन्छ । *यःसिं* लाई अर्को वर्ष पनि प्रयोजनमा ल्याउनु पर्ने भएकोले *यःसिं* लाई सुरक्षितरूपमा राख्न छानो राखेर राख्ने गरेको छ ( हेर्नुहोस् चित्र सं.२१) । यो छानो काठमाडौं महानगरपालिकाको वडा १९ ले निर्माण गरिदिएको हो ।

### ३.१.२.३ भद्रकालीमा प्रचलित *यःसिं* परम्परा

नेवार समुदायमा विभिन्न अष्टमातृका देवीहरलाई अजिमाको रूपमा मानेर पूजाआजा र जात्रा समेत गरिन्छ । कङ्ग अजिमा (कंकेश्वरी), डेतमरू (नरदेवी), लुँमडी अजिमा (भद्रकाली, टेवहाल र वटु), म्हेपि अजिमा , मैती अजिमा (मैतीदेवी), तख्ती अजिमा (नीलवाराही, टङ्केश्वर), लुँतीमरू अजिमा (इन्द्रायणी) र बछला अजिमा गरी आठ अजिमाहरू (अष्टमातृका)मा गनिन्छन् । तिनै अष्टमातृकाहरू मध्येकी काठमाडौंको टुडिखेलको पूर्वी छेउँमा भद्रकालीदेवी ( लुँमह्री अजिमा) को मन्दिर छ ( हेर्नुहोस् चित्र सं २२) ।

लुँमह्नि्को साबधिक अर्थ हो “सुनको रोटी” यस स्थानमा मन्दिर कसरी बन्यो र अजिमाको उत्पति र जात्रा कसरी सुरू भयो भन्ने बारेमा एउटा किम्वदन्ती यस प्रकारको छ - परापूर्वकालमा हालको इन्द्रचोकनिर वागमती र कलामती (विष्णुमती) नदीको दोभान थियो, र मानिसहरू श्री आर्यअवलोकितेश्वर (सेतो मत्स्येन्द्रनाथ) लाई पूजा आजा गरी निरोगी र स्वस्थ्य हुन्थे भन्ने कुरा सबै ठाँउमा हल्ला चल्न थाल्यो । त्यो कुरा त्यस बेलामा पाटनका राजालाई सह्य भएन । उनले काठमाडौका तरूनी कन्या जति सबैलाई अपहरण गरी लगे । यस घटनापछि काठमाडौका राजाले आफ्ना मन्त्रीहरू सँग अब के गर्ने भनी सोधे । उनीहरूले त्यही बेलाका नाम चलेका एक तान्त्रिक शाश्वत वज्रलाई बोलाएर सल्लाह लिने परामर्श दिए । शाश्वत वज्रलाई बोलाई सल्लाह माग्दा उनले भारतको कामाक्षा भन्ने ठाँउबाट भद्रकालीलाई ल्याएपछि मात्र समस्या समाधान हुने बताएपछि त्यस कामको जिम्मा राजाले श्वाश्वत बज्रलाई नै सुम्पिए । राजाको आज्ञा पाएपछि तान्त्रिक कामाक्षा पुगी भद्रकालीलाई तान्त्रिक विधिले पातमा बेरेर कलशमा हालेर काठमाडौं ल्याए । त्यो कलशलाई एउटा रूखमा झण्डाएर राजाकहाँ जाहेर गर्न गए । त्यसै बेला कलशबाट पानी चुहिएर त्यही पानीबाट एउटी बालिका उत्पन्न भइन् । (राजीव वज्राचार्य, व्यक्तिगत अन्तर्वार्ता,१४ भाद्र २०८० वि.सं.) ।

ती बालिका त्यही रूखमुनि रोइरहेकी थिइन् । खेततिर जाँदै गरेको एउटा ज्यापूले देखेर दया लागेपछि आफ्नो खर्पनमा राखी आफ्नो खेत तिर लाग्यो ।  बालिकालाई रोटी दिएर आफू काम गर्न थाल्यो । केहि समय पछि काम सकेर खर्पनमा राखेको खाने कुरा खान्छु भनेर हेर्दा खर्पनमा राखेको खानेकुरा (रोटी) त सुनको रोटीमा परिणत भएको तर त्यहाँ बालिका लाई नदेखेर यो के अपशकुन आइलाग्यो भनेर ज्यापू रोइकराई गर्न थाल्यो, ऊ खोज्न दौडियो, तर कतै पाएन । सुनको रोटीलाई उस्ले वास्तै गरेन । ज्यापूको विलाप देखेर बालिकाले आफ्नो असली रूपको दर्शन दिइन् । आफूलाई शाश्वत बज्र नामका तान्त्रिकले भारतको कामाक्षबाट काठमाडौ ल्याएको बताइन् । ज्यापू खुशी भई प्रणाम गर्यो र जहाँबाट खर्पनबाट हालेर ल्याएको त्यँही लगिदिन्छु भन्दा बालिका जान मानिन् । बालिकाको इच्छाअनुसार किसानले बालिकालाई खेतमै छोडेर घर फर्कियो । फर्किदै गर्दा किसानले पहिले बालिका भेटेको स्थानमा मानिसको भिड देख्यो । सबै कुरा बुझ्ेपछि उसले त्यहाँ रोइरहेकी बालिकालाई आफूले आफ्नो खेतमा लगेको र त्यही बसिरहेकी छिन् भन्ने जानकारी दियो । तान्त्रिकलाई

साथमा लिएर आफ्नो खेतमा पुग्यो (राजीव वज्राचार्य, व्यक्तिगत अन्तर्वार्ता,१४ भाद्र २०८० वि.सं.)।

शाश्वत वज्रले बालिकालाई आफूसँग जान ज्यादै आग्रह गरे तर बालिकारूपी भद्रकालीले केही गरे पनि मानिनन्। त्यसपछि शाश्वत वज्रले फकाउँदै प्रत्यक वर्ष देशमै नभएको नाच देखाउने, सुनको रोटी (लुँमही) दिने, सुनको फूल चढाउने र जात्रा निकाल्ने वचन दिए। त्यति गर्दा बल्ल भद्रकाली शनिबार, कृष्ण चतुर्दशी र औसीको दिनमा मात्र हालको भद्रकाली स्थानमा आउन राजी भइन्। यसै बेलादेखि भद्रकालीको नाम लुँमरी अजिमा रहन गएको हो (राजीव वज्राचार्य, व्यक्तिगत अन्तर्वार्ता,१४ भाद्र २०८० वि.सं.)।

यहाँ वर्षैनी *य:सिं* उठाउने कार्य टेवहालमा बस्ने स्थानीय वासीन्दाको एक समुहको गुठीले गर्दछ। महर्जनहरूको गुठी जस्मा ४ परिवार संलगन छन् तिनीहरूको हरेक ३ वर्षमा आफ्नो पालो आउने गर्दछ। *य:सिं* उठाउने ढाल्ने सँगसगै य:सिंमा झुण्डाउने पटाको लागी पनि छुट्टै जीम्मेवारी लिने गरिएको छ। गुठीयारले जात्रा सकिए पछि पटालाई सुरक्षित राख्न आफ्नो घर मै लैजाने गरेको देखिन्छ। पटा जुटबाट बनाइएको हुन्छ र यो अरू कपडाहरू भन्दा बलियो र तिकाउ पनि हुने गरेको छ र वर्षौ वर्ष टिक्ने गरेको देखिन्छ। पटामा अष्टमात्रिका र अष्ट मगंलका चिन्हहरू कुदिएको छ भने सबै भन्दा माथी पट्टी सेतोमच्छिन्द्रनाथको रथको चिन्ह कुदिएको छ ( हेर्नुहोस् चित्र सं. २३)।

*य:सिं* हरेक वर्ष नयाँ ल्याईदैन, जब सम्म उठाउदै गरेको य:सि विग्रीदैन त्यही य:सि लाई नै हरेक वर्ष उठाउने र ढाल्ने गरिन्छ। अहिलेको *य:सिं* ३० वर्ष भन्दा बदी समय देखी यही *य:सिं* उठाउदै आएको छ ( हेर्नुहोस् चित्र सं. २४)। यहाँ *य:सिं* लाई उठाउनुको कारण पाहाँचह्रे जात्रा शुरू भएको संकेत दिनको लागि हो य:सिंलाई जात्रा सकिसकेपछि भद्रकाली मन्दिर परिसरमा रहेको गणेश मन्दिरको पछाडिको सतलमा राख्ने व्यवस्था गरीदै आएको देखीन्छ ( हेर्नुहोस् चित्र सं. २५)।

### ३.१.३ हाँडिगाउमा प्रचलित *य:सिं* परम्परा

टुँडालदेवीको मन्दिर काठमाडौंको बालुवाटारमा अवस्थित छ। सामान्यतया वैष्णवीदेवी भनेर चिनिने यस देवीको जात्रालाई गहना खोज्ने जात्रा पनि भनिन्छ। यो देवीको गहना खोज्ने जात्रा भने हाँडीगाउँमा चलाइन्छ। स्थानीय नेपालभाषामा यसलाई 'तिसा मालेगु जात्रा' भनिन्छ। हाँडीगाउँमा यो जात्रा अत्यन्त धुमधामपूर्वक मनाउने गरिन्छ। यो जात्रा अवलोकन

गर्न टाढा टाढाबाट समेत श्रद्धालुहरू हाँडीगाउँ पुगेका हुन्छन् । हरेक वर्ष चैत्रशुक्ल अष्टमीदेखि वैशाखकृष्ण अष्टमीसम्म यो देवीको क्रमवद्ध जात्रा चलिरहेको हुन्छ । टुँडालदेवीको जात्रा हाँडीगाउँमा मनाइने ठूलो जात्रा मध्ये एक हो । यो जात्रा शुरू गर्न हाँडीगाउँमा यःसिँ अर्थात लिङ्गो पनि उठाउने गरिन्छ । जात्रा शुरू हुनुभन्दा १५ दिन अघि चैत्र शुक्ल अष्टमीका दिन हाँडीगाउँको कृष्ण मन्दिर सँगै र डबली गरी दुई ठाउँमा *यःसिं* उठाउने गरिन्छ ।

*यःसिं* उठाउनु अघि चैत्र शुक्ल सप्तमी र अष्टमीको राति स्थानीय खड्गी समुदायले नाय्खिं बाजा बजाउँदै हाँडीगाउँका विभिन्न टोल परिक्रमा गरी टुँडालदेवीको जात्रा आउन लागेको छ, त्यसैले देशवासीले अब उप्रान्त के के गर्नुहुन्छ के के गर्नुहुन्न भनी जानकारी दिँदै *'नाय्खिं च्वयेकेगु'* (भ्याली पिट्ने) कार्य गर्दछ । गहना खोज्ने जात्रामा टुँडालेदेवी प्रमुख हुन् भने यसमा अन्य देवीहरूको खट पनि सहभागी गराइएको हुन्छ । यही जात्राको समयमा स्थानीय म्वःपताः द्यः (भाटभटेनी) र महालक्ष्मीको खट जात्रा पनि चलाइन्छ ।

हाडीगाउँमा दुईवटा यःसिं ठड्याइन्छ - एउटा हाडीगाउँको डबलीमा र अर्को केलटोलमा । हाडीगाउँमा ठड्याइने यःसिंलाई नागको प्रतीकका रूपमा लिने गरिन्छ । नेपाली परम्परामा नागलाई पानीसँग जोडिएको देवी-देवता मानिन्छ, जसले वर्षा, नदी, ताल तलैया र उर्वरता जस्ता प्राकृतिक पक्षहरूसँग सम्बन्ध राख्छ । यस क्षेत्रमा यःसिं उठाएर टुडालदेवीको गहना खोज्ने जात्रा सुरू हुन्छ, जुन पानीसँग सम्बन्धित पर्व हो । नाग र पानीबीचको सम्बन्धलाई ध्यानमा राख्दै, हाडीगाउँमा ठड्याइने यःसिंले पनि पानी र नागको शक्तिलाई जनाउँछ । यःसिंको उठान जात्राको शुरूवातको रूपमा गरिन्छ, जसले धार्मिक र सांस्कृतिक परम्परालाई जीवित राखेको छ ।

### ३.१.३.१ हाडिगाउ डबली

हाडिगाँउ डबली सँगै र आर्को केलटोलमा गरी दुइ वटा *यःसिं* उठाउने गरिन्छ । यहाँको *यःसिं* चैत्र आष्टमी (चैते दशैं) को दिन उठाउन्छ र गहना पोखारीको जात्रा नसकुन्जेल सम्म उठाउँने प्रचलन छ । यहाँ अरू ठाँउहरूमा *यःसिं* उठाउने बेलामा झै साहित हेराएर समय कुरेर *यःसिं* उठाउने गरिदैन । यहाँ जब सबै गुठीयार र अरू मानिस भेला हुन्छन तब सबै मिलेर उठाउने गरिन्छ (तिर्थ प्रजापति,व्यक्तिगत अन्तर्वार्ता, ३० वैशाख २०८१ वि.सं.) । यहाँ सबै भन्दा लामो समय सम्म *यःसिं* उठाउँने गरिन्छ, यहाँ १५ दिन सम्म *यःसिं* उठाउँने गरिन्छ ( हेर्नुहोस् चित्र सं.२६) ।

यहाँका य:सिंमा पारखुट्टे रागाको नेकु (सिँग) समेत राखेर पटा झुण्डाउने चलन देख्न सकिन्छ । तर एक दुर्घटना पछी भने यस य:सिंको पटा झुण्डाउन छोडेको छ । आगो लागेको वा चोरी भएको एकिन भएन तर यहाँ पहिले हलिपटा थियो तर अहिले भने छैन, पुरानो पटामा के के समावेश थियो त्यो यकिनका साथ कसैलाई थाहा नभएको कारण नयाँ पटा बनाइएको छैन (तिर्थ प्रजापति,व्यक्तिगत अन्तर्वार्ता, ३० वैशाख २०८१ वि.सं.) ( हेर्नुहोस् चित्र सं २७) । यस सँगै मु स्वाँ र अरू बिभिन्न फुलहरू, नेपालको झण्डालसमेत य:सिंको टुप्पोमा साझाउने गरिन्छ । डबलिमा *य:सिं* उठाउँने क्रममा धिम्हे बाजा र न्यागिचा बजाउने गरिन्छ ।

### ३.१.३.२ हाडीगाँउ केलटोल

यसैगरी केलटोलमा श्रेष्ठ जातिका मुख्य नाय को अगुवाइमा अरूहरूको सहयोगले यं:सि उठाउँने गरिन्छ । यहाँ कुनै गुठी छैन । एकल परिवारले यस पर्वलाई अगाडी बदाइरहेका छन् । जगतनारायण श्रेष्ठ का परिवारले सम्पूर्ण खर्च बेहोर्ने गरेका छन् । ८ - १० पुस्ता देखी नै यस एकल परिवारले नै सबै व्यवस्था गर्ने गरेको छ (जगतनारायण श्रेष्ठ,व्यक्तिगत अन्तर्वार्ता, ३० वैशाख २०८१ वि.सं.) । केलटोल को हलीपटा (झण्डा) भने चोरी भएदेखी नयाँ पटा राखेको देखिदैन । केलटोलमा *य:सिं* उठाउँदा पेता खल बाजा बजाउने गरिन्छ । यहाँको *य:सिं* चैत्र अष्टमी (चैते दशैं) को दिन उठाउन्छ र गहना पोखारीको जात्रा नसकुन्जेल सम्म उठाउँने प्रचलन छ । यहाँ अरू ठाँउहरूमा *य:सिं* उठाउने बेलामा झै साईत हेराएर समय कुरेर *य:सिं* उठाउने गरिदैन । यहाँ जब टोलका मानिसहरू र हाँडीगाउ डबलीका *य:सिं* गुठीका गुठीयारहरू भेला हुन्छन तब सबै मिलेर उठाउने गरिन्छ । (हेर्नुहोस् चित्र सं.२८) यहाँ सबै भन्दा लामो समय सम्म *य:सिं* उठाउँने गरिन्छ, यहाँ १५ दिन सम्म *य:सिं* उठाउँने गरिन्छ । टुडालदेवी को मुर्ती नभित्राए सम्म *य:सिं* ढालिदैन । यहाँका य:सिंमा रागाको नेकु (सिँग) समेत झुण्डाउने चलन छ ( हेर्नुहोस् चित्र सं. २९) । यस सँगै मु स्वाँ र अरू बिभिन्न फुलहरू, नेपालको झण्डा समेत य:सिंको टुप्पोमा साझाउने गरिन्छ । यस हाडीगाँउ डबलीमा उठाउने य:सिंमा लामो हलीपटा (झण्डा) देख्न सकिन्छ ।  जुन हलीपटा जुटको बनेको छ । त्यस पतामा अष्ट मंगलका र बिभिन्न खड्गका चिन्न्हहरू देख्न सकिन्छ (हेर्नुहोस् चित्र सं.३० ) ।

*य:सिं* लाई उठाउँदा लामो लामो बाँसले थेगो दिदै *य:सिं* लाई ठडाईन्छ (हेर्नुहोस् चित्र सं.३१) । *य:सिं* लाई ३ वटा ठाँउ बाट डोरीले तानेर, बाँसले थेगो दिदै विस्तारै *य:सिं* ठड्याउन बनाएको खाल्डोमा पारेर ठडाइन्छ । यहि पाहाँचह्रे जात्रामा मात्रा यहाँको *य:सिं* उठाउन लाई

बनाईएको खाल्डो खोल्ने गरिन्छ । अरू बेला भने त्यहाँ ढुङ्गाले छोपेर राख्ने गरिएको छ । *य:सिं* झण्डै ३२ हात लामो छ, अहिले हालमा चलाइ राखेको य:सि १५ बर्ष आगाडी नयाँ ल्याएर फेरिएको थियो । जब सम्म य:सि बिग्रीदैन त्यही य:सि लाई हरेक बर्ष उठाउने र ढाल्ने कार्य गरिन्छ (जगतनारायण श्रेष्ठ,व्यक्तिगत अन्तर्वार्ता, ३० वैशाख २०८१ वि.सं.) । जब *य:सिं* कुहिदै जान्छ त्यसपछि नयाँ य:सिंको बन्दो बस्त गरिन्छ । पहिले पहिले य:सिंको लागि रूख सल्लाघारी देखी ल्याउथ्यो तर अहिले भने चोभार बाट ल्याउने गरीएको छ र चोभारमा पनि केही गुठीयारहरू गएर *य:सिं* बनाउन मिल्ने रूख छान्ने प्रकृया गरिन्छ त्यसपछि वन विभाग बाट स्वीकृती लिएर बल्ल रूख लाई ढालीन्छ र रूख लाई ढालीनु अगाडी पूंही यागु (नाग पूजा) गरेर बल्ल रूखलाई ढालीन्छ। अहिले *य:सिं* लाई हाडीगाँउकै एउटा घर अगाडी राखीने गरीएको छ । ( हेर्नुहोस् चित्र सं.३२)

हाडिँगाउमा *य:सिं* उठाउदा य:सिंलाई नागको प्रतीका मनाउने परम्परा छ। यस सम्बन्धी रोचक किम्बदन्ती रहेको छ ।

नाग शब्दले सर्पलाई बुझाउँछ, हाम्रो सांस्कृतिक जीवनमा प्रयुक्त हुने नागको बाहिरी रूप पनि सर्पकै रूपमा देखा परेको छ। तर उहिलेका दार्शनिकहरूको दृष्टिमा नाग जुन रूपमा व्यक्त भएको छ त्यो सर्परूपको भौतिक रूप होइन। हाम्रा पूर्वज तत्व चिन्तकहरूले उहिलेको परिस्थितिमा व्यवहारिक र रोचक बनाउन पानीलाई सङ्केत गर्नुपर्ने ठाँउमा नै नागको रूपलाई साकार गरेका छन् । वास्तवमा पानीमा बस्ने विशिष्ट प्राणी नागलाई पानीकै प्रतीक स्वरूप मानिएको छ (वज्राचार्य,वि.सं.२०२५,पृ.६) । चाडपर्व, नाचगान, कला कौशल र धर्मकर्म आदि अनेक सांस्कृतिक पृष्ठभूमिमा जुन नागको रूप, नागको महिमा देखाइएको छ त्यो सर्वात्मना पानीको स्वरूप र पानीको कहानीमा नै अर्न्तभाव भएको छ। यो कुरा प्राचीन साहित्यको प्रणालीमा वस्तुस्थितिको यथार्थतामा डुबेर सोचेको खण्डमा बुझ्न नसक्ने कुरा छैन । हाम्रो संकृतिअनुसार अनन्त आकाश, पृथ्वी र त्यस बीचको ठाँउमा हुने वस्तुको मौलिक प्रतीक स्वरूप प्रायः हाम्रा प्राचीन घर–मन्दिरहरूमा तोरणद्वारको स्थापना भएको हुन्छ । ती तोरणहरूमा विशेष गरेर प्राचीन तथा मध्य मल्लकालिक तोरणहरूमा नागको रूप कुँदिएको पनि देख्न सकिन्छ (वज्राचार्य,वि.सं.२०२५,पृ.६) । हाडीगाँउमा उठाउने दुवै *य:सिं* लाई नागको प्रतीकको रूपमा हेर्ने गरेको छ । ख्वप (भक्तपुर)मा उठाउने य:सिंमा झुण्डाउने हलिपता हावा नचल्दा पनि हल्लीराख्छ, नाग हल्लेको झै गरी हल्ली राख्छ त्यो नागको प्रतिक हो (सानुकाजी

डंगोल,व्यक्तिगत अन्तर्वार्ता, ३० वैशाख २०८१ वि.सं.) । त्यसै गरी हाडीगाँउको डबलीमा उठाउने *य:सिं* पनि नागको प्रतीककैरूपमा लिने गरेको छ। यहाँको *य:सिं* फेर्नु परेमा गुठीयारहरू चोभारको जंगलमा गएर रूख छान्दछन् र काटेर लिएर आउन्छन् तर पहिले पहिले रूख मनपरेर मात्र हुदैन, रात भरी त्यहीँ जंगलमा नै आराम गरी रात बिताउन्छन् र त्यहाँ रात विताउने क्रममा आफुले छानेको रूख रोएन भने त्यो रूख *य:सिं* बनाउन लायकको ठहरीन्छ । भनिन्छ यदि पुरूष रूख हो भने रूदैन र यदि स्त्री रूख हो भने रून्छन् र त्यो रूख लाई काट्न हुदैन भन्ने जनधारणा छ (तिर्थ प्रजापति,व्यक्तिगत अन्तर्वार्ता, ३० वैशाख २०८१ वि.सं.) ।

बृहत्संहिताको अध्याय बयालिसमा पनि स्त्री वृक्ष रहेछ भने त्यस वृक्ष *य:सिं* बन्न लाएकको हुदैन भन्ने लेखीएको छ ।

"बहुविहगालयकोटरपवनानलपीडिताश्च ये तरव: ।
ये च स्यु: स्त्रीसंज्ञा न ते शुभा: शक्रकेत्वर्थे ॥ ४२.१४ ॥"

अनुवाद :

"धेरै चराहरूको घरका गुफाहरूमा हावा र आगोले सताएको रूखहरू
र जसको नाममा स्त्रीको नाम छ, त्यो इन्द्रकेतुको लागि शुभ हुँदैन। ४२.१४।"

सस्कृतविद यज्ञमान पति बज्राचार्य भन्नु हुन्छ "स्त्री भनेको आमा हुन चाहे त्यो मानिसको हुन वा जनावर हुन वा वनका विभिन्न वृक्षहरू हुन स्त्री लाई सर्वश्रेष्ठ आमाको दर्जा दिएको हुन्छ जस्ले संसारमा सृष्टि गर्ने काम गर्दछ । पालन पोषण गर्ने गर्दछ र संसारलाई चलाएमान गर्दछ र पुरूष यस मामलामा कमजोर छ जुन आजको वैज्ञानीक युगले पनि केही गर्न सकेको छैन । यहि कारणले गर्दा स्त्री वृक्षलाई नकाटोस् भनेको हुनुपर्दछ । अब स्त्री वृक्ष कसरी छानिन्छ त भन्दा जुन वृक्षमा चराचुरूङ्गीको वास (गुड) हुन्छ । जुन वृक्ष फलदिन्छ धेरै झुकेको हुन्छ त्यसता वृक्षलाई स्त्री भनिएको हुनुपर्दछ र त्यसता वृक्षले धेरै अरू प्राणहरू सम्हालेर राखेको हुदा त्यस्ता वृक्ष लाइ क्षय गर्न हुन्न भनिएको हो र जुन वृक्ष ठाडो हुन्छ हाँगाविँगा कम भएको हुन्छ । त्यस्ता वृक्षलाई *य:सिं* बनाउन लाएकको सम्झि काट्ने गरेको छ " (यज्ञमानपति बज्रचार्य,व्यक्तिगत अन्तर्वार्ता, १६ वैशाख २०८१ वि.सं.) ।

### ३.१.४ गुह्येश्वरीमा प्रचलित *यःसिं* परम्परा

गुह्येश्वरीलाई एक प्रशिद्ध शक्तिपीठ मानिन्छ। स्वस्थानी कथा अनुसार गुह्येश्वरी शिवकी शक्ति सतीदेवीको गुह्य अङ्ग पतन भएर उत्पत्ति भएकी हुन्। बागमती नदी किनारमा गुह्येश्वरीको गजुर नभएको चारपाटे मन्दिर चारै दिशामा सुनको जलप भएको नागले परिवेष्ठित छ। तोरण पनि चाँदीको राखिएको छ ( हेर्नुहोस् चित्र सं.३३)। मन्दिर भित्र अष्टमातृकाका मूर्तिहरूका साथै गर्भगृहमा सुनको पातामा सुनकै कमलको फूलको बिचमा सुनको कलश छ। कलशकै मुनि कुण्ड रहेको छ। यो विशेष कुण्ड नै गुह्येश्वरीको प्रमुख स्थान हो। यिनको पीठमा नित्य पूजाका साथसाथै आश्विन शुक्ल अष्टमी, चैत्र शुक्ल अष्टमी तथा भाद्र शुक्ल अष्टमीमा पर्वपुजाअन्तर्गत महापूजा गर्ने चलन छ। यसका साथै मङसिर कृष्ण नवमी तथा दशमीका दिन गुह्येश्वरीको जात्रा गर्ने चलन रहँदै आएको देखिन्छ। उक्त जात्राको सुरूवात राजा जगज्जय मल्लले ने.सं. ८४८ (वि.स. १७८५)मा गरेका थिए भन्ने ऐतिहासिक प्रमाणहरू पाइएका छन् (राजवंशी, ई.सं.२०१७, पृ.१५६)।

त्यस स्थानमा गुह्येश्वरी शक्तिपीठ रहेको तथ्य राजा शङ्करदेव तृतीयको पालामा पत्ता लागेको मानिन्छ। त्यसपछि गुह्येश्वरीको विधिवत् उत्खनन् र मन्दिर निर्माण गरी पूजा गर्ने व्यवस्था राजा प्रताप मल्लले गरे। उनले ने.सं. ७७४ वैशाख शुक्ल एकादशीको दिनमा गुह्येश्वरीको मन्दिर बनाइ गणेश र भैरवको मूर्ति पनि स्थापना गरेको भनाइ छ। यसै गरी वि.सं. १७८९ देखि गुह्येश्वरी जात्रा प्रत्येक वर्ष मार्ग कृष्ण नवमी देखि दशमीको दिन सम्म गरिने परिपाटी बनेको बुझिन्छ। यो जात्रा हनुमानढोका बाट सुरू भएर गुह्येश्वरी पुऱ्याइ हनुमानढोकामै ल्याएर सम्पन्न गरिन्छ (श्रेष्ठ,वि.सं.२०७६,पृ.१२३)।

गुह्येश्वरीको मुख्य जात्रा मार्ग कृष्ण नवमी र दशमीमा सम्पन्न हुने भए पनि अष्टमीको दिनमा शुभ साइत हेरेर *यःसिं* गाडेर पूजा गरेपछि सुरू हुन्छ। यो जत्रामा गुह्येश्वरी स्वयम् तुलजा भवानीलाई लिन हनुमानढोकामा जाने परम्परा छ। त्यसक्रममा गुह्येश्वरीको खट जात्रा गर्दै हनुमानढोका पुऱ्याइन्छ। त्यसपछि तलेजु भवानीको प्रतीकको रूपमा अष्टपत्रीय कमलसहितको कलशलाई खटमा राखिन्छ। नवमीको साझँमा गुह्येश्वरी र तुलजा भवानीको खट बाजागाजासहित राजकीय सम्मानका साथ जात्रा गरी गुह्येश्वरी स्थानमा पुऱ्याइन्छ। गुह्येश्वरीमा पुग्नासाथ मन्दिरभित्र लगी देव मिलन गराइन्छ। राति तान्त्रिक विधिअनुसार गुप्त पूजा गरिन्छ। मन्दिरभित्र रहेको भैरवलाई बोका बलि दिई त्यही प्रसाद तुलजा भवानी र गुह्येश्वरीको दिइन्छ (श्रेष्ठ,वि.सं.२०७६,पृ.१२४)।

प्रत्येक वर्ष मार्गकृष्ण नवमीको दिन शुरू भई दशमीको दिन गुह्येश्वरी जात्रा सम्पन्न हुन्छ । वास्तवमा गुह्येश्वरीयात्राको प्रारम्भ चाहिँ मार्गकृष्ण अष्टमी देखि नै हुन्छ । अष्टमीको दिन हनूमानढोकास्थित तलेजुमन्दिरका पुजारी गुह्येश्वरीलाई यात्राको निमन्त्रणा दिन भनी 'निमन्त्रणापूजा' गर्न आउँछन् । त्यसको भोलिपल्ट अर्थात् नवमीको दिन बेलुका हनूमानढोकाको तलेजुमन्दिरबाट गुह्येश्वरीको प्रतीकस्वरूप अष्टदलकमल माथि चादिँको कलश एंव भैरवको प्रतीक राखी खटमा बोकी रै-रकमीहरूकासाथ सो खटलाई गुह्येश्वरीमा लग्छन् । त्यसरी लग्दा हनूमान्ढोका, असन, कमलाछी , तीनधारा, लालदरबार, हात्तीसार, नागपोखरी, भगवतीवहाल, सिफल, नवालीटोल, दथुटोल, पाँचुटोल हुँदै उमाकुण्डअगाडिको मूलसडक हुँदै गुह्येश्वरीमा खटलाई पुऱ्याइन्छ । पुल माथिबाट खटलाई लग्न नहुने विश्वास अनुरूप जहाँ-जहाँ पुल आउँछ त्यहाँ नदी तरेर लग्छन् ( हेर्नुहोस् चित्र सं.३४) ।

गुह्येश्वरीको उत्तरपट्टिको बाहिरी मूल ढोकामा खट पुग्नासाथ त्यस मन्दिरका कर्माचार्य पुजारीले खटको परिक्रमा गरी सामान्य ढोगभेट गर्दछन् । खट गुह्येश्वरीमा ल्याइपुऱ्याउनुअघि गुह्येश्वरीको वाहिरी सडकमा परम्परागत रूपबाट *यःसिं* उभ्याउने चलन छ । पहिले प्रत्येक वर्ष नालाको जङ्गलबाट विधिविधानसाथ त्यहाँ गुह्येश्वरीमा यात्राको अवसरमा उभ्याउने लिङ्गो ल्याई उभ्याउनुपर्दथ्यो । आजकल यो चलन अवरूद्ध भएको छ। तर हाल भने पशुपति भण्डारखाल बगैंचामा रहेको सल्लाको बोट बाटे लिङ्गा बनाउने परम्परा छ ( खनाल,वि.सं.२०७७,पृ.५२३) ।

गुह्येश्वरी जात्राको लागी यहाँ *यःसिं* उठाउने गरिन्छ ( हेर्नुहोस् चित्र सं.३५) । ढलासी सायमी गुठीका गुठीयारहरूले यःसि उठाउने कार्य गर्दछन, यस मन्दिर परिसरमा २ दिन यःसि उठाउने गरिन्छ। तिहार को आष्टमीमा उठाएर दशमीको दिन ढाल्ने गरिन्छ। गुह्येश्वरी जात्रा सुरू हुनु अघी पुजाआज गरी *यःसिं* लाई उठाइन्छ, देवीको रथ ल्याएर जात्रा समाप्ती नभएसम्म *यःसिं* उठाउने गरिन्छ । गुह्येश्वरी माता को रथ गौरिघात पुगेपछी बिधिबद रूपमा पूजा गरी *यःसिं* लाई ढालिन्छ । यस *यःसिं* ३२ हात लामो हुने गरिएको छ । यस जात्रामा उठाउने *यःसिं* को लागी गुठी संस्थान बात १२ रूपैया छुटाएको देखिन्छ ।
बिकृती र बिगत केहि बर्ष यता यःसिं उठाउन गुठीयारहरू को उपस्थिती देखिदैन, सशस्त्र प्रहरी र नेपाल पुलिसका जवानहरू द्वारा *यःसिं* लाई उठाउने र ढाल्ने कार्य भैरहेको छ ।

गुह्येश्वरी मन्दिरको जात्रा पनि यःसिंसँग गहिरो सम्बन्ध राख्छ । यद्यपि मुख्य जात्रा मार्ग कृष्ण नवमी र दशमीका दिन सम्पन्न हुन्छ, अष्टमीको दिन विशेष साइत हेरेर यःसिं

ठड्याइन्छ । यसपछि औपचारिक रूपमा पूजा गरिएको हुन्छ, जसले गुह्येश्वरीको जात्राको सुरूवात भएको संकेत दिन्छ । यस स्थानमा य:सिं देवी-देवताका शक्तिलाई जागृत गर्ने साधनका रूपमा लिइन्छ, र यसले धार्मिक उर्जा प्रवाहित गराउने विश्वास रहेको छ ।

### ३.१.५ ज्ञानविनायक मन्दिर ज्ञानेश्वर, मैतिदेवी

ज्ञानबिनायक मन्दिर, ज्ञानेश्वर, काठमाडौंमा अवस्थित एक महत्वपूर्ण धार्मिक स्थल हो। यो मन्दिर भगवान गणेशलाई समर्पित गरिएको छ, जसलाई विनायक पनि भनिन्छ। गणेशले विघ्न नाशक र ज्ञान तथा शिक्षा का देवताको रूपमा पूजा गरिन्छ। यो मन्दिर भक्तजनहरू द्वारा विशेष गरेर गणेश चतुर्थीको अवसरमा ठूलो श्रद्धा र भक्ति सहित पूजा गरिन्छ । ज्ञानबिनायक मन्दिर, काठमाडौं महानगरपालिका, वार्ड नं. ३० स्थित ज्ञानेश्वरमा पर्दछ । यो ठाउँ काठमाडौंको मुख्य शहर क्षेत्रसँगै नजिकै रहेको छ र स्थानीय रूपमा प्रख्यात क्षेत्र हो ( हेर्नुहोस् चित्र सं.३६) ।

ज्ञानेश्वर चोकबाट डिल्लीबजार तर्फ लागेपछि अलि गहिरोमा गणेश मन्दिर छ । उक्त मन्दिरमा अवस्थित गणेशको मूर्ति इश्वीको दोश्रो / तेश्रो शताब्दीको रहेको छ । यस मन्दिरको सम्बन्ध मैतीदेवीसगँ रहेको छ । मैतीदेवी खट जात्रा गर्दा यस गणेशको मूर्ति संगै खटजात्रा गरिन्छ यस मन्दिरमा जात्राको समयमा *य:सिं* ठड्याउने कार्य गरिन्थ्यो जुन अहिले यस स्थानमा हराई सकेको छ । लोप भैसकेको भएता पनि यस खोज कार्यमा प्राप्त भएको कुराहरू लाई यहाँ समाबेश गरीएको हो ।

चौवतर वर्षीय सिंह बहादुर मुनिकारका अनुसार सुन्ती चह्रे अर्थात कुकुर तिहारको दिन विहाना साहित हेरेर *य:सिं* लाई विधिपूर्वक ठड्याईन्थ्यो । मूः धिमे बाजा बाजाउँदै गुठीयारहरूले *य:सिं* ठड्याउने गरिन्थ्यो र भाईटिका (किजा पूजा)को दिन ढाल्ने गरिन्थ्यो (सिंह बहादुर मुनिकार, व्यक्तिगत अन्तर्वार्ता, ०५ भाद्र २०७९ वि.सं.) । यहाँ उठाउने *य:सिं* झण्डै १०० वर्ष देखी यो परम्परा नमनाएको र अहिले यो परम्परा हरायो । हामीले गुठी घरमा य:सिंका अविषेशहरू भेट्ताएका पनि छौ तर पूरा *य:सिं* भने देखेको छैन (बाबु काजी मुनिकार, व्यक्तिगत अन्तर्वार्ता, ०५ भाद्र २०७९ वि.सं.) । *य:सिं*गा अर्थात *य:सिं* ठड्याउने खाल्डो अझै पनि गणेश मन्दिरको देव्रे पटी देख्न सकिन्छ ( हेर्नुहोस् चित्र सं. ३७) ।

मागः (मालिगाँउ) भोटाहिटी त्वाः गुठीमा झण्डै ७८ जवान गुठीयारहरू समावेस छन् । ति गुठीयारहरू सबै मालीगाँउ वरपर र भोटाहिटीका हुन । सबै नै मुनिकार जातिका

गुठीयारहरू हुन । मागः (मालिगाँउ) भोटाहिटी त्वाः गुठीले वर्षैनि यहाँ *यःसिं* उठाउने र ढाल्ने कार्य गर्ने गरेको तर विघंतमा के कारणले गर्दा यो परम्परा हराउदै गएको भन्न ग्राह्रो छ । तर *यःसिं* उठाउने सोहि दिन मै गुठीयारहरूको छ्वयला बु - विषेश पूजा गर्नु पर्ने र बेलुकि ३ वटा ठूला र साना खटहरूमा देवी देवता राखेर द्य वयगु जात्रा अर्थात मैतीदेवी जात्रा वा पञ्चकुमारी जात्रा गर्नु पर्ने भएको हुदाँ गुठीयारहरूले समय दिन नसकेकाले यो *यःसिं* उठाउने पर्व हराएको हुनुपर्छ (सन्देश मुनिकार, व्यक्तिगत अन्तर्वार्ता, ०५ भाद्र २०७९ वि.सं.) । यि तीन वटा खटमा पहिलो खटमा ज्ञान विनायक : गणेशको मूर्ति, दोश्रो खट मानिः ख (सानो खट) : अष्ट मातृका मूर्तिहरू र अजिमा ख : तघंगू ख (ठूलो खट) - गणेश, धन भाजु, मैतिदेवी अजिमाका दुई वटा मूर्ति र भैरवका मूर्ति राखी जात्रा गर्ने गरेको छ ( हेर्नुहोस् चित्र सं.३८) ।

यस *यःसिं* उठाउने परम्परासँग एउटा रोचक किवंदन्ती जोडिएको छ ।

परम्परागत रूपमा यस यःसिंमा हलीपटा झुण्ड्याउने चलन थियो। यस हलीपटामा विशेष महत्व रहेको अष्टमांगल (धार्मिक प्रतीकहरू) र अजिमा देवीको चिन्ह अङ्कित गरिन्थ्यो । एकदिन अचानक आएको प्रचण्ड हावा हुरीले यस यःसिंमा झुण्डाइएको पटा उडाएर लग्यो । त्यो पटा भक्तपुरमा झरेको थियो, र भक्तपुरका स्थानीय बासिन्दाहरूले त्यसलाई समातेर सुरक्षित रूपमा राखे । पछि भक्तपुरमा हुने विस्का जात्राको समयमा त्यहाँको *यःसिं ख्यमा* यसै पटा झुण्ड्याउन थालियो । आजसम्म पनि भक्तपुरको विस्का जात्रामा दुईवटा हलीपटा झुण्ड्याइएको दृश्य देख्न सकिन्छ, जसले यो पुरानो परम्परालाई जिवित राखेको छ ( हेर्नुहोस् चित्र सं. ३९) (सन्देश मुनिकार, व्यक्तिगत अन्तर्वार्ता, ०५ भाद्र २०७९ वि.सं.) ।

## ३.२ यःसिंको प्रतीकात्मक विविधता र महत्व

काठमाडौंमा विविध जात्रा र पर्वहरूका अवसरमा *यःसिं* ठड्याउने परम्परा प्राचीन र महत्वपूर्ण छ। उपत्यकाका विभिन्न स्थानहरूमा *यःसिं* ठड्याएर मात्र ती जात्राहरूको औपचारिक शुरूवात हुने मान्यता रहेको छ । काठमाडौंमा मनाइने मुख्य जात्राहरूमा इन्द्रजात्रा, पाहाँचरे, गुह्येश्वरीको जात्रा, हाडीगाउँको टुडालदेवी जात्रा, मैतीदेवी जात्रा आदि प्रमुख छन् । यी जात्राहरूको सुरूवात गर्ने पहिलो कार्य भनेकै *यःसिं* ठड्याउनु हो, तर यसका साथै हरेक यःसिंको आफ्नै प्रतीकात्मकता रहेको पाइन्छ, जुन जात्राका स्थान, स्थानीय जनविश्वास, र सांस्कृतिक मान्यताहरू अनुसार फरक हुन्छ ।

एउटै जात्रामा विभिन्न स्थानहरूमा *य:सिं* उठाए पनि, ती य:सिंहरूको प्रतीकात्मक अर्थ एकै हुँदैन । उदाहरणका लागि, इन्द्रजात्रामा वसन्तपुरमा ठड्याइने य:सिंलाई इन्द्रध्वजको प्रतीक मानिन्छ, जसले इन्द्रदेवको सम्मान र विजयलाई जनाउँछ। यसले इन्द्रजात्राको सुरूवात मात्र नभई इन्द्रको आशीर्वाद र शक्ति प्राप्त भएको संकेत पनि गर्दछ । तर, हाडीगाउँमा उठाइने य:सिंलाई नागको प्रतीकको रूपमा लिने गरिन्छ, जहाँ नागलाई पानी र वर्षासँग जोडिएको देवता मानिन्छ । हाडीगाउँमा *य:सिं* ठड्याएर टुडालदेवीको गहना खोज्ने जात्रा सञ्चालन गरिन्छ, जुन पानी र उर्वरतासँग सम्बन्धित छ । त्यसैगरी, गुह्येश्वरीको जात्रामा पनि *य:सिं* ठड्याउने चलन छ, जहाँ यसलाई देवीको शक्तिको प्रतीक मानिन्छ। गुह्येश्वरीमा अष्टमीका दिन शुभ साइत हेरेर *य:सिं* ठड्याइन्छ, जसपछि जात्रा औपचारिक रूपमा सुरू हुन्छ ।

*य:सिं* ठड्याउनु मात्र महत्वपूर्ण छैन, तर त्यसमा प्रयोग गरिने हलिपटा पनि विविध अर्थ र प्रतीकहरू समेट्ने गरी बनाइएको हुन्छ । हलिपटा भनेको य:सिंको टुप्पोमा राखिने विशेष धातु या काठको वस्तु हो, जुन जात्राको उद्देश्य र प्रतीक अनुसार फरक-फरक हुन्छ। कुनै हलिपटा देवी-देवताका मुकुटको प्रतीक हुन्छ, भने केही स्थानमा यो विजयको ध्वजका रूपमा प्रयोग गरिन्छ । विभिन्न स्थानका हलिपटा निर्माणमा धार्मिक र सांस्कृतिक विविधता झल्किन्छ, जसले हरेक य:सिंलाई स्थान विशेषमा फरक ढंगले अर्थ्याइने बनाउँछ ।

काठमाडौंको जात्रा संस्कृतिमा *य:सिं* ठड्याउने परम्पराले गहिरो धार्मिक र सांस्कृतिक महत्व राख्छ । यद्यपि यो सबै जात्राहरूको अनिवार्य अंग हो, प्रत्येक य:सिंको प्रतीकात्मक महत्व भिन्न-भिन्न छ । *य:सिं* उठाउने परम्परा स्थान विशेषका जनश्रुति, आस्थाका स्वरूप, र सांस्कृतिक विविधतामा आधारित रहेर फरक हुन्छ । यसले काठमाडौंको जात्रा परम्परामा विविधता र परम्पराको समृद्धतालाई उजागर गर्दछ, जहाँ एउटै संरचना (य:सिं)लाई विभिन्न प्रतीकात्मक मान्यता दिएर त्यसले जात्रा र पर्वहरूको धरोहरलाई थप बलियो बनाएको छ ।

विभिन्न स्थानमा य:सिं ठड्याउने परम्परामा सामान्यतया धार्मिक र सांस्कृतिक मान्यताहरू अन्तर्निहित छन् । य:सिंलाई केवल एक संरचना मात्र होइन, तर देवी-देवताका शक्ति र उपस्थितिको प्रतिक मानिन्छ । यसले जात्रा र पर्वहरूको सुरूवात र समापनलाई प्रतीकात्मक ढंगले प्रकट गर्छ । जब य:सिं ठड्याइन्छ, त्यो पर्व वा जात्राको शुरूवात भएको संकेत हो । त्यसै गरी, य:सिं ढलिएपछि त्यो वर्षको पर्व समाप्त भएको सूचक मानिन्छ । यो

सांस्कृतिक परम्परा उपत्यकाका धेरै जात्रा र पर्वहरूसँग गहिरो सम्बन्ध राख्छ र यसले नेपाली समाजमा धार्मिक परम्पराको निरन्तरता सुनिश्चित गरेको छ ।

यसरी, यःसिं ठड्याउने कार्य विभिन्न धार्मिक स्थानहरूमा देवी-देवताहरूको शक्तिको प्रतीकात्मक स्वरूपमा लिइन्छ, र यसले जात्राको शुभारम्भको सूचकको रूपमा महत्वपूर्ण भूमिका खेल्छ । साथै, यःसिंलाई ठड्याएर पूजा गर्ने परम्पराले सामाजिक एकता, परम्परागत मूल्यमान्यताको संरक्षण, र सांस्कृतिक पर्वहरूको निरन्तरता सुनिश्चित गरेको पाइन्छ । यसरी विभिन्न स्थानमा हुने विभिन्न जात्रा र पर्वलाई लक्षित गर्दै यःसिं उठाउने परम्परा धेरै ठाउँहरूमा देख्न पाइन्छ । यद्यपि, यःसिंलाई उठाउने हरेक ठाउँमा यसको प्रतीकात्मक महत्व फरक-फरक हुन्छ । कतिपय ठाउँहरूमा यःसिंलाई देवताको शक्ति र उपस्थितिको प्रतीक मानिन्छ, भने अन्य ठाउँहरूमा यसलाई पृथ्वी र आकाशको सम्बन्ध, प्रकृति र मानवीय जीवनको अन्तर्सम्बन्ध, या सांस्कृतिक पहिचानको प्रतीकका रूपमा पनि लिइन्छ । तर, सबै ठाउँमा यःसिं उठाउने परम्पराको एक साझा उद्देश्य भनेको सम्बन्धित जात्रा वा पर्वको औपचारिक सुरूवातको संकेत दिनु हो । कुनै पनि जात्रापर्वको औपचारिक सुरूवातको संकेतका रूपमा यःसिं उठाइन्छ, जसले उक्त जात्रालाई विधिवत रूपमा सुरू गरिएको जनाउँछ । त्यस्तै, यःसिं ढालिसकेपछि भने त्यस वर्षको जात्रापर्व समाप्त भएको संकेत दिन्छ । यसको मतलब यो हुन्छ कि यःसिं उठ्नु र ढल्नुले क्रमशः जात्रा सुरू हुनु र जात्रा समाप्त हुनुको प्रतीक हो ।

यःसिंसँग जोडिएको यो परम्परा शताब्दीयौँदेखि नेपाली संस्कृतिमा जरा गाडेर बसेको छ, र यसले जात्राको धार्मिक, सांस्कृतिक, र सामाजिक पक्षलाई एकीकृत रूपमा प्रस्तुत गर्ने काम गर्छ । यसले जनसमुदायलाई एकताबद्ध गर्छ र वार्षिक रूपमा परम्परागत पर्वहरूलाई पुनःजीवित गर्ने माध्यम पनि हो ।

# अध्याय चार

# *यःसिं* परम्परा सँग सम्बन्धित जातिहरू तथा गुठी परम्परा

## ४.१ *यःसिं* परम्परा सँग सम्बन्धित विभिन्न जाति र तिन्को काम कर्तव्य

काठमाडौंमा *यःसिं* उठाउने पर्वको धार्मिक मात्र होइन सामाजिक सांस्कृतिक महत्व रहेको पाइन्छ। किनभने यो पर्व सामुहिक रूपमा मनाइने चाड हो। यो चाड मनाउँदा समुदायका धेरै मानिसहरू सहभागी हुन आएका हुन्छन् । यसले समाजमा भाइचाराको सम्बन्ध विकास गर्न सहयोग गर्दछ। *यःसिं* उठाउदा समाजका विभिन्न जातिका मानिसहरू सक्रिय हुनु पर्ने हुन्छ। यो चाडमा महर्जन, मानन्धर, पुतुवार, डंगोल, प्रजापति, आदि समुदायका मानिसहरू विशेष रूपले सक्रिय भएका हुन्छन् । जात्रामा सहभागी ती समुदायका मानिसहरूले एक आपसमा कोही पनि ठूलो सानो भन्ने भाव लिएका हुँदैनन् । पाँहांचह्रे, इन्द्रजात्रा, आदिकै समयमा देवपत्तनमा राति देशोद्धार पूजा गर्ने चलन छ। यो देशोद्धार पूजामा नेवाः समुदाय भित्र विद्यमान ब्राम्हण, क्षेत्री, वैश्य र शुद्र गरी चारै वर्णका मानिसहरू सँगै बसी पूजाआजा गर्ने चलन छ। यसले समाजमा विद्यमान उँच नीचको भावलाई हटाएर सबै समान हुन्भन्ने भावना जागृत गरेको हुन्छ। सबै जात र सबै समुदायका मानिसहरू सँगै बसेर जात्रा चलाउनुको अर्थ सबै समुदाय समान हुन्भन्ने सन्देश दिएकै हो । *यःसिं* ठडाइदा *यःसिं* अर्थात लिङ्गो मात्रै नभएर विभिन्न स्थानमा विभिन्न किसिमको बाजागाजा बजाउदै हर्सउल्लासका साथ मनाइने पर्व पनि हो । यस यःसिं परम्परा पर्व सँग सम्बन्धित जातिहरूको बारेमा यहाँ व्याख्या गरिएको छ ।

### ४.१.१ मानन्धर

नेपालमा मानन्धर जातीका मानिसहरूको पूर्खा ग्रीसका मिलान्धर जाति हुनुपर्ने आकंलन स्व. ठाकुरलाल मानन्धरको थियो। केन्द्रीय मानन्धर सघंद्वारा नेपाल संवत ११२१ चिल्लाथ्व पारू द्वितियमा प्रकाशीत स्मारिकाको सम्पादकीयमा स्व.ठाकुरलाल मानन्धरले सम्राट सिकन्दरले भारतमा आक्रमण गर्न आउँदा ग्रीसका मिलान्धरलाई प्राविधिज्ञका रूपमा युद्ध मोर्चाको अघि अघि लाएर ल्याएका थिए। पछि भारतसँग सम्बन्ध सुदृढ भएपछि केही मिलान्धरलाई कुटनीतिज्ञ तथा जासुसका रूपमा भारतमा नै छाडी ग्रीस फर्किए भने भारतबाट नेपाल छिरेका मिलान्धर नै मानन्धर बन्न पुगे। (श्रेष्ठ,ने.सं.११२८,पृ.६५)

तेल पेल्ने सालमा काठ र बाँस च्यापेर तोरीको तेल प्रविधियुक्त तरिकाबाट निकाल्ने पेशामा लागेको हुँदा यस जातिलाई नेपालभाषामा साय्मि भनिएको हो । साय्मि तेल पेल्ने पेशाको आधारमा बन्न गएको जात हो भने मानन्धर जातको सर्वाधिक पुरानो प्रमाण ने.सं. ३५७ को सर्वथा पत्र ने.सं. ४८५ को अभिलेख र ने.सं. ४९६ गोपालराज वंशावलीमा जग्गासम्बन्धी प्रमाण रहेको कुरा धनवज्र वज्राचार्य र डा. कमलप्रकाश मललको पुस्तकमा रहेको डा. महेशराज पन्तले उल्लेख गर्नुभएको छ । (साय्मि,ने.सं.११२७,पृ.६५)

सालबाट साः मि वा साय्मि भनिएको कुरा स्पष्ट भएतापनि मिलान्धर बाट मानन्धर भएको भन्ने बारे हालसम्म प्रमाण फेलापर्न सकेको भने छैन । तर नेपालको ऐतिहासिक ताडपत्र, ताम्रपत्र, शिलापत्र, आदिमा भने मानन्धर, मानधरी, मानोधर, मानाधर, मानधर, आदि उल्लेख भएको हुदाँ कतै मानन्धर व्यापक मानापाथी प्रयोग गरी व्यापार गर्ने जात भएकोले मानोधर, मानन्धर आदि पो भनिएको हो कि भन्ने पनि यस मानन्धर समाजको भनाई छ । ( श्रेष्ठ,ने.सं.११२८, पृ.६५)

मानन्धर जातिका मानिस लाई बिभिन्न नाम बाट सम्बोधन गरीने गरेको पाइन्छ जस्तै तुसिया, तुस्या, तेलकर वा तैली, आदि जसले जुनसुकै रूपमा लिएता पनि समिष्टिगत रूपमा इन्जिनियरिङ, कौशल र यान्त्रिक शीपका ज्ञाता भन्ने मानिन्छ । प्राचीन कालमा जटिल मठमन्दिर घरको छानामा गई धुरी बान्ने, युद्धको अघि अघि झन्डा बोक्ने, तेल पेल्ने, काठको मेशिनलाई तरिकासँग बनाउनमा समेत सिद्धहस्तहरू हुन (सायमि,ने.सं.११२८,पृ.६५) । त्यसतै विभिन्न जात्रा पर्वहरूमा *य:सिं* ठड्याउने, *य:सिं* लाई चाहिने वृक्षको छनोट गरी ल्याउने तथा विभिन्न काममा निपुण हुन मानन्धर जाति ।

इन्द्रजात्रामा *य:सिं* उठाउने काम काठमाडौंका स्थानीय मानन्धरहरूले गर्दै आएको छ । नालाको जंगलमा गएर य:सिंको लागि उपयुक्त रूख काट्नेदेखि लिएर त्यसलाई तानेर काठमाडौं ल्याउने, उठाउने, इन्द्रजात्रा सकिए पछि ढाल्ने र टेकू दोभानमा लगेर सेलाउनेसम्मको काम मानन्धरहरूले गर्दै आएको छ । मूलतः यो काम गर्ने सम्पूर्ण जिम्मेवारी मानन्धर जातिको नाइके 'न्हयसः नायः' को काँधमा हुन्छ । अहिले केन्द्रीय मानन्धर संघको व्यवस्थापनमा यो कार्य हुँदै आएको छ ।

मानन्धर संघका सम्पूर्ण पदाधिकारीहरू हनुमानढोका दरवारको नासल चोकमा भेला हुन्छन् । दरवारका गुर्जुले सबैलाई साइत गरी वन जाने सृकृती दिन्छन् । मानन्धरहरू सँगसगै गुरूजुको पल्टन पनि सहभागी हुन्छन् । यस लाई वन प्रस्थान भनिन्छ । रूख काटिसके पछि

त्यसको हाँगा बिङ्गा सफा गरी काठमाडौंतिर ल्याउन तान्न थालिन्छ । *य:सिं* तान्न धालसिक्व टोलका मानन्धरहरू आउने गर्छन् । (चित्र नं. ) यो य:सिंलाई तानेरै मात्र काठमाडौंसम्म ल्याइ पुऱ्याउने परम्परा रहँदै आएको छ । नाला देखि भक्तपुरसम्म भक्तपुरका मानन्धरहरूले तान्ने, त्यसपछि एअरपोर्ट क्षेत्रसम्म थिमिका मानन्धरहरूले तान्ने र त्यहाँबाट भोताहिटीसम्म अरूले तानेर ल्याउने गरिन्छ । भोटाहिटीमा *य:सिं* लाई तँलाछीका मानन्धरहरूले स्वागत गर्दछ ( शाक्य र मानन्धर,वि.सं.२०७७,पृ.८०) ।

एकादशीका दिन चसांद्वँ टोलका मानन्धरहरू गएर य:सिंमा डोरी बाँध्ने काम गरिन्छ जसलाई 'वल: घायेगु' भनिन्छ । 'वल: घायेगु' य:सिंमा डोरी बाँध्ने एउटा त्यस्तो जटिल विधि हो जसलाई तानेर *य:सिं* उठाइसके पछि *य:सिं*को सिरानीमा बाँधिएको गाँठो तलै बसेर फुकाल्न सकिन्छ । *य:सिं* उठाइसके पछि त्यो देवता सरह हुने भएकोले गाँठो फुकाल्न माथि चढ्न मिल्दैन । त्यसैले तलैबाट गाँठो फुकाल्नु पर्ने हुन्छ । द्वादशीका दिन बिहानीको साइतमा *य:सिं* उठाइन्छ । यसमा सबै इन्द्रजात्राका लागि सहभागी हुने सम्पुर्ण टोलका मानन्धरहरू सहभागी हुन्छन् । य:सिंमा हलिंपता: फहराउने कार्य दैसा: टोलका मानन्धरहरूले गर्छन् । त्यसतै *य:सिं* विसर्जन गर्दा सबै सहभागी भएर ढाल्छन र टेकू दोभानमा लगेर सेलाउने गरीन्छ । *य:सिं* लाई विसर्जन गरिसके पछि पहिले पहिले स्थानीय द्य:पा:ला: (पोडे) हरूसँग मानन्धरहरूले *य:सिं*को काठ किनेर लगी आफ्नो तेल पेल्ने सालमा तोरी पकाउन बाल्ने पनि गरेका थिए (गजेन्द्र मानन्धर,व्यक्तिगत अन्तवार्ता, २१ चैत्र २०७९ वि.सं.) ।

गुह्येश्वरी जात्रामा *य:सिं* ढलासी सायमी (मानन्धर) जातका गुठीका गुठीयारहरूले य:सि उठाउने कार्य गर्दछन, यस मन्दिर परिसरमा २ दिन य:सि उठाउने गरिन्छ । तिहार को आष्टमिमा उठाएर दशमिको दिन ढाल्ने गरिन्छ । गुह्येश्वरी जात्रा सुरू हुनु अघी पुजाआज गरि *य:सिं* लाई उठाइन्छ, देवीको रथ ल्याएर जात्रा समाप्ती नभएसम्म *य:सिं* उठाउने गरिन्छ । गुह्येश्वरी माता को रथ गौरिघाट पुगेपछी बिधिबत रूपमा पुजा गरी *य:सिं* लाई ढालिन्छ ।

### ४.१.२ पुतुवार

नेवार जाति मध्यका पुतुवार लाई नेपाल भाषामा भने 'दुइँ' भनेर चिनिने गरिन्छ । यी जातिको प्रचीन बस्ती हल्चोक रहेको छ । पृथ्वीनारायण शाहको एकीकरणका क्रम्मा कीर्तिपुर सँगको लडाई गर्दै गर्दा पृथ्वीनारायण शाहलाई कीर्तिपुरको एक 'सिपाहीले काट्नै लाग्दा एकजना खड्गी सेनाले उचालेर तरबार रोक्दै भनेका थिए सिपाहीले राजाको हत्या गर्नु

धर्मविपरीत हो । सिपाहीले सिपाही सँग मात्र युद्ध गर्नुपर्दछ राजासँग हुँदैन' यति भनुन्जेल एक पुतुवारले राजालाई बोकेर इन्द्रदहस्थान थानकोटसम्म पुऱ्याइसकेका थिए (श्रेष्ठ, वि.सं.२०६५, पृ.२९) । ने.स. ८८९ को सो युद्धमा गोर्खाका मुख्यमन्त्री कालु पाण्डेको हत्या र राजाका भाइ सुप्रताप शाहको दुवै आँखा फुटेका थिए । राजालाई सो डरलाग्दो स्थिती बाट मुक्त गरी जोगाएर ल्याइदिएका ती पुतुवार लाई राजा पृथ्वीनारायण शाहले धाप मार्दै स्यावास आजदेखी तिमीहरू राजवाहक भयौ भनी पदभार दिएको आख्यान यस समाजमा हाल्ने गरिन्छ (श्रेष्ठ, वि.सं.२०६५, पृ.२९) । यसै कारणले यी जातिका मानिसहरू आफूलाई राजवाहक भन्नमा गौरब ठान्दछन् ।

वि.स. १९९० सालमा हल्चोक भैरव द्यः छे आगलागी हुँदा भएको ऐतिहासिक दस्तावेज पनि नष्ट भएपछि यि जातिको बारेमा अरू थप जानकारी पाउन सकेको भने छैन, तर पुतुवारहरूको समाजमा हलचोक भैरव लाई एउटा शानका साथ प्रस्तुत गर्ने गरेको पाइन्छ र हरेक वर्ष इन्द्रजात्राको अवसरमा सात दिन सम्म काठमाडौ सम्म आएर गणनृत्य नचाइने परम्परा जीवितै छ जसलाई 'सवः भक्कु नृत्य' पनि भनिने गरिन्छ ।

त्यसै गरी यःसिंलाई सुरक्षा दिने काम भने पुरानो गुह्येश्वरीका स्थानीय पुतुवारहरूले गर्ने गर्दछ । *यःसिं* उठाएको दिनदेखि पुतुवारहरू दिनरात त्यहीं बसेर यःसिंको सुरक्षामा खटिन्छन् । *यःसिं* उठाए पछि इन्द्रजात्रा आरम्भ भएको मानिन्छ । पुतुवार जातिका केही समूहले आफ्नो पालो फेरी त्यहाँ कुरूवा बस्ने गरेको देखीन्छ ।

जेराँ तोफाँका अनुसार यःसिंको कुरूवा बस्न आउने ती पुतुवारहरू नै आठ दिनका लागि द्यःपाःलाः हुन्छन् । यःसिंमा पुजा गरे वापत चढाइने सबै सामानहरू र पैसा उनीहरू नै लिने गर्छन् । उनीहरूले दिनको दुई पटक इन्द्रको मूर्तिमा तेलको बत्ती बाल्नुपर्ने हुन्छ । यति गरे वापत उनीहरूलाई गुठी संस्थानले केही दाल, चामल र तेल दिने गरेको छ । उहाँका अनुसार *यःसिं* उठाइसके पछि हरेक दिन जोगीहरू आई यःसिंको सामुन्ने बाजा बजाउनु पर्ने चलन पनि थियो तर अहिले त्यो हराइसकेको छ (तोफाँ,ई.सं.१९९२,पृ.८४) ।

### ४.१.३ महर्जन र डंगोल

नेपालको जातजातिहरू मध्य नेवा समाज भित्र एउटा जाति हो ज्यापु । नेवार समुदाय भित्र खेती गर्ने एउटा जाति हो ज्यापु । ज्यापु दुई अक्षर "ज्या" र "फू" मिलेर शब्द बनेको छ यस्को अर्थ हो ज्या माने काम र फु माने गर्ने अर्थात जे पनि काम गर्न सक्ने । तर पछि

गएर अपभ्रषं हुदै ज्यापू भएको देखीन्छ। अर्को आधार भनेको रोप्ने धानहरू मध्यमा पु वाः (पु : रोप्ने , वाः धान) भनिन्छ। त्यही धान लाई रोपाई गर्ने भएका हुनाले ज्याः पु भनिएको पनि गरिन्छ (महर्जन, ने.स. ११२७, पृ.१०६)।

सामाजीक संरचनामा धर्म कर्म संस्कार संस्कृति र जनसख्याको आधारले पनि यो जातिले महत्वपूर्ण ठाँउ ओगटेको देखिन्छ। यो जाति कहिले कहाँ बाट नेपालमा बसोबास गरेको हो भन्ने कुरा यकिनका साथ भन्न सकेको देखिदैन्। बाबुराम आचार्य र जगदीश चन्द्र रेग्मीले १९७८ मा जातिको पूर्खा लिच्छवी र महर्जन भन्ने नाँउ महाजन अर्थात गन्यमान्यमा गनीएको भनिएको छ। (महर्जन, ने.स. ११२७, पृ.१०६)

त्यसैगरी लैनसिं वाङ्डेलको भनाई अनुसार यो जातिको वशंज किराती हुनूपर्छ भन्ने अनुमानित विश्लेशन गर्नु भएको छ तर वशंबलीको आधार मानेर हेर्ने हो भने मल्ल भन्दा अगाडी लिच्छवी, लिच्छवी भन्दा अगाडी किरात, किरात भन्दा अगाडी आभीर, आभीर भन्दा अगाडी महीसपाल र महीसपाल भन्दा अगाडी गोपालवंशीहरूले राज्य गरेको देखीन्छ र गोपालवशांवलीको आधारमा भन्ने हो भने ज्यापूहरू किरातकाल भन्दा पहिलेको हो। त्यसै कारण ज्यापु काठमाडौं उपत्यकाको भूमि पुत्र वा आदिवासी हो। (महर्जन, ने.स. ११२७, पृ.१०७)

ज्यस्थिती मल्लको जातिय वर्घीकरण गर्नु अगाडी दूई जाति देखीन्छ। एउटा भारो अर्को भाबो। भारो भनेको शासक वर्घ र अरू सम्पूर्ण वर्घलाई भाबो भनिन्थ्यो। त्यस समाजमा ज्यापु लाई भाबोमा गनिन्थ्यो। तर पछी गएर जातिए वर्घीकरण पछि भाबो नै ज्यापु हुन गएको देखिन्छ। त्यसैमा पनि कामको आधारमा यो जातीमा विभिन्न थरमा वर्घीकरण भएको देखिन्छ जस्तै : महर्जन, डगोल, सुवाल, सिं, अवाल, आदि। यहि विभिन्न समुदायको मिश्रण हो ज्यापु (महर्जन, ने.स. ११२७, पृ.८)।

इन्द्रजात्राको समयमा *यःसिं* हनुमानढोका दरवार क्षेत्रमा मात्र नभई टेबाहालको भद्रकाली द्य छैं मन्दिर परिसरमा समेत उठाउने गरिन्छ। त्यस्तै पाहाँचह्रे जात्रा लाई लक्षित गरी वघं, कंकेश्वोरी मन्दिर परिसरमा र भद्रकाली मन्दिर परिसरमा पनि *यःसिं* उठाउँने कार्य गरिन्छ। यी सबै स्थानमा महर्जन र डंगोल जातिका मानिसहरूको संलगन्तामा नै सबै कार्य गर्ने गरेको पाइन्छ। *यःसिं* लाई ठडाउने, ढाल्ने , यःसिंको समरक्षण गर्ने सम्पूर्ण कार्य यसै जातिका विभिन्न समूह द्वारा विभिन्न स्थानमा गरिदै आएका छन्। यदि *यःसिं* विग्रियो, भाचीयो

अथवा कुनै रूपले बदल्नु परेमा वन विभागको स्वीकृती लिएर विभिन्न स्थानको वनहरूमा गई नयाँ *यःसिं* ल्याउने कार्य समेत यस जातिले गर्ने गरेको पाइन्छ ।

*यःसिं* लाई मात्र नभएर विभिन्न स्थानमा विभिन्न किसिमका *यःसिं* ठडाइन्छ र त्यस यःसिंको लागी चाहिने सामाग्री बटुल्ने, खोज्ने, रोज्ने कार्यहरू पनि गर्ने गरेका छन् । जस्तै *यःसिं* ठडाउनको लागि चाहिने डोरी, बाँस, रगँ, विभिन्न फूलहरू आदि को व्यवस्ता गर्ने । विभिन्न यःसिंमा विभिन्न पटा(झण्डा) हरू राखीन्छ, त्यस पटाको संरक्षण गर्ने । पटा लाई चाहिएमा रंग रोगन गर्ने आदी कार्यहरूको लागि पनि यस जातिका मानिसहरूले गर्ने गरेका छन् ।

### **४.१.४ प्रजापति**

नेवा समाज भित्रको अर्को एउटा जाति हो प्रजापति, यो जातिको चिनारी हेर्नु पर्दा विभिन्न एतिहासिक, धार्मिक ग्रन्थहरूमा मानिसहरूको भिन्दा भिन्दै विचार प्रकट भएको देखिन्छ । मानवको श्रृष्टीकाल देखी मानिसलाई चाहिने आ-आफ्नो माटोको विभिन्न भाडाकुडा कलाकृतिको सृजना गर्दै आएकोले माटोको काम गर्नेलाई प्रजापति भन्दै आएको देखिन्छ । त्यसतै वेद, यजुर्वेद, श्रृष्टीकर्ता वा रचनाकार लाई प्रजापति भनि सम्बोधीत गरीएको देखीन्छ ( प्रजापति,ने.स. ११२७, पृ.१९१) ।

कुमा अर्थात प्रजापति जातिका मानिसहरू आफूलाई ब्रम्हाको वशं हुन भन्दैआएको पाइन्छ । भारतमा प्रजापति वंशावली अनुसार ब्रम्हा जी प्रजापति नामको एक ऋषीले श्रृष्टी गरेको भन्ने उल्लेख भेटिन्छ (प्रजापति, ने.स. ११२७, पृ.१९१) । यसै गरी प्रजापति ऋषीले माटोको वृक्ष, पशुपछीं, भाडाकुडा बनाई माटोको प्रचार गरेको भन्ने भनाई छ । पछी यिनै माटोको काम गर्ने प्रजापति ऋषीको वशंको कुभकार प्रजापति नाम गरेका व्यक्तिले निरन्तरता दिदै गए भन्ने प्रजापति वंशावलीमा उल्लेख गरेको पाइन्छ । यसै आधारमा माटाका काम गर्ने कुमाहरू आफू लाई प्रजापति ऋषीका सन्तानको आधार मानी आफ्नो थर प्रजापति लेख्ने जन्म सिद्ध अधिकार हो भनि भन्दै आएको पाइन्छ (प्रजापति,ने.स. ११२७, पृ.१९१) ।

माटोको काम गर्ने कुम्भकारका सन्तान भएको नाताले अहिले सम्म पनि भारत देशमा माटोको काम गर्नेहरूले आफ्नो थर कुम्हार (प्रजापति) लेख्ने गरेको देखिन्छ । ( प्रजापति,ने.स. ११२७, पृ.१९१)

माटोको पानी राख्ने भाँडो लाई संस्कृतमा कुम्भ भनिन्छ। कुम्भकारले बनाएको हुदा माटोको पानि राख्ने भाडो लाई कुम्भ भनिएको हुनुपर्छ। पछि यहि अक्षर अपभ्रंस भई कुम्हार, कुम्हाल, कुम्हा, आदि भन्ने अनुमान गरीएको छ।

यजुर्वेदको एघारौ अध्यायमा माटोको भाडा सृजना गर्ने सन्दर्भमा कुम्हाको वर्णन पाईन्छ (प्रजापति,ने.स. ११२७, पृ.१९१) :

"संसृष्टां वसुभी रूद्रैर्धीरैः कर्मण्यां मृद्म्। हस्ताभ्यां मृद्धीं कृत्वा सिनीवाली कृणोतु ताम्"

अर्थात : शिल्पीहरूले माटोको भाडा बनाउँदा माटोमा पानि मिसाएर नरम बनाएर विभिन्न चराचुरूङ्गी, विभिन्न भाडाकुदा सृजना गर्दछ र त्यसको उपयोग गर्दछन् त्यसतै गरी ब्रम्हले सम्पूर्ण जीवको श्रृष्टी गर्दछ।

"ओड्म चतुरः कुम्मारतुर्या ददमिं क्षीरेण पूर्णा उदकेन दहना"

अर्थात : चार वटा माटोमो भाडामा दुध, दही र पानी राख्ने बारे वर्णन गरेको पाइन्छ।

"ऊखां कृयोतु शकतय वाहुभ्यामदितिर्धिमा"

अथार्त : शिल्पीकारले माटोको हांडी बनाएको झैं इश्वरले आफ्नो आकर्षण शक्तिले पृथ्वी सृजना गर्दछ (प्रजापति,ने.स. ११२७, पृ.१९१)।

इतिहासकार बाबूराम आचार्य भन्नुहुन्छः नेवार भाषा र संस्कृति जस्तै लिच्छविहरूको ब्रम्हू, बञ्जा, ज्यापु, शिल्पकार, कुमा, दुसाद, थारू जातिको कुम्हाः, वाट भित्रिएको भनिएको छ। कपिलबस्तुको तिलौराकोट उत्खन्नको कममा पनि ई.पू. ११ देखी ८ औं शताव्दीका रातो, कालो रगंका माटोको भाँडाकुँडा सगैं विभिन्न माटाका बनाइएका कलाकृती भेटिएको छ (प्रजापति,ने.स. ११२७, पृ.१९२)।

यो सबै इतिहास केलाएर हेर्दा सबै कुम्हाहरू एकैचोटी सबै नेपाल भित्रीएको नभएर विभिन्न स्थान बाट विभिन्न समयमा नेपाल भित्रिएको देखीन्छ।

हाडिँगाउ डबली सँगै र आर्को हाडिँगाउ केलटोलमा गरी दुइ वटा *यःसिं* उठाउने गरिन्छ। डबलीमा प्रजापती गुठीका गुठीयारहरूले उठाउछन्। दुई -तीन जनाको सयुंक्त परिवार मीलेर यस गुठी सञ्चालन भईरहेको छ। पुस्तान्तरण हुदै आएको यस कार्यलाई

निरन्तरता दिदै गुठी सञ्चालन गरिरहेको कुरा यस गुठीका मुख्य गुठीयार ६८ वर्षका तिर्थ प्रजापतिले भन्नु भयो (तिर्थ प्रजापति, व्यतिगत अर्तरवारता, ३० बैशाख २०८१) । हरेक वर्ष सबै सगोलमा मिलेर यःसि उठाउने र ढाल्ने कार्य भइरहेको छ । यस गुठीमा २-३ परिवार मिलेर सबै व्यवस्था गरेता पनि टोलका अरू जातिका मानिसहरूको सहयोले नै *यःसिं* उठाउने र ढाल्ने गरिन्छ । यसमा सहयोगी भएका सम्पूर्ण लाई *यःसिं* ठड्याउदा र ढाल्दा समय बजी (एक किसिमको नेवारी भोज) खुवाउने व्यवस्था भने उहि प्रजापति खलकले गर्ने गरेका छन् ।

*यःसिं* ठड्याउनको लाई चाहिने विभिन्न किसिमका सामाग्री बटुल्ने, खोज्ने, राज्ने कार्यहरू पनि गर्ने गरेका छन् । जस्तै *यःसिं* ठडाउनको लागि चाहिने डोरी, बाँस, विभिन्न फूलहरू आदिको व्यवस्था गर्ने । यःसिंमा झुण्डाउने पटाको (झण्डा) संरक्षण गर्ने । पटा लाई चाहिएमा रंग रोगन गर्ने, आदि कार्यहरूको लागि पनि यस जातिका मानिसहरूले गर्ने गरेका छन् ।

### ४.१.५ श्रेष्ठ

इतिहासमा श्रेष्ठ जाति नेपालमा कहाँ बाट आए कहिले देखि बसोवास गर्न थाले भन्ने कुरा यकिनका साथ भन्न नसकेपनि यथार्थ इतिहास कोटयाउनुपर्दा श्रेष्ठ समाजभित्र खस ब्राम्हण देखि तराईवासी मधेशीया सम्म किराँत देखि हिमाली र तामाङ्ग सम्मका मानिस पाइन्छन् । (श्रेष्ठ,ने.सं ११२८,पृ.६१) भनिन्छ जयस्थिति मल्ल र राणा शासकबाट ल्याइएको जातिय वर्घीकरण र विभेद पछि दरवार सगँ नजिक रहेका ज्यापु देखि नेपाल एकीकरण पश्चयात् देश छाडेर परदेश बसाई सरेका जुनसुकै जातले पनि आफूलाई ठूलो जात देखाउन श्रेष्ठ थर राखेपछि यस समाजमा अनेकौं विविधता देखापरेको बताइन्छ । तर नेपालभाषामा स्यस्यः भनिने श्रेष्ठ जुनसुकै जातको पनि संयोजन मात्र चाँहि होइन ।

स्यस्यः जातिको मूलथलो शेषान्त क्षेत्र भनिए पनि नेपालमण्डल भित्र देवपतन पशुपति, साँखु, गोकर्ण, बोडे, लुभु, बनेपा, नाला, धुलिखेल, पनौती, ईचंगु, चाँगु, बाडेगाँउ, काठमाडौं, ललितपुर, भक्तपुर, मध्यपुर र कीर्तिपुर दरबार क्षेत्रमा स्यस्यःको नेतृत्वदायी बस्ती रहेका छन् । (श्रेष्ठ, ने.स.११२८,पृ.६१) ठकुरी खस मल्ल अर्थात थकूजुजु राजा श्रेष्ठ समाजमा समाहित भएपछि मल्ल नेवार भएजस्तै वैशालीबाट नेपाल प्रवेश गरेका लिच्छवि राजा पनि श्रेष्ठ समाजमा समाहित हुनपुगेको बताइन्छ । तर सबै श्रेष्ठ भारतबाट नेपाल प्रवेश गरेको नभई शेषान्त क्षेत्र लप्सी प्रशस्त हुने स्थानबाट नेपालमण्डल बसोबास गरी राज्यसत्तासँग नजिक

रही कार्य गरिरहेकाले यस जातिलाई शेषान्त बाट स्यस्यः भन्न थालिएको पाइन्छ ( श्रेष्ठ,ने.स.११२८,पृ.६२) ।

इतिहासविद भुवनलाल प्रधानको भनाई अनुसार मूलरूपमा मङ्गोलियन नश्लका स्यस्यः को मुख्य बासस्थान शेषान्त क्षेत्र वर्तमान नेपालको रामेछाप, दोलखा, काभ्रेपलाञ्चोक, सिन्धुपाल्चोक, नुवाकोट र रसुवासम्म पर्दछ जहाँ लप्सी प्रशस्त उत्पादन हुने ठाँउका अन्य जातजाति जस्तै उपत्यका प्रवेश गरी राज्य सञ्चालनमा सहभागिता जनाउन थालेपछि श्रेष्ठ जातिलाई स्यस्यः भन्न थालिएको हो । (श्रेष्ठ,ने.स.११२८पृ.६२)

स्यस्यः समाजमको नेतृत्वमा सञ्चालन गरिने पर्व हाडिगाँउमा *यःसिं* ठड्याउने पनि एक हो । हाडिँगाउ केलटोलमा श्रेष्ठ जातिका मुख्य नाय को अगुवाइमा अरू टोलबासीको सहयोगले यंःसि उठाउँने गरिन्छ । यहाँ कुनै गुठी छैन । एकल श्रेष्ठ परिवारले यस पर्वलाई अगाडी बदाइरहेका छन् । श्रेष्ठ जातिका परिवारले सम्पूर्ण खर्च बेहोर्ने गरेका छन् । ८ - १० पुस्ता देखी नै यस एकल परिवारले नै सबै व्यवस्था गर्ने गरेको भनाई यस *यःसिं* व्यवस्थापन गरीरहेका ४९ वर्षका जगतनारायण श्रेष्ठले भन्नु भयो । यसमा सहयोगी भएका सम्पूर्ण लाई *यःसिं* ठड्याउदा र ढाल्दा समय बजी (एक किसिमको नेवारी भोज) खुवाउने व्यवस्था भने जगतनारायण श्रेष्ठले गर्दै आउनु भएको छ ( जगतनारायण श्रेष्ठ, व्यतिगत अर्तरवारता, ३० बैशाख २०८१) ।

यसरी विभिन्न जातिका मानिसहरूको सम्योजनमा विभिन्न ठाँउमा *यःसिं* विधिपूर्वक ठड्याउने र ढाल्ने कार्य गरीन्छ । यसरी समाजमा मैत्री पूर्ण वातावरणमा यो पर्व मनाउने गरिएको छ ।

## ४.२ काठमाडौंको *यःसिं* परम्परासगँ सम्बन्धित गुठीहरू

संस्कृत शब्द गोष्ठी बाट अपभ्रंश भई गुठी शब्द बनेको हो । गोष्ठी को अर्थ सभा वा समूह भन्ने हुन्छ । समूहको भलाइ र सामूहिक उत्तरदायित्वको भावनाको आधारमा यो व्यवस्थाको जन्म भएको हुँदा कालान्तरमा यसलाई गाष्ठी नामबाट सम्बोधन गर्न थालियो । नेपाली जनजिब्रोले गोष्ठीलाई गुठी भन्न रूचायो र यसरी गुठी लामो समयदेखि राष्ट्रको धार्मिक, सांस्कृतिक उत्थानमा सहयोगी भयो तथा लोकोपकारी कार्यहरू गर्न समर्पित रह्यो । (टण्डन, वि.सं.२०५२, पृ.१) हाम्रो देशमा लिच्छविकालदेखि शाहकालसम्म विभिन्न वंशका राजाहरूले राज्य गरी आएको देखिन्छ । लिच्छविकाल र मल्लकालमा स्थापना भएका धेरै गुठी

आजसम्म पनि कुनै न कुनै रूपमा चलि नै आइरहेका प्रमाणहरू यथेष्ट छन् । हाम्रा पुर्खाहरूले गुठी व्यवस्थाद्वारा नै समाजकल्याणकारी क्रियाकलापहरूले स्थायित्व प्राप्त गर्दछ भन्ने बुझेको हुँदा शासकहरू फेरिए पनि गुठी परम्परा झन् झन् बलियो हुँदै आएको पाइन्छ ( पौड्यल,वि.सं.२०४४,पृ.१) ।

यो पृथ्वीमा भएका प्राणीहरूको एक स्वभाव आ-आफ्नो स्वजति संगठीत भई, सँगै बसि खुसी प्रकट गर्ने र आपत विपत परेको बेला एक ठाँउमा भेला भई आ-आफूले सक्दो सहायता सहयोग गर्ने गर्छ । पशु, पछी, किरा, फत्यांग्राहरू पनि आ-आफ्नो स्वजाति मिली बाँचेको हुन्छ । यसै गरी मानिसहरू पनि आ-आफ्नो जीविका चलाउन र सुरक्षा प्रदान गर्न आ-आफ्नो समुह मिलाई जीवन निर्वाह गरिरहेको हुन्छ । यसरी साथै वसि संगोलमा कार्य गर्न गुठीको पुर्वरूप हो (शाक्य, वि.सं.२०५३,पृ.५) ।

गुठी परम्परा नेपाली समाजको अभिन्न अगं हो । नेपालमा गुठीको धेरै लामो परम्परा रहँदैआएको छ । गुठी परम्परा नेपालमा कति पुरानो छ भन्न सकिँदैन । नेपालको प्रमाणिक इतिहासको आरम्भ सँगै नै गुठीको इतिहास पनि थालनी भएको विश्वास गरिन्छ । मानदेव प्रथमको चाँगु नारायणको अभिलेख (वि.सं. ५२१)मा समेत गुठीको उल्लेख भएको पाइन्छ । नेपालमा अहिलेसम्म लिच्छविकालका करिब २०० जति अभिलेखहरू भेटिएका छन् । ती मध्ये ४८ वटा अभिलेखमा कुनै न कुनै रूपमा गुठीको उल्लेख भएको पाइन्छ। ( टण्डन,वि.सं.२०५२,पृ.१)

नेपालमा लिच्छविकालभन्दा पहिले गुठीको कस्तो व्यवस्था थियो भन्ने अभिलेख पाइएको छैन । तर पनि यति चाहिँ निश्चित रूपमा भन्न सकिन्छ कि लिच्छवि राजा मानदेव प्रथम भन्दा पहिले नै नेपालमा गुठी परम्परा सुगठित रूपले सञ्चालन भइसकेको थियो । नेपालको इतिहासमा धार्मिक, सामाजिक, सांस्कृतिक कार्यहरूका लागि अलग अलग गुठी स्थापना गर्ने चलन रहेको पाइन्छ । (शाक्य र मानन्धर,वि.सं.२०७७,पृ.२१३)

नेपालमा गुठीको लामो परम्परा छ । अहिले सम्मको अनुसन्धानबाट नेपालको प्रमाणिक इतिहासको प्रारम्भसँग गुठीको इतिहासको पनि थालनी भएको बुझिएको छ । गुठीको उल्लेख सबभन्दा पहिले संवत् ३८६ (वि.सं. ५२१)को मानदेव प्रथमको चाँगुनारायणको अभिलेखमा आएको छ । त्यसको अतिरिक्त लिच्छविकालका लेखहरूमा कुनै न कुनै रूपमा गुठीको उल्लेख आएको छ । साथै मध्यकाल, मल्लकाल तथा  शाहकालमा पनि परम्परागत रूपमा गुठी व्यवस्था कायम रहेको कुरा बताउने अभिलेखहरू पनि निकै छन् । लिच्छविकालका

अभिलेखहरूमा आएका गुठी सम्बन्धी उल्लेखहरूबाट गुठी व्यवस्थाको ख्याति त्यस बेला राम्रो सँग भइसकेको साथै गुठी व्यवस्था प्रौढ रूपमा पुगिसकेको अनुमान हुन्छ । लिच्छविकाल भन्दा अगाडिको गुठी व्यवस्थाको बारेमा बोल्ने प्रामाणिक सामग्रीहरू नभएकोले अनुमानको भरमा केही भन्न सकिन्न । तर यतिचाहिँ निश्चित भन्न सिकिन्छ कि गुठी व्यवस्था मानदेव प्रथमको शासनकालभन्दा अगाडि नै नेपाली जनजीवनमा प्रचलित भइसकेको थियो । मुख्यतः धार्मिक कीर्तिहरूको स्थापना पश्चात् तिनको नियमित पूजा आजा, वर्षबन्धन, रेखदेख एवं लौकिक कीर्ति तथा समाजोपयोगी कामहरूको स्थायित्व एवं निरन्तरताको लागि नै गुठी व्यवस्थाको उद्‌भव भएको देखिन्छ । (टण्डन,वि.सं.२०५२,पृ.१)

मल्लकालीन अवस्थामा पनि साविकदेखि चलि आएको गुठी परमपराप्रति उतिकै आस्था रहेको कुरा थाहा हुन्छ । राजा जयस्थिति मल्लको अनेकौं देवालय तथा मन्दिरहरू बनाई गुठी राखिदिएका थिए । त्यसै गरी राजा विश्व मल्लले भगवान् दत्तात्रेयको तीनतले मन्दिर तथा अनेकौं मठहरू पनि बनाएर खर्चको निमित्त गुठी राखिदिएको पुनः निर्माण तथा मत्स्येन्द्रनाथको देवलको जिर्णेद्वार गरी प्रशस्त गुठी राखेका थिए । त्यसै गरी राजा योगनरेन्द्र मल्लले पनि मत्स्येन्द्रनाथ र हरसिद्धिको पुरातात्विक एव्म ऐतिहासिक स्मारकको रूपमा देखिएका अनेकौं मठ मन्दिरहरूको निर्माण गर्ने काममा मल्ल राजाहरूको योगदान रहेको कुरा प्रस्ट हुन्छ ( पौडयाल, वि.सं.२०४४,पृ.१८) ।

गुठीको लामो इतिहासमा बिबिध समयमा कैयन गुठीहरू स्थापना गरिए । धार्मिक आस्था र समाज सेवाको भावनालाई सबल पार्ने हेतुले गुठीहरूको स्थापना भएको कुरा तिनीहरूको स्वरूप बाट अवघंत हुन्छ । गुठीका निहित उद्देश्य र स्वभावका आधारमा धार्मिक्, लौकिक्, मनोरञ्जनात्मक र वर्गीय गुठीको रूप मा बिभाजन गरी हेर्न सकिन्छ। ( टण्डन,ई.सं.२०५२,पृ.६)

सम्वत् ५२६ आश्विन शुक्ल "तिमीहरूका ग्राम को सीमाभित्रका ठाउँमा पहिलेका राजाहरूले र अरू सज्जनहरूले पुण्य बढोस भनी जुन खेतहरू दान दिएका थिए, कसैले पनि तिनीहरूको हिना मिना गर्न नपाओस् भन्नाको लागि र धेरै काल सम्म ती कायम रहून भन्ना का लागि हर बखत पुण्य को काम को तातिँ बढ्दै गएको सफा कीर्तिको फैलावटले दिशा ढाकेका श्री महासामन्त अंशुवर्माले गरिदिएको सनद शिलापत्र अनुसार बाँधेको थिती मा खेतको हिसाब दिएको छ (जस्को विस्तृत उललेख परिशिष्ट क मा गरिएको छ) ।

यसरी ध्वजगोष्ठीका गुठीयारलाई ११ मानिका र १० मानिका, र ईन्द्र गोष्ठीका गुठीयारलाई ४ मानिका छुट्याएको देखिन्छ। यस लिखित बाट पनि प्रमाणीत हुन्छ कि इन्द्रध्वजोत्थानको महत्व धेरै नै थियो र त्यस कार्यले निरन्तरता पाइराखोस् भन्ने हेतुले गुठी नै व्यवस्था गरिएको थियो ।

गुठी संस्थान अन्तर्गत भद्रकालीस्थित गुठी लगत तथा तहसील कार्यालयमा रहेका कागजातहरूको सूचीपत्रमा भक्तपुरमा मनाउने विस्केटको लिङ्गो उभ्याउँदा पर्व पूजा भोजमा खर्च गर्न गुठी रहेको कुरा यस टिप्पणी बाट थाहा हुन आउन्छ :

क्रमाङ्क २१७ : "विसकेटको लिङ्गो उभ्याउँदा पर्व पूजा भोजमा खर्च गर्न रहेको सो गुठी सरकार लागे पनि ५ रोपनी जग्गा आफै गुठी राखी काम चलाउँदै आएकोमा नपुग हुँदा जाहेर गरेका छौं भन्ने गुठीयारको भनाइ अनुसार आम्दानी खर्च के कति हुँदो रहेछ जाहेर गर्नु भन्ने रणोद्दिपसिंहको आदेशपत्र" यसरी पर्व पूजा भोजमा खर्च गर्न कै लागि गुठी रहेको कुरा यस टिप्पणी बाट थाहा हुन आउन्छ ।

अन्य गुठीहरूभन्दा नेपालमा धार्मिक गुठीहरूको अधिकता देखिन्छ। मठ, मन्दिर, स्तुप, चैत्य, बिहारको नयाँ स्थापना वा भएका पुराना त्यस्ता कीर्तीहरूको सुव्यवस्था, सञ्चालन तथा मर्मत-जिर्णोद्धवारको निमित्त आयस्थाको निस्चित व्यवस्था गरि गरिएको कार्य लाई धार्मिक गुठीको संज्ञा दिन सकिन्छ। लिच्छविकाल देखी अधुनिक कालसम्म निरन्तर रूपले यसको उल्लेख तथा विकास हुँदै आएको छ। जग्गा को आयस्ता वा रूपैयाँ को ब्याज बाट गुठी सञ्चालन गर्ने बिधी नै नेपाल को सबै काल मा प्रचलित रह्यो। धार्मिक गुठीहरू भने जग्गाको आयस्ताबाट नै सञ्चालित हुने गरेको देखिन्छ। जन संख्याको कमि, कम जनघनत्व, जग्गाको कम मुल्य र बढी आयले गर्दा अतितमा जग्गालाई नै प्रश्रय दिइएको बुझिन्छ। त्यसैले गर्दा साना साना धार्मिक कृत्यहरूको स्थायित्वको निमित्त पनि जग्गा गुठी राख्ने चलनले प्रोत्साहन पायो। लिच्छवीकालमा आवाधी जग्गाको प्रचुरताले गर्दा होला सामान्य व्यक्तिहरू बाट पनि गुठीको निमित्त प्रसस्त जग्गाहरू राखेको देखिन्छ। त्यस पछिको कालहरूमा यो सम्भव भएन ।

अहिले हालसम्म पनि काठमाण्डौंमा विभिन्न स्थानहरूमा *य:सिं* उठाएर विभिन्न चाडपर्वहरू मान्ने गरिएको छ। त्यस मध्य इन्द्रजात्रा, पाँहाचह्रे र गुह्येश्वरी जात्रा पर्दछ। इन्द्रजात्रा पर्वमा २ वटा स्थानमा *य:सिं* ठड्याइन्छ र हरेक स्थानमा आ-आफ्नो भिन्दै गुठीका गुठीयारहरूले *य:सिं* पर्वमा चाहिने सम्पूर्ण कार्य गर्ने गरेका छन् भने पाँहाचह्रे जात्रामा ३ वटा

स्थानमा *य:सिं* उठाउने गरिन्छ र यहाँ पनि आ-आफ्नो भिन्दै गुठीका गुठीयारहरूले *य:सिं* पर्वमा चाहिने सम्पूर्ण कार्य गर्ने गरेको देखिन्छ ।

## ४.३ काठमाडौंको *य:सिं* परम्परासगँ सम्बन्धित निजी गुठी तथा सरकारी गुठी

### ४.३.१ टेवहालको *य:सिं* उठाउने गुठी

भद्रकाली द्यः छेका गुठीयारहरू नै टेवहालको *य:सिं* गुठीका सदस्यहरू हुन् । यो गुठीमा १४ जना गुठीयारहरू छन्, र तिनीहरू दुईवटा समूहमा विभाजित छन् - महर्जन र डंगोल जातिका गुठीयारहरू । यी गुठीयारहरूले परम्परागत रूपमा *य:सिं* गुठीको जिम्मेवारी सम्हाल्दै आएका छन् । यस गुठीको विशेषता भनेको यसको प्राचीनता हो, जसमा लिच्छविकालदेखि नै गुठीयारहरूको सहभागिता रहेको पुष्टी गरिएको छ (सानुकाजी डंगोल, व्यक्तिगत अन्तर्वार्ता, ०७ असार २०८०) ।

गुठीको जिम्मेवारी पुस्तान्तरण हुँदै आएको परम्परालाई निरन्तरता दिँदै आजसम्म पनि यो गुठी सञ्चालनमा छ। गुठीका प्रमुख सानुकाजी डंगोल (७२ वर्ष) का अनुसार, गुठीयारहरूले आफ्नो परम्परागत भूमिका पालन गर्दै गुठीको कार्यलाई अघि बढाइरहेका छन् छ (सानुकाजी डंगोल, व्यक्तिगत अन्तर्वार्ता, ०७, असार २०८०) ।

इन्द्रजात्रा पर्वको समयमा टेवहालमा *य:सिं* उठाउने परम्परा निकै महत्वपूर्ण छ, र यसका लागि गुठीयारहरूको भूमिका विशेष छ । *य:सिं* ठड्याउने कार्य हरेक वर्ष गुठीयारहरूको पालो फेरिने गरिन्छ, जसले सबै गुठीयारहरूलाई समान अवसर दिन्छ । यो परम्परा पुस्तौं देखि चल्दै आएको छ, र हरेक गुठीयारले आफ्नो पालामा यस कार्यलाई गर्ने जिम्मेवारी लिन्छन् । इन्द्रजात्रामा *य:सिं* ठड्याउन भनेको ठूलो सम्मान र सांस्कृतिक महत्वको कुरा हो, जसलाई गुठीयारहरूले गम्भीरताका साथ लिने गर्छन् ।

यस प्रक्रियामा गुठीयारहरूलाई झण्डै ३० जना जवानहरूले सहयोग गर्छन्, जो सबै महर्जन र डंगोल जातिका हुन् । *य:सिं* उठाउन शारीरिक शक्ति र एकताको आवश्यक पर्छ, र यी जवानहरू गुठीयारहरूलाई सहयोग पुऱ्याउँछन् । *य:सिं* ठड्याए पछि इन्द्रजात्राको औपचारिक शुरूवातको संकेत दिने भएकाले यस कार्यमा कुनै पनि त्रुटि हुन नदिन गुठीयारहरू अत्यन्त ध्यान दिन्छन् । गुठीका सदस्यहरूको सक्रियता र सहयोगले यो परम्परालाई निरन्तरता दिएको छ ।

भद्रकाली द्यः छेका गुठीयारहरूले लिच्छवीकालदेखि नै यस गुठीमा संलग्नता जनाउँदै आएका छन्, सानुकाजी डंगोलका अनुसार, गुठीको जिम्मेवारी पुस्तौंदेखि पुस्तामा हस्तान्तरण हुँदै आएको छ, र यसरी नै गुठी सञ्चालन भइरहेको छ । गुठीको यो पुस्तान्तरण प्रक्रियाले परम्परालाई जीवित राख्न मद्दत पुऱ्याएको छ, र हरेक पुस्ताले गुठीको उत्तरदायित्वलाई सम्मानका साथ पूरा गर्दै आएको छ ।

टेवहालको *यःसिं* गुठी एक प्राचीन परम्पराको धरोहर हो, जसमा महर्जन र डंगोल जातिका गुठीयारहरू सक्रिय रूपमा संलग्न छन् । लिच्छविकालदेखि निरन्तर सञ्चालनमा रहेको यो गुठीले इन्द्रजात्रा पर्वको मुख्य कार्य–*यःसिं* ठड्याउने जिम्मेवारी सम्हाल्दै आएको छ । गुठीयारहरूको पुस्तान्तरण प्रक्रियाले परम्पराको संरक्षण मात्र गरेको छैन, यसलाई भविष्यसम्म पनि निरन्तरता दिने सुनिश्चितता प्रदान गरेको छ ।

### ४.३.२ वघंको *यःसिं* उठाउने गुठी

वघं *सनाँगु* गुठी, जुन एक निजी गुठी हो, यहाँ ७६ जनाको संयुक्त परिवारका सदस्यहरू संलग्न छन् । यसैगरी, *त्वा* खलःमा ६३ जना गुठीयारहरू रहेका छन्। हरेक वर्ष, सबै गुठीयार मिलेर *यःसिं* उठाउने र यस गुठीकै समूहले ढाल्ने कार्यमा संलग्न हुन्छन्। यो समूहको एकता र सहकार्यले पर्वलाई अझ महत्त्वपूर्ण बनाउँछ, जसले एकसाथ काम गर्ने परम्परालाई सुदृढ गर्छ ।

पुस्तौंदेखि, सना गुठी र *यःसिं* गुठीका रूपमा दुई भिन्न गुठीको पहिचान थियो। तर, पछिल्लो दशकदेखि दुवै गुठीलाई एकै स्थानमा मिलाएर कार्य गर्न थालिएको छ । यसले गुठीयारहरूको समन्वय र सहकार्यमा वृद्धि गरेको छ, जसले परम्परागत मूल्य र सांस्कृतिक धरोहरलाई अझ बलियो बनाउँछ (करिसन मान सिं,व्यक्तिगत अन्तर्वार्ता ०७ भाद्र२०८० ) ।

पाहाँचह्रे जात्राको अन्तिम दिन यःसिंलाई ढाल्ने विशेष प्रक्रिया हुन्छ, जसमा कुनै विशेष साईत हेर्नु पर्दैन। गुठीयारहरू सन्ध्याकालमा एकत्रित हुन्छन् र विधिपूर्वक यःसिंलाई ढाल्न सुरू गर्छन्। यस क्रममा लामो लामो बाँसको सहयोगमा यःसिंलाई ढालिन्छ, जसमा बाँसको थेगो दिदै प्रक्रिया सम्पन्न गरिन्छ । यःसिं ढाल्ने कार्य केवल शारीरिक श्रमको मात्र होइन, तर यसले सामूहिक कार्यको महत्त्वलाई पनि दर्शाउँछ ।

*यःसिं* ढाल्ने कार्य पछि, गुठीयारहरू सबैले यःसिंलाई काँधमा बोकेर इन्द्रचोकबाट वटु जान्ने गल्लीतिर लैजान्छन् । त्यहाँ गुठीयारहरूको उपस्थिती सूची हेरेर हाजिरी लिइन्छ । यो

प्रक्रिया गुठीयारहरूको एकता र सहकार्यको प्रतीक हो, जहाँ प्रत्येक सदस्यको योगदानको सम्मान गरिन्छ ।

पाहाँचह्रे जात्रा केवल एक पर्व होइन, तर यसले काठमाडौंको सांस्कृतिक जीवनको महत्वपूर्ण अंगको रूपमा काम गर्छ । य:सिंको उठाउने र ढाल्ने प्रक्रिया, गुठीयारहरूको सामूहिकता, र गुठीहरूको समागमले एकता र परम्पराको संरक्षणमा ठूलो भूमिका खेल्दछ । महर्जन र अन्य गुठीयारहरूले यस पर्वलाई मनाउनका लागि गरेका प्रयासहरूले काठमाडौंको सांस्कृतिक धरोहरलाई जीवित राख्न मद्दत पुऱ्याउँछ ।

### ४.३.३ कंकेश्वरीको *य:सिं* उठाउने गुठी

पाहाँचह्रे जात्राको अवसरमा काठमाडौंको कंकेश्वरी मन्दिर परिसरमा पनि *य:सिं* उठाउने परम्परा विशेष महत्त्वको छ। यहाँ पनि महर्जन जातिका गुठीयारहरूले *य:सिं* उठाउने र ढाल्ने कार्य सम्हाल्छन्। यस गुठीमा कगं अजीमा खलमा १२६ जनाको संयुक्त परिवारका सदस्यहरू समावेश छन्, जसले गुठीको कार्यमा सक्रिय रूपमा सहभागिता जनाउँछन् ।

कंकेश्वरी मन्दिरको गुठीमा संलग्न प्रत्येक परिवारका सदस्य गुठीमा आवद्ध छन् । यद्यपि यहाँका गुठीयारहरूको कुल संख्या ५०० भन्दा बढी हुन्छ, गुठीमा उपस्थित हुनुपर्ने अनिवार्य प्रावधान अनुसार, प्रत्येक घरबाट केवल १ सदस्य उपस्थित हुनै पर्छ। यो नियमले गुठीको संगठन र व्यवस्थापनलाई सुदृढ बनाउँछ, र सदस्यहरूको सहभागितालाई सुनिश्चित गर्दछ (न्हुछेकाजी महर्जर्न, व्यक्तिगत अन्तर्वार्ता, भाद्र.१४ २०८१) ।

कंकेश्वरी मन्दिरको गुठीमा १२६ जनालाई १० समूहमा विभाजन गरिएको छ, जहाँ प्रत्येक समूहमा १२ सदस्य रहेका छन्। यस विभाजनको उद्देश्य गुठीयारहरूको कामलाई व्यवस्थित र प्रभावकारी ढंगले व्यवस्थापन गर्नु हो । *य:सिं* उठाउने र ढाल्ने पालो हरेक समूहको एक वर्षमा फेरिन्छ, जसले गुठीयारहरूलाई समान अवसर दिन्छ र यस प्रक्रियामा सामूहिकता र सहकार्यको भावना विकास गर्दछ ।

*य:सिं* उठाउने कार्यमा सबै गुठीयारहरू सक्रिय रूपमा संलग्न हुन्छन्। यसमा केवल गुठीयारहरूका सदस्यहरू मात्र होइन, तर उनका परिवारका अन्य सदस्यहरू पनि सहभागी हुन्छन्। *य:सिं* उठाउने बेला गुठीयारहरू एकसाथ भेला भएर समर्पित भावनाका साथ कार्य गर्नुपर्ने हुन्छ। य:सिंको उठानको प्रक्रियाले गुठीयारहरूको एकता र परम्पराको मूल्यलाई प्रकट गर्दछ ।

*यःसिं* ढाल्ने बेला पनि यही समूहको महत्त्वपूर्ण भूमिका हुन्छ। प्रत्येक समूहले सँगै काम गरेर यःसिंलाई विधिपूर्वक ढाल्नका लागि तयारी गर्दछ । यस क्रममा गुठीयारहरूको सहयोग र सहकार्यले पारम्परिक मूल्य र सांस्कृतिक धरोहरलाई जिवित राख्न महत्त्वपूर्ण भूमिका खेल्दछ ।

ककेश्वरी मन्दिर परिसरमा *यःसिं* उठाउने परम्परा पाहाँचह्रे जात्राको महत्वपूर्ण अंग हो, जसले महर्जन जातिका गुठीयारहरूको सामूहिकता, एकता, र सांस्कृतिक धरोहरको संरक्षणमा ठूलो भूमिका खेल्छ । गुठीयारहरूको संरचना, समूह गठन, र पालो प्रणालीले यस पर्वलाई अझ प्रभावकारी र व्यवस्थित बनाउँछ । यसले सांस्कृतिक एकता र परम्पराको निरन्तरता सुनिश्चित गर्दछ, जसले काठमाडौंको सांस्कृतिक जीवनमा एक विशेष स्थान राखेको छ ।

### ४.३.४ भद्रकालीको *यःसिं* उठाउने गुठी

*यःसिं* उठाउने कार्य टेवहालमा बस्ने स्थानीय वासीहरूको एक समूहको गुठीले सम्हाल्छ । यस गुठीमा महर्जन जातिका ४ परिवार संलग्न छन्, जसले समुदायको सांस्कृतिक धरोहर र परम्परालाई जिवित राख्न महत्त्वपूर्ण भूमिका खेल्नु भएको छ । प्रत्येक ३ वर्षमा *यःसिं* उठाउने कार्यको पालो आउँछ, जसमा गुठीका सदस्यहरू विशेष जिम्मेवारीका साथ संलग्न हुन्छन् । *यःसिं* उठाउने र ढाल्ने कार्यसँगै, यःसिंमा झुण्डाउने पटाको लागि पनि छुट्टै जिम्मेवारी तय गरिएको छ । यसमा गुठीयारहरू जात्रा समाप्त भएपछि पटालाई सुरक्षित रूपमा आफ्नो घरमा लैजान्छन्। यो प्रक्रिया गुठीयारहरूको सजगता र सम्मानको प्रतीक हो, जहाँ पटाको संरक्षणलाई विशेष प्राथमिकता दिइन्छ ।

पटाको निर्माण जुटबाट गरिन्छ, जुन अन्य कपडाहरूभन्दा बलियो र टिकाउ मानिन्छ। यसका कारण, पटाले वर्षौंदेखि राम्रो हालतमा रहन सक्छ । पटामा अष्टमात्रिका र अष्ट मगंलका चिन्हहरू कुदिएका छन्, जसले यसका धार्मिक र सांस्कृतिक महत्त्वलाई दर्शाउँछन्। यी चिन्हहरूले परम्परा, समृद्धि, र भगवानको आशीर्वादको प्रतीकको रूपमा कार्य गर्छन । पटाको सबैभन्दा माथि सेतो मच्छिन्द्रनाथको रथको चिन्ह कुदिएको छ। मच्छिन्द्रनाथको रथको चिन्हले स्थानीय समुदायका लागि विशेष धार्मिक महत्त्व राख्छ र यसलाई पूजनीय मानिन्छ *यःसिं* उठाउने कार्य र पटाको सजावटले स्थानीय वासीहरूको गहिरो आस्था र परम्परागत मान्यतालाई उजागर गर्छ ।

भद्रकालीमा *यःसिं* उठाउने कार्य केवल एक सांस्कृतिक पर्व होइन, तर यसले स्थानीय समुदायको एकता र सहकार्यको महत्वलाई पनि प्रकट गर्दछ । महर्जन गुठीका ४ परिवारहरूको सक्रिय सहभागिताले परम्परालाई जिवित राख्न र अगाडि बढाउन मद्दत पुर्याउँछ । पटाको संरक्षण र यसका धार्मिक चिन्हहरूले यस समुदायको समृद्ध सांस्कृतिक जीवनलाई थप बलियो बनाउँछन् । यसरी, *यःसिं* उठाउने परम्परा काठमाडौंको सांस्कृतिक पहिचानको एक महत्वपूर्ण भाग हो ।

### ४.३.५ हाडिगाँउको *यःसिं* उठाउने गुठी

हाडिगाँउ डबलीमा प्रजापती गुठीका गुठीयारहरूले *यःसिं* उठाउने महत्वपूर्ण कार्य सम्हाल्छन्। यो गुठी तीन जनाको संयुक्त परिवारले मिलेर सञ्चालन गर्दै आएको छ । गुठीका मुख्य गुठीयार, ६८ वर्षका तिर्थ प्रजापति, का अनुसार, पुस्तान्तरण हुँदै आएको यो परम्परा आजसम्म निरन्तरता पाएको छ । तिर्थजीले यस गुठीको इतिहास र यसको विकासको कुरामा विशेष ध्यान दिएका छन् ।

प्रजापती गुठीका गुठीयारहरूले सदैव परम्परागत मूल्य र संस्कृतिलाई संरक्षण गर्दै आएका छन् । उनीहरूका अनुसार, गुठीका कार्यहरू पुस्तान्तरणको माध्यमबाट निरन्तरता पाउँदै आएका छन्, जसले उनीहरूको सांस्कृतिक धरोहरलाई सुरक्षित राख्न महत्त्वपूर्ण भूमिका खेल्दछ । गुठी सञ्चालन गर्नका लागि आवश्यक पर्ने सामग्री र संसोधनहरू उपलब्ध गराउन गुठीयारहरू बीच सहकार्य महत्वपूर्ण छ ।

प्रजापती गुठीको आर्थिक अवस्थाबारे कुरा गर्दा, तिर्थजीले भनेका छन् कि गुठीका सदस्यहरूले आफ्नो निजी आयआर्जनबाट रकम छुट्याएर जात्रा सञ्चालन गर्नुपरेको छ । यसले गुठीको आर्थिक व्यवस्थापनमा चुनौती थपेको छ। पहिले, उनका बुवाआमा वा पूर्वजहरूले गुठीका लागि जग्गा भूमि छुट्टाइ दिएका थिए, तर आजको अवस्थामा ति जग्गा-मालिकको अवस्था के छ भन्ने थाहा पाउन सकेका छैनन् (तिर्थ प्रजापति, व्यक्तिगत अन्तरवाता, ०१.बैशाख.२०८०) ।

गुठीले सरकारी मातहतमा नपरेको र निजी आयश्रोतमा निर्भर रहने अवस्थाका कारण गुठीका अन्य सदस्यहरूको गुठीप्रति रूचि कम हुँदै गएको देखिन्छ। आर्थिक अवस्थाले गुठीयारहरूको सक्रियता र सहभागितामा कमी ल्याएको छ, जसले दीर्घकालीन रूपमा गुठीको सञ्चालनमा समस्या उत्पन्न गर्न सक्छ ।

हाडिगाँउ डबलीमा प्रजापती गुठीको सञ्चालन केवल एक सांस्कृतिक गतिविधि मात्र होइन, तर यसले आर्थिक र सामाजिक चूनौतीहरूको सामना गर्दै आएको छ। तिर्थ प्रजापतिका शब्दहरूमा, गुठीको भविष्यको सुनिश्चितता र परम्पराको निरन्तरता भनेको सामूहिक प्रयास र सहकार्यमा निर्भर छ । यदि गुठीका सदस्यहरूले एकजुट भएर परम्परागत धरोहरको संरक्षण गर्न सहयोग गरे भने यस गुठीले अझै लामो समयसम्म आफ्ना सांस्कृतिक मूल्य र परम्परालाई जिवित राख्न सक्षम हुनेछ ।

### ४.३.६ वसन्तपुरको *य:सिं* उठाउने गुठी

इन्द्रजात्रा र इन्द्रजात्रासँग सम्बन्धित विभिन्न धार्मिक साँस्कृतिक कार्यहरूका लागि गुठी राख्ने चलन मल्लकालमा मात्र होइन शाहकालमा पनि रहेको पाइन्छ । नुवाकोटमा इन्द्रजात्राका बेला इन्द्रध्वज उठाउने उत्सवका लागि पृथ्वीनारायण शाहाका छोरा युवराज प्रतापसिंह शाहले गुठी व्यवस्था गरेका थिए । नुवाकोटको वि.सं.१८२० को पृथ्वीनारायण शाहको अभिलेखमा हरेक वर्ष इन्द्रजात्राका बेला इन्द्रध्वज उठाउने उत्सवका लागि युवराज प्रतापसिंह शाहले मार्सी धान आउने खेत गुठी राखेका थिए । (उच्चस्तरीय अध्ययन समिति प्रतिवेदन,वि.सं.२०६६,पृ.४९)

प्रतापसिंह शाह नेपालको राजा भइसकेपछि उनले नुवाकोटमा लिङ्गो उठाउने कार्य बन्द गरी राजधानी काठमाडौंमा लिङ्गो उठाउने चलन शुरू गरे । भाषा वंशावली अनुसार श्री ५ प्रताप सिंहले नुवाकोटमा लिङ्गो गाडे जस्तै काठमाडौंको आफ्नो दरवार सामुन्ने लिङ्गो खडा गरी इन्द्रजात्रापछि लिङ्गो ढाल्ने नियम बनाएका थिए । यस कार्यको लागि पनि गुठी राखि प्रतिवर्ष जात्रा चलाउने बन्दोवस्त मिलाएका थिए । उनैका दरवारिया पण्डित शक्तिवल्लभ भट्टाचार्यले लेखेको इन्द्रध्वजोत्सव नामक विस्तृत ग्रन्थमा यस बारे उल्लेख गरिएको छ (शाक्य र मानन्धर,वि.सं.२०७७,पृ.२१९) ।

इन्द्रजात्रा पर्व सञ्चालनका लागि इन्द्रजात्रा व्यवस्थापन समिति गठन गरिएको छ जस्मा इन्द्रजात्रा सँग सम्बन्धित सबै प्रकारका नाच, सहायक जात्रा, पूजाआजामा संलग्न भक्तजन समूह, बाजागाजा समूह,आदि, समेत गरी विभिन्न ३६ वटा गुठी खल:हरूमा विभाजीत गरिएको छ । जस्मा *य:सिं* सँग सम्बन्धित श्री केन्द्रीय मानन्धर संघ र श्री लिंगोमा डोरी बाँध्ने गुठी र सरकारी नाइके गुठी छ । इन्द्रजात्राको पहिलो दिन उठाइने *य:सिं* सम्बन्धी सम्पूर्ण कार्य केन्द्रीय मानन्धर संघबाट सञ्चालन हुँदै आइरहेको छ । यसको लागि पनि मानन्धर संघसँग

आफ्नो कुनै आयस्रोत रहेको पाइदैन । खास *य:सिं* उठाउने कार्यको जिम्मेवारी मानन्धर जातिको नाइके 'न्हयसः नाय:' को काँधमा हुने गर्दथ्यो । अहिले केन्द्रीय मानन्धर संघको व्यवस्थापनमा यो कार्य हुँदै आएको छ ( गजेन्द्र मानन्धर, व्यक्तिगत अन्तरवार्ता,२१.चैत्र.२०७९) ।

## ४.४ गुठी संस्थान र *य:सिं* सँग सम्बन्धित गुठी

पृथ्वीनारायण शाहले काठमाडौं जिते पछि जात्रा पर्व सञ्चालनमा लागि दिइने सहायता सबै बन्द गरिएको कुरा लेखक सिल्भाँ लेभीले उल्लेख गर्नुभएको छ । उहाँले लेख्नुभएको छ, "यता गोरखा सरकार आएपछि सरकारबाट दिइने प्रत्यक्ष र अप्रत्यक्ष सबै सहायता बन्द भयो । त्यसो भए पनि जात्राहरूको चलन अझ पनि छ, प्रचलन र धर्म बमोजिम । पुर्खौली चलन सम्बन्धित व्यक्तिले चलाइराख्नु पर्ने हुन्छ । मन परेर होस् या मन नपरेर होस् रथ बनाउने; मुकुण्डो बनाउने; नाचगान गर्ने; ध्वजापताका, रगं इत्यादिको बन्दोबस्त गर्ने काम पहिले गरिआएको समूहले गर्नु पर्ने व्यवस्था छ । सम्बन्धितले आफ्नो जिम्माको काम नगरेमा जरिवाना तिर्नु पर्छ " (लेभी,ई.सं.२००७,पृ.२४) । गुठीको जग्गामाथि कर लगाउने पृथ्वीनारायण शाहको कार्यलाई पछि जगंबहादुरले अझै विस्तारित गरे । यिनले नेपाल-तिब्बत युद्धको समयमा पहिलो पटक देशव्यापी रूपमा गुठी जग्गामा कर लगाएका थिए (उच्चस्तरीय अध्ययन समिति प्रतिवेदन,वि.सं.२०६६,पृ.४९) ।

यसपछिका समयमा पनि राज्यबाट गुठीको जग्गालाई विभिन्न बहानामा अतिक्रमण गर्ने, हडप्ने कार्यलाई निरन्तरता दिँदै आइरहेको पाइन्छ । यसर्थ देशमा भएका सम्पूर्ण गुठी जग्गाको व्यवस्थापन र उक्त जग्गाको आयस्ताबाट सञ्चालन गर्नुपर्ने जात्रापर्वहरूका लागि खर्च व्यवस्थापन गर्न नेपाल सरकारले वि.स.२०२१ कार्तिक १७ गते गुठी सस्थान गठन भए पछि गुठी सम्बन्धी जग्गा, गुठी सम्बन्धी धार्मिक सामाजिक कार्य, गुठी सम्बन्धी लागतको कार्य, आदि, गर्ने सबै निकायहरूलाई गुठी संस्थान अन्तर्गत ल्याइयो । गुठीको जग्गा र गुठीले सञ्चालन गर्नुपर्ने जात्रापर्वहरूलाई व्यवस्थित गर्न गुठी संस्थान गठन गरिएको भए पनि यो संस्थानको गठन पछि गुठीको जग्गा सुरक्षित हुन नसकेको र उल्टो हिनामिना समेत हुन थालेको कुरा हाल विभिन्न गुठीसँग सम्बन्निधत जग्गाहरू मासिसकेको अवस्थाबाट पनि छर्लङ्ग हुन्छ । गुठीका जग्गाहरू हिनामिना हुने क्रम्मा गुठी संस्थान अन्तर्गत रहेका धेरै जग्गाहरू रैतानी भइसकेका छन् । जसको कारणले सोही जग्गाको आयस्तामा चल्नुपर्ने धेरै जात्रापर्वहरू सञ्चालन गर्न समस्या आएको पाइन्छ । (शाक्य र मानन्धर,वि.सं.२०७७,पृ.२२१)

हाल गुठी संस्थानमा दर्ता भएका काठमाडौं जिल्लाका कुल ६५१ वटा गुठीहरू छन् भने ती गुठीहरूले वार्षिक सञ्चालन गर्नुपर्ने जात्रापर्वहरूको संख्या १२८२ वटा रहेका छन् ( उच्चस्तरीय अध्ययन समिति प्रतिवेदन,वि.सं.२०६६,पृ.५२) । यसबाट देखिन्छ, काठमाडौंमा गुठीहरूको संख्या जति छन् ती गुठीहरूले सञ्चालन गर्नुपर्ने जात्रा पर्वहरूको संख्या त्यो भन्दा बदी रहेको छ । अर्थात यहाँ रहेका अधिकांश गुठीहरूको काँधमा एकभन्दा बदी जात्रा पर्व सञ्चालन गर्ने अभिभारा रहेको छ । इन्द्रजात्रासँग सम्बन्धित विभिन्न नाच एवं सहायक जात्राहरूको लागि विभिन्न गुठीहरू बनाएको भएता पनि ती गुठीहरू सञ्चालनका लागि इन्द्रजात्राकै बेला सरकारबाट केही रकम प्रदान गर्ने बाहेक छुट्टै स्थायी स्रोतको व्यवस्था भने गरिएको छैन । स्थायी स्रोतको रूपमा केही गुठीहरूको जग्गा रहेको भनिए पनि हाल ती जग्गाहरू नासिइसकेको देखीन्छ ( शाक्य र मानन्धर,वि.सं.२०७७,पृ.२२९) ।

इन्द्रजात्रा सञ्चालनका लागि हाल सरकारबाट हरेक वर्ष १३ लाख ९३ हजार ६७० रूपैया एकमुष्ठ निकासा हुँदै आइरहेको छ । यो रकम कुन जात्राका लागि कति खर्च गर्ने भन्ने विनियोजन समेत त्यसैमा गरिएको छ । यसैमा *यःसिं* सँग सम्बन्धित गुठी श्री केन्द्रीय मानन्धर संघ लाई रू ४३,९२० र श्री लिंगोमा डोरी बाँध्ने गुठी र सरकारी नाइके लाई रू.१४,६४० हरेक वर्ष प्रदान गर्दै आएको देखिन्छ । (शाक्य र मानन्धर,वि.सं.२०७७,पृ.२२९)

यसैगरी हाडीगाँउको दुवै यःसिंमा गुठीयारहरू लाई सरकारी मातहत बाट कुनै पनि आर्थिकरूपमा सहयोग प्राप्त नभएको देखिन्छ । गुठीयारहरूले पुस्तौदेखी आफ्नै निजी प्रयासमा जात्राहरू संचालन गदै आएको देखिन्छ । गुठीयारहरू, जो परम्परागत गुठी प्रणाली अन्तर्गत आएका मानिसहरू हुन्, पुस्तौंदेखि आफ्नै व्यक्तिगत तथा सामुदायिक प्रयासमा हाडीगाउँका जात्राहरूलाई निरन्तरता दिँदै आएका छन् । उनीहरू सरकारी सहयोग बिना नै आफ्नो आर्थिक स्रोत र सामुदायिक सहयोगको आधारमा यी धार्मिक तथा सांस्कृतिक गतिविधिहरूको व्यवस्थापन र सञ्चालन गरिरहेका छन् । राज्य वा सरकारी संस्थाहरूको सहयोग नहुँदा पनि, उनीहरूले परम्परागत गुठी प्रणालीलाई जीवित राख्न र स्थानीय संस्कृति तथा धार्मिक उत्सवहरूलाई निरन्तरता दिन, आफ्नै स्रोत साधन र श्रम लगानी गर्दै आएका छन् ।

# अध्याय पाचँ

# छलफल तथा निष्कर्ष

## ५.१. सारंश

नेवाः संस्कृतिमा इन्द्रलाई "यँलाद्यः" वा "यम्वद्यः" नामले चिनिन्छ, र भाद्र महिनालाई "यँला" भनिन्छ। भाद्र महिनामा मनाइने जात्रामा इन्द्रजात्रालाई "यँलापुन्हि" भनिन्छ। यस जात्रामा इन्द्रस्तम्भ खडा गरेर ध्वजोत्थान गर्ने परम्परा छ। *यःसिं* र विश्वध्वजस्तम्भलाई समान रूपमा इन्द्रस्तम्भको रूपमा व्याख्या गर्न सकिन्छ।

यज्ञमान पति बज्राचार्यका अनुसार "यःसिं" भन्नाले "मन परेको काठ" जनाउँछ, जहाँ "यः" मनपर्ने र "सिं" काठ हो। *यःसिं* उठाउने परम्परा पुरानो कृषिप्रधान समाजको सन्दर्भमा विकसित भएको हो, जसले समय र दिनको संकेत दिन मद्दत गर्थ्यो। यसले जात्राको संकेत गर्ने रूपमा ठूलो भूमिका खेल्थ्यो।

काठमाडौंको यःसिंलाई इन्द्रध्वज र भक्तपुरको यःसिंलाई विश्वध्वज भनिन्छ। कुनै पनि ठूलो जात्रामा *यःसिं* उठाउनु एउटा परम्परा हो। *यःसिं* उठाउने परम्परा नेपालको धार्मिक-सांस्कृतिक इतिहासको महत्वपूर्ण हिस्सा हो। यद्यपि यसको आरम्भको निश्चित मिति थाहा छैन। लिच्छविकालका शिलालेखहरूमा ध्वजगोष्ठीको उल्लेख छ, जसले यस परम्पराको प्राचीनता प्रमाणित गर्छ। वैदिककालदेखि विजय उत्सवमा ध्वजोत्थान गर्ने परम्परा पाइन्छ, भने यो परम्परा धार्मिक ग्रन्थहरूमा पनि त्यतिनै उल्लेखिनिए रूपमा चर्चा भएको पाइन्छ।

इन्द्रको स्थिति वैदिककालमा अत्यन्त उच्च थियो। आर्यहरूले इन्द्रलाई प्राकृतिक शक्तिको प्रतीक मान्दै पूजा गरेका थिए। इन्द्रजात्रा मनाउने परम्परा विकास गर्दै जाने क्रममा यसको धार्मिक, सांस्कृतिक, र ऐतिहासिक महत्व बढ्यो। नाटक मञ्चनको सन्दर्भमा पनि इन्द्रध्वज उठाउने परम्परा महत्वपूर्ण रह्यो। यसले न केवल धार्मिक आस्था झल्काउँछ, यस्ले सामाजिक एकता र सांस्कृतिक पहिचानको सन्देश पनि प्रवाह गर्दछ। वेदिककालदेखि आजसम्मको इन्द्रको पूजा परम्परा, यसका विभिन्न रूपहरूमा, नेपाली समाजको विविधतापूर्ण धार्मिकता र संस्कृतिको प्रतिनिधित्व गर्दछ।

पौराणिक कालमा इन्द्रको पूजा र इन्द्रध्वजको महत्व सामाजिक, धार्मिक, र राजनीतिक सन्दर्भमा अत्यन्त महत्वपूर्ण रह्यो। इन्द्रध्वजको उत्सवले मात्र धार्मिक आस्था प्रस्तुत गर्दैन, बरू यसले पुराना र ऐतिहासिक परंपराहरूलाई पनि जोगाइराख्न मद्दत गरेको छ।

लिच्छविकालमा इन्द्रध्वजोत्थानको विकासले नेपालमा धार्मिक र सांस्कृतिक मूल्यहरूको समृद्धि दर्शाउँछ । इन्द्रको परम्परा र गुठीहरूको स्थापनाले समुदायमा सामाजिक एकता र धार्मिक आस्थालाई प्रबल बनाएको देखिन्छ । यसले लिच्छविकालको इतिहासमा महत्वपूर्ण भूमिका खेलेको छ, जसले आजको नेपालको सांस्कृतिक पहिचानमा योगदान पुऱ्याएको छ ।

मध्यकालमा सामाजिक र सांस्कृतिक पहिचानको प्रतीकको रूपमा यो उत्सव विकास भयो । यस पर्वले नेवार जातिको सामूहिकता र एकता दर्शाउँछ । ऐतिहासिक अभिलेखहरूले *यःसिं* उठाउने परम्पराको निरन्तरता र महत्वलाई दर्शाउँछन्, जसले यसलाई धार्मिक आस्थाको सँगसँगै सांस्कृतिक धरोहरको रूपमा स्थापित गर्छ । मल्लकालका शासक र जनता बीचको इन्द्रजात्राको सहभागिताले यसको सामूहिक महत्वलाई थप पुष्टि गर्छ, र यो पर्व स्थानीय संस्कृति र परम्पराको केन्द्रमा रहेको देखिन्छ ।

इन्द्रजात्रा वसन्तपुर दरवार क्षेत्रमा विशेष महत्व राख्छ । यस अवसरमा विभिन्न देवीदेवताका नाच र सांस्कृतिक गतिविधिहरू हुने गर्छन् । *यःसिं* उठाउँदा हनुमानढोका परिसरमा विशेष नाच, दीप्याखं, प्रदर्शन गरिन्छ। यःसिंको लागि काठ काभ्रेको विशेष वनबाट ल्याइन्छ, र यसको पूजा विधि पुराना परम्परागत शैलीमा गरिन्छ । टेवहाल (राजकीर्ति महाविहार)मा पनि इन्द्रजात्रा मनाइन्छ, जहाँको *यःसिं* इन्द्रको मुकुटसहितको हुन्छ। यहाँको *यःसिं* उठाउने प्रक्रिया हनुमानढोका परिसरको परम्परासँगै चल्छ । पशुपति क्षेत्रमा भाद्र शुक्ल द्वादशीको दिन इन्द्रध्वजको स्थापना गरिन्छ । इन्द्रजात्राको दिन देउपाटन क्षेत्रका स्थानीय व्यक्तिहरू इन्द्रको मूर्तिलाई पूजा गरी रथमा राखेर पाशुपति क्षेत्रको परिक्रमा गराउँछन् । यो जात्रा २०३५ सालपछि विशेष रूपमा चलाउने परम्परा थालिएको बताइन्छ । गुहेश्वरीमा प्रचलित *यःसिं* परम्परा एक महत्वपूर्ण सांस्कृतिक र धार्मिक चाडको रूपमा मानिन्छ । यस परम्पराको आधार गुह्येश्वरी शक्तिपीठको महिमा र पूजा विधिहरूमा छ । यस जात्रा हरेक वर्ष मार्ग कृष्ण नवमीदेखि दशमीसम्म मनाइन्छ ।

पाँहाचह्रे पर्व नेवाः समुदायको पहिचानको एक महत्वपूर्ण प्रतीक हो, जसलाई दशैंपछिको ठूलो चाडको रूपमा मनाइन्छ । यस पर्वका अनगिन्ती परम्पराहरू छन्, जसमध्ये *यःसिं* उठाउने चलन विशेष महत्त्व राख्दछ । यस जात्रामो सुरूवात मै वंघ (इन्द्रचोक), कगं (कंकेश्वरी) र भद्रकालीमा *यःसिं* उठाउने चलन छ ।

टुँडालदेवीको जात्राका अबसरमा *यःसिं* उठाउने परम्परा मनाइन्छ। हाँडीगाउँमा यो जात्रा धूमधामका साथ मनाइन्छ र हरेक वर्ष चैत्रशुक्ल अष्टमीदेखि वैशाखकृष्ण अष्टमीसम्म चल्दछ। यःसिंलाई नागको प्रतीकको रूपमा लिइन्छ, जसले पानीको महत्वलाई संकेत गर्छ।

ज्ञानविनायक मन्दिरको आस-पासका गुठी संस्थाका गुठीयारहरूले वर्षैनी *यःसिं* उठाउने कार्य गर्दै आएका छन्, तर यो परम्परा हाल लोप भइसकेको छ। यःसिंको परम्परा काठमाडौंको धार्मिक र सांस्कृतिक जीवनको एक महत्वपूर्ण हिस्सा हो, जसले इतिहास र आस्थाको एक झलक प्रस्तुत गर्दछ।

काठमाडौंमा *यःसिं* उठाउने परम्परा प्राचीन र महत्वपूर्ण छ, जुन विभिन्न जात्रा र पर्वहरूको औपचारिक शुरूवातको संकेत गर्दछ। प्रमुख जात्राहरू जस्तै इन्द्रजात्रा, पाहाँचरे, गुह्येश्वरीको जात्रा, र हाडीगाउँको टुडालदेवी जात्रामा यःसिंको विशेष महत्व छ।

यःसिंको प्रतीकात्मक अर्थ स्थान अनुसार फरक हुन्छ। इन्द्रजात्रामा वसन्तपुरमा यःसिंलाई इन्द्रध्वजको रूपमा मानिन्छ, जसले इन्द्रको सम्मान र विजयलाई जनाउँछ। हाडीगाउँमा भने यःसिंलाई नागको प्रतीकका रूपमा लिइन्छ, जुन पानी र वर्षासँग सम्बन्धित छ। कंकेश्वरी, भद्रकाली र गुह्येश्वरीमा *यःसिं* लाई देवीको शक्तिको प्रतीक मानिन्छ।

यःसिंको टुप्पोमा राखिने हलिपटा विभिन्न प्रतीकहरू समेट्ने गरिन्छ, जसले धार्मिक र सांस्कृतिक विविधता झल्काउँछ। *यःसिं* उठाउने परम्परा केवल एक संरचना होइन, तर देवी-देवताका शक्ति र उपस्थितिको प्रतीक हो। यसको उठान र ढलाइ जात्राको सुरूवात र समाप्तिको संकेत गर्दछ।

समग्रमा, *यःसिं* उठाउने परम्परा काठमाडौंको सांस्कृतिक धरोहरमा गहिरो प्रभाव पार्दछ, जसले धार्मिक आस्था, सांस्कृतिक पहिचान, र सामाजिक एकता बलियो पार्ने कार्य गर्छ। यस पर्वमा विभिन्न जातिहरूको सक्रिय सहभागिता हुने भएकाले भाइचारा र सहिष्णुताको भावना विकाशित गर्न मद्दत गर्छ।

मानन्धर जातिका मानिसहरू यःसिंको लागि उपयुक्त रूख काट्न, तान्न र उठाउने कार्य गर्छन्। यस जातिका नाइके 'न्हयसः नायः'को नेतृत्वमा यो कार्य व्यवस्थित रूपमा हुन्छ। इन्द्रजात्रामा *यःसिं* उठाउने जिम्मेवारी मानन्धरले नै लिन्छन्।

पुतुवार जातिका मानिसहरू यःसिंको सुरक्षामा खटिन्छन्। इन्द्रजात्रामा उनीहरूले दिनरात यःसिंको संरक्षण गर्छन् र चढाइने सामाग्रीको व्यवस्था गर्छन्। महर्जन जातिका मानिसहरूले विभिन्न स्थानहरूमा *यःसिं* ठड्याउने र ढाल्ने कार्य गर्छन्। उनीहरूले आवश्यक

सामाग्रीको व्यवस्था पनि गर्छन् । प्रजापति जातिका मानिसहरूले माटोका भाँडाकुडा निर्माण गर्छन् र य:सिंको कार्यमा सहयोगी भूमिका खेल्छन् । उनीहरूको सामाजिक संरचना र परम्परा पर्वको समयमा विशेष महत्व राख्दछ । श्रेष्ठ जातिका मानिसहरूले य:सिंको ठडाइमा नेतृत्व गर्छन् । उनीहरूको समुदायमा विविधता र सहिष्णुता देखिन्छ, जसले *य:सिं* पर्वको धरोहरलाई समृद्ध बनाउँछ ।

*य:सिं* उठाउने पर्वहरूमा विभिन्न जातिहरूको सहभागिता एकता र भाइचारा प्रकट गर्दछ । यस पर्वले धार्मिक, सामाजिक र सांस्कृतिक सन्देश दिन्छ, जसले समाजमा समानताको भावना विकसित गर्नमा मद्दत पुर्याउँछ। विभिन्न जातिहरूको जिम्मेवारीहरू पर्वको सफलताका लागि आवश्यक छन्, जसले नेपाली सांस्कृतिक धरोहरलाई जीवित राख्नमा महत्वपूर्ण भूमिका खेल्छ ।

गुठी शब्द संस्कृत "गोष्ठी" बाट अपभ्रंश भएको हो, जसको अर्थ समूह वा सभा हो । गुठी व्यवस्थाको उद्भव सामूहिक उत्तरदायित्व र समाज कल्याणमा समर्पित भावनाको आधारमा भएको मानिन्छ। नेपालमा लिच्छविकालदेखि शाहकालसम्मका विभिन्न राजाले गुठीलाई धार्मिक, सांस्कृतिक, र समाजोपकारी कार्यहरूको लागि प्रयोग गर्दै आएका छन् । गुठी परम्परा धार्मिक, सामाजिक, र सांस्कृतिक कार्यहरूको स्थायित्व र निरन्तरताका लागि महत्वपूर्ण रहेको छ । इन्द्रजात्रा र पाँहाचह्रे जस्ता पर्वहरूमा विभिन्न गुठीयारहरूले आवश्यक कार्यहरू सम्पन्न गर्छन् ।

यस अध्ययनले काठमाडौंका विभिन्न स्थानमा *य:सिं* उठाउने गुठीहरूको महत्व र तिनीहरूको सांस्कृतिक धरोहरमा योगदानको चर्चा गरेको छ । सामूहिकता, आर्थिक चुनौतीहरू र सामाजिक समन्वयले *य:सिं* उठाउने परम्परा बचाउन महत्त्वपूर्ण भूमिका खेल्छ । गुठी संस्थानले गुठीहरूको व्यवस्थापनमा चुनौतीहरूको सामना गरिरहेको छ, र य:सिंसँग सम्बन्धित गुठीहरूको सांस्कृतिक र आर्थिक संरचनामा सुधार आवश्यक छ ।

## ५.२ निष्कर्ष

काठमाडौं विभिन्न जात्रापर्व, मेला, संस्कार, संस्कृतिले भरिएको सांस्कृतिक नगर हो । यहाँ मनाइने विभिन्न जात्रापर्वहरूसँग जोडिएर आउने एउटा अर्को सांस्कृतिक उपकर्म हो : यःसिं उठाउने । काठमाडौंमा मनाइने धेरै जात्राहरू यस्ता छन् जसको सञ्चालन यःसिंको उठान (ध्वजोत्थान) बाट आरम्भ हुन्छ । काठमाडौंका सबै जात्राहरू यःसिं उठाउने गरिँदैन । यहाँका महत्वपूर्ण र ठूला जात्राहरूमा मात्र यःसिं उठाइन्छ । त्यसैले यःसिंले उक्त जात्राको महत्व र गरिमालाई इंगित गरेको हुन्छ । काठमाडौंका ठूला जात्राहरू जस्तो इन्द्रजात्रा, पाहांचःऱ्हे (घोडेजात्रा), गहना खोज्ने जात्रा, भक्तपुरको बिस्केट जात्रामा यःसिं उठाउने गरिन्छ । यःसिं उठाएर गरिने जात्रा भएका कारण ती जात्राहरू अन्य जात्राहरूभन्दा विशिष्ट हुन् भनी संकेत गरेको देखिन्छ ।

ठूला जात्राहरू आयोजना गर्दा त्यसमा सहभागी हुन् सर्वसाधारण व्यक्तिलाई मात्र होइन अन्तरिक्ष र स्वर्घंमा रहेको देवीदेवताहरूलाई पनि आह्वान गरिन्छ । अन्तरिक्ष र स्वर्घंमा रहेका देवीदेवताहरूलाई आह्वान गर्ने विधि नै यःसिं उठाउनु हो । स्वर्घंसम्मै जात्राको सन्देश पुऱ्याउनुपर्ने भएकोले ती जात्राहरूमा सकभर अग्लो यःसिं उठाउने गरिन्छ ।

ठूला जात्राहरू आरम्भ हुनुभन्दा अघि यःसिं उठाइन्छ । जात्रा समापन भएपछि ढालिन्छ । यसर्थ यःसिंको उठानलाई जात्रा आरम्भ भएको सूचनाका रूपमा लिन सकिन्छ भने यसको विसर्जनलाई जात्रा समापन भएको जानकारीका रूपमा बुझ्न सकिन्छ ।

यःसिं उठाउने कार्यले जात्रा आरम्भ भएको र समापन भएको जनाउ दिने भए पनि हरेक जात्राहरूमा यःसिंलाई विशेष महत्व दिइएको पाइन्छ । विभिन्न धार्मिक ग्रन्थहरूमा पनि यःसिंका बारेमा उल्लेख गरिएको पाइन्छ । वृहत्संहिता, हरिवंश पुराण, कालिका पुराण, बिष्णुधर्मोत्तर पुराण, रामायण, महाभारत, आदि, जस्ता ग्रन्थमा यःसिं र यःसिंका विभिन्न पक्षका बारेमा चर्चा गरिएका छन् । विभिन्न ऐतिहासिक दस्तावेजहरूमा पनि यःसिंबारे उल्लेख भएको पाइन्छ । नेपालको सन्दर्भमा लिच्छविकालीन एवं मल्लकालीन ऐतिहासिक सामग्रीहरूमा यःसिंबारे उल्लेख भएका छन् । यसबाट यःसिं उठाउने कार्य नेपालमा प्राचीनकालदेखि नै प्रचलित सांस्कृतिक कार्य हो भनी बुझ्न सकिन्छ । यःसिं उठाउने प्रयोजनकै लागि कतिपय स्थानमा छुट्टै गुठीको समेत व्यवस्था गरिएको पाइन्छ । काठमाडौं उपत्यकामा कुनै पनि धार्मिक सांस्कृतिक कार्यलाई चीरस्थायी बनाउन गुठीको व्यवस्था गरिएको हुन्छ । यःसिंका लागि पनि गुठीको व्यवस्था गरिएका कारण यो काठमाडौंको अत्यन्त महत्वपूर्ण सांस्कृतिक अंग हो भनी

बुझ्न सकिन्छ । य:सिं उठाउने कार्यमा महर्जन, डंगोल, प्रजापति, श्रेष्ठ, मानन्धर, पुतुवार, रंजितकार, आदि, जस्ता जातीय समुदायहरू संलग्न हुने भएकोले यसले सामाजिक एकताको सन्देश पनि दिएको छ ।

काठमाडौंमा मनाइने धेरैजसो जात्राहरूमा अहिले पनि य:सिं उठाउने गरिन्छ । तर कतिपय जात्राहरूमा भने य:सिं उठाउने परम्परा लोप भइसकेको देखिन्छ । प्रशासनिक झंझट, बजेट अभाव, जनअभिरूचिमा कमी, आदि, जस्ता कारणहरूले गर्दा यो अवस्था आएको हो । य:सिं काठमाडौंका जात्रापर्वहरूको अत्यन्त मौलिक र गरिमामयी अंग भएको कारणले यसलाई संरक्षण गर्नु अत्यन्त आवश्यक छ । साथै कतिपय जात्रापर्वहरूमा लोप भएका य:सिंहरूलाई पनि पुनः उठाउने गरी सञ्चालन गर्नु आवश्यक देखिन्छ ।

# परिशिष्ट

## परिशिष्ट क.

लेलेको शिवदेव प्रथम र अंशुवर्माले गरिदिएको सनद शिलापत्रमा ध्वजगोष्ठीको उल्लेख गरिएको छ । धनवज्र वज्राचार्यको वि.सं.२०३० मा प्रकाशित "लिच्छविकालका अभिलेख" ग्रन्थको पृ.२८२ देखि २८९ सम्म छापिएको छ । सोहि ग्रन्थ बाट साभार गरिएको हो ।

सम्वत् ५२६ आश्विन शुक्ल "तिमीहरूका ग्राम को सीमाभित्रका ठाउँमा पहिलेका राजाहरूले र अरू सज्जनहरूले पुण्य बढोस भनी जुन खेतहरू दान दिएका थिए, कसैले पनि तिनीहरूको हिना मिना गर्न नपाओस् भन्नाको लागि र धेरै काल सम्म ती कायम रहून" भन्नाका लागि हर बखत पुण्य को काम को तातिँ बढ्दै गएको सफा कीर्तिको फैलावटले दिशा ढाकेका श्री महा सामन्त अंशुवर्माले गरिदिएको सनद शिलापत्र अनुसार बाधैंको थिती मा खेतको हिसाब यस प्रकार छ -

सिंह्–मण्डप मा भागवान् वासुदेव ब्राह्मण गोष्ठीका गुठीयार लाई २० मानिका, आरोग्य शाला लाई २०० मानिका, माद्धयवशाला लाई ७५ मानिका, प्रदीप (बत्ति) गोष्ठी का गुठीयार लाई ६० मानिका, पश्चिम शाला लाई ६० मानिका, पानीय (पानी) गोष्ठी का गुठीयार लाई १० मानिका, मल्ल युद्ध गोष्ठी का गुठीयार लाई ६८ मानिका, धुप गोष्ठी का गुठीयार लाई २ मानिका, ईन्द्र गोष्ठी का गुठीयार लाई ४ मानिका, उत्तर शाला लाई १२ मानिका, वादित्त्र (बाजा) का गुठीयार लाई १० मानिका ।।।।।।।।।।।। लाई ४० मानिका, प्रदीप गोष्ठी का गुठीयार लाई ८ मानिका, ब्राह्मण सानात्थ्य - गोष्ठी का गुठीयार लाई १० मानिका, हिद्धम शाला लाई ।।।।।।।।।।।। मानिका, प्रदीप गोष्ठी का गुठीयार लाई ८ मानिका, प्रवहण (गाडा)गोष्ठी का गुठीयार लाई २० मानिका, उत्तर शाला लाई २० मानिका, पूर्वशाला लाई १० मानिका, ध्वजगोष्ठी का गुठीयार लाई ११ मानिका, फेरी ध्वजगोष्ठी का गुठीयार लाई १० मानिका, मल्ल युद्ध गोष्ठी का गुठीयार लाई ३ मानिका, अर्चनीय गोष्ठी का गुठीयार लाई ४ मानिका,ईन्द्रगोष्ठी का गुठीयार लाई ६ मानिका, पूर्व शाला लाई १० मानिका, भागवान् चुडिकेश्वर का पन्चाली हरू ले ।।।।।।।।। मनाङ ।।।।।।।।। ग्राम को पूर्वतिर ४० मानिका, पश्चिम तिर पनि ४० मानिका (पौडयाल, २०४४,पृ१४) ।

यसरी ध्वजगोष्ठी का गुठीयार लाई ११ मानिका र १० मानिका, र ईन्द्र गोष्ठी  का गुठीयार लाई ४ मानिका छुट्याएको देखिन्छ। यस लिखित बाट पनि प्रमाणीत हुन्छ कि इन्द्रध्वजोत्थानको महत्व धेरै नै थियो र त्यस कार्यले निरन्तरता पाइराखोस् भन्ने हेतुले गुठी नै व्यवस्था गरीएको थियो ।

# परिशिष्ट ख.

बृहत्संहितामा इन्द्रध्वजसम्पदध्यायः शीर्षकमा इन्द्रध्वजउत्थानको वर्णन भएको छ । यस वर्णन लाई सन्दिप कुलकर्नि द्वारा ई.सं.२०१२ मा बृहत्संहिताको वर्णन गरिएको वेवसाईत बाट साभार गरिएको हो ।

ब्रह्माणं ऊचुरमरा भगवन्शक्ताः स्म नासुरान्समरे ।
प्रतियोधयितुं अतस्त्वां शरण्यशरणं समुपयाताः ॥ ४२.०१ ॥
देवानुवाच भगवान्क्षीरोदे केशवः स वः केतुम् ।
यं दास्यति तं दृष्ट्वा न؛जौ स्थास्यन्ति वो दैत्याः ॥ ४२.०२ ॥
लब्धवराः क्षीरोदं गत्वा ते तुष्टुवुः सुराः सैन्द्राः ।
श्रीवत्साङ्कं कौस्तुभमणिकिरनौद्भासितौरस्कम् ॥ ४२.०३ ॥
श्रीपतिं अचिन्त्यं असमं ८समं ततःक.समन्ततः सर्वदेहिनां सूक्ष्मम् ।
परमात्मानं अनादिं विष्णुं अविज्ञातपर्यन्तम् ॥ ४२.०४ ॥
तैः संस्तुतः स देवस्तुतोष नारायणो ददौ चैषाम् ।
ध्वजं असुरसुरवधूमुखकमलवनतुषारतीक्ष्णांशुम् ॥ ४२.०५ ॥
तं विष्णुतेजोभवं अष्टचक्रे रथे स्थितं भास्वति रत्नचित्रे ।
देदीप्यमानं शरदिइव सूर्यं ध्वजं समासाद्य मुमोद शक्रः ॥ ४२.०६ ॥
स किङ्किणीजाल८परिष्कृतेनृक.परिस्कृतेने स्रक्छत्रघण्टापिटकाअन्वितेन ।
समुच्छ्रितेनामरराड्ध्वजेन निन्ये विनाशं समरे +अरिसैन्यम् ॥ ४२.०७ ॥
उपरिचरस्यामरपो वसोर्ददौ चेदिपस्य वेणुमयीम् ।
यष्टिं तां स नरेन्द्रो विधिवत्सम्पूजयां आस ॥ ४२.०८ ॥
प्रीतो महेन ८मघवाक.मघवान् प्राहएवं ये नृपाः करिष्यन्ति ।
वसुवद्वसुमन्तस्ते भुवि सिद्धाज्ञा भविष्यन्ति ॥ ४२.०९ ॥
मुदिताः प्रजाश्च तेषां भयरोगविवर्जिताः प्रभूतान्नाः ।
ध्वजएव चाभिधास्यति जगति निमित्तैः फलं सदसत् ॥ ४२.१० ॥
पूजा तस्य नरेन्द्रैर्बलवृद्धिजयार्थिभिर्यथा पूर्वम् ।
शक्राज्ञया प्रयुक्ता तां आगमतः प्रवक्ष्यामि ॥ ४२.११ ॥

तस्य विधानं शुभकरणदिवसनक्षत्रमङ्गलमुहूर्तैः ।
प्रास्थानिकैर्वनं इयाद्दैवज्ञः सूत्रधारश्च ॥ ४२.१२ ॥
उद्यानदेवतालयपितृवनवल्मीकमार्गचितिजाताः ।
कुब्जऊर्ध्वशुष्ककण्टकिवल्लीवन्दाकयुक्ताश्च ॥ ४२.१३ ॥
बहुविहगालयकोटरपवनानलपीडिताश्च ये तरवः ।
ये च स्युः स्त्रीसंज्ञा न ते शुभाः शक्रकेत्वर्थे ॥ ४२.१४ ॥
श्रेष्ठो +अर्जुनो ८+अजकर्णृ:व.अश्वकमेः प्रियकधवौदुम्बराश्च पञ्चैते ।
एतेषां ८एकतमृंव.अन्यतमें प्रशस्तं अथ वाअपरं वृक्षम् ॥ ४२.१५ ॥
गौरासितक्षितिभवं सम्पूज्य यथाविधि द्विजः पूर्वम् ।
विजने समेत्य रात्रौ स्पृष्ट्वा ब्रूयादिमं मन्त्रम् ॥ ४२.१६ ॥
यानीह वृक्षे भूतानि तेभ्यः स्वस्ति नमो +अस्तु वः ।
उपहारं गृहीत्वाइमं क्रियतां वासपर्ययः ॥ ४२.१७ ॥
पार्थिवस्त्वां वरयते स्वस्ति ते +अस्तु नगोत्तम ।
ध्वजार्थं देवराजस्य पूजाइयं प्रतिगृह्यताम् ॥ ४२.१८ ॥
छिन्द्यात्प्रभातसमये वृक्षं उदक्प्राङ्मुखो +अपि वा भूत्वा ।
परशोर्जर्जरशब्दो नैष्टः स्निग्धो घनश्च हितः ॥ ४२.१९ ॥
नृपजयदं अविध्वंस्तं पतनं अनाकुञ्चितं च पूर्वोदक् ।
अविलग्नं चान्यतरौ विपरीतं अतस्त्यजेत्पतितम् ॥ ४२.२० ॥
छित्त्वाग्रे चतुरङ्गुलं अष्टौ मूले जले क्षिपेद्यष्टिम् ।
उद्धृत्य पुरद्वारं शकटेन नयेन्मनुष्यैर्वा ॥ ४२.२१ ॥
अरभङ्गे बलभेदो नेम्या नाशो बलस्य विज्ञेयः ।
अर्थक्षयो +अक्षभङ्गे तथाअणिभङ्गे च वर्द्धकिनः ॥ ४२.२२ ॥
भाद्रपदशुक्लपक्षस्याष्टम्यां नागरैर्वृतो राजा ।
दैवज्ञसचिवकञ्चुकिविप्रप्रमुखैः सुवेषधरैः ॥ ४२.२३ ॥
अहताम्बरसंवीतां यष्टिं पौरन्दरीं पुरं पौरैः ।
स्रग्गन्धधूपयुक्तां प्रवेशयेत्शङ्खतूर्यरवैः ॥ ४२.२४ ॥
रुचिरपताकातोरणवनमालाअलङ्कृतं प्रहृष्टजनम् ।
सम्मार्जितार्चितपथं सुवेषगणिकाजनऽकीर्णम् ॥ ४२.२५ ॥

अभ्यर्चित्ऽपणगृहं प्रभूतपुण्याहवेदनिर्घोषम् ।

नटनर्तकगेयज्ञैराकीर्णचतुष्पथं नगरम् ॥ ४२.२६ ॥

तत्र पताकाः श्वेता ८भवन्ति विजयायृक्.विजयाय भवन्ति रोगदाः पीताः ।

जयदाश्च चित्ररूपा रक्ताः शस्त्रप्रकोपाय ॥ ४२.२७ ॥

यष्टिं प्रवेशयन्तीं निपातयन्तो भयाय नागाद्याः ।

बालानां तलशब्दे संग्रामः सत्त्वयुद्धे वा ॥ ४२.२८ ॥

सन्तक्ष्य पुनस्तक्षा विधिवद्यष्टिं प्ररोपयेद्यन्त्रे ।

जागरं एकादश्यां नरेश्वरः कारयेच्चास्याम् ॥ ४२.२९ ॥

सितवस्त्रौष्णीषधरः पुरोहितः शाक्रवैष्णवैर्मन्त्रैः ।

जुहुयादग्निं साम्वत्सरो निमित्तानि गृह्णीयात् ॥ ४२.३० ॥

इष्टद्रव्य्ऽकारः सुरभिः स्निग्धो घनो +अनलो +अर्चिष्मान् ।

शुभकृदतो +अन्यो ८+अनिष्टोृक्.नेष्टो यात्रायां विस्तरो +अभिहितः ॥ ४२.३१ ॥

स्वाहावसानसमये स्वयं उज्ज्वलार्चिः

स्निग्धः प्रदक्षिणशिखो हुतभुग्नृपस्य ।

गङ्गादिवाकरसुताजलचारुहारां

धात्रीं ८समुद्ररशनांृक्.समुद्ररसनों वशगां करोति ॥ ४२.३२ ॥

चामीकराशोककुरण्टकाब्ज

वैदूर्यनीलोत्पलसन्निभे +अग्नौ ।

न ध्वान्तं अन्तर्भवने +अवकाशं

करोति रत्नांशुहतं नृपस्य ॥ ४२.३३ ॥

येषां रथौघार्णवमेघदन्तिनां

समस्वनो +अग्निर्यदि वाअपि दुन्दुभेः ।

तेषां मदान्धैभघटावघट्टिता

भवन्ति याने तिमिरौपमा दिशः ॥ ४२.३४ ॥

ध्वजकुम्भहयैभभूभृतां अनुरूपे वशं एति भूभृताम् ।

उदयास्तधराधरा +अधरा हिमवद्विन्ध्यपयोधरा धरा ॥ ४२.३५ ॥

द्विरदमदमहीसरोजलाजाृक्.लाजैःघृतमधुना च हुताशने सगन्धे ।

प्रणतनृपशिरोमणिप्रभाभिर्भवति पुरश्छुरितेव भूर्नृपस्य ॥ ४२.३६ ॥

उक्तं यदुत्तिष्ठति शक्रकेतौ शुभाशुभं सप्तमरीचिरूपैः ।
तज्जन्मयज्ञग्रहशान्तियात्राविवाहकालेष्वपि चिन्तनीयम् ॥ ४२.३७ ॥
गुडपूपपायसऽद्यैर्विप्रानभ्यर्च्य दक्षिणाभिश्च ।
श्रवणेन द्वादश्यां उत्थाप्यो +अन्यत्र वा श्रवणात् ॥ ४२.३८ ॥
शक्रकुमार्यः कार्याः प्राह मनुः सप्त पञ्च वा तज्ज्ञैः ।
नन्दौपनन्दसंज्ञे ८पादऊनार्धे ध्वजौच्छ्रायात्क्.पादेनार्धेन चोच्छ्रायाते ॥ ४२.३९ ॥
षोडशभागाभ्यधिके जयविजये द्वे वसुन्धरे चान्ये ।
अधिका शक्रजनित्री मध्ये +अष्टांशेन चएतासाम् ॥ ४२.४० ॥
प्रीतैः कृतानि विबुधैर्यानि पुरा भूषणानि सुरकेतोः ।
तानि क्रमेण दद्यात्पिटकानि विचित्ररूपाणि ॥ ४२.४१ ॥
रक्ताशोकनिकाशं ८चतुरस्रंक्.चतुरश्रमे विश्वकर्मणा प्रथमम् ।
८रशनाक्.रसनो स्वयम्भुवा शङ्करेण ८चानेकवर्णगा दत्ताक्.चानेकवर्णधरी ॥ ४२.४२ ॥
अष्टाश्रि नीलरक्तं तृतीयं इन्द्रेण भूषणं दत्तम् ।
असितं यमश्चतुर्थं मसूरकं कान्तिमदयच्छत् ॥ ४२.४३ ॥
मञ्जिष्ठाभं वरूणः षडश्रि तत्पञ्चमं जलोर्मिनिभम् ।
मयूरं केयूरं षष्ठं वायुर्जलदनीलम् ॥ ४२.४४ ॥
स्कन्धः स्वं केयूरं सप्तमं अददद्ध्वजाय बहुचित्रम् ।
अष्टमं अनलज्वालासङ्काशं हव्यभुग्८वृत्तम्क्.दत्तमे ॥ ४२.४५ ॥
वैदूर्यसदृशं ८इन्द्रोक्.इन्दुं नवमं ग्रैवेयकं ददावन्यत् ।
रथचक्राभं दशमं सूर्यस्त्वष्टा प्रभायुक्तम् ॥ ४२.४६ ॥
एकादशं उद्वंशं विश्वेदेवाः सरोजसङ्काशम् ।
द्वादशं अपि च ८निवेशं ऋषयोक्.निवंशं मुनयो नीलोत्पलाभासम् ॥ ४२.४७ ॥
किञ् चिदधऊर्ध्व८निर्मितम्क्.निर्नतमे उपरि विशालं त्रयोदशं केतोः ।
शिरसि बृहस्पतिशुक्रौ लाक्षारससन्निभं ददतुः ॥ ४२.४८ ॥
यद्यद्येन ८विभूषणम्क्.विनिर्मितमे अमरेण विनिर्मितंक्.विभूषणमे ध्वजस्यार्थे ।
तत्तत्तद्दैवत्यं विज्ञातव्यं विपश्चिद्भिः ॥ ४२.४९ ॥
ध्वजपरिमाणत्र्यंशः परिधिः प्रथमस्य भवति पिटकस्य ।
परतः प्रथमात्प्रथमादष्टांशाष्टांशहीनानि ॥ ४२.५० ॥

कुर्यादहनि चतुर्थे पूरणं इन्द्रध्वजस्य शास्त्रज्ञः ।
मनुना चऽगमगीतान्मन्त्रानेतान्पठेन्नियतः ॥ ४२.५१ ॥
हरार्कवैवस्वतशक्रसोमैर्धनेशवैश्वानरपाशभृद्भिः ।
महर्षिसंघैः सदिगप्सरोभिः शुक्राङ्गिरःस्कन्दमरूद्गणैश्च ॥ ४२.५२ ॥
यथा त्वं ऊर्जस्करणएकरूपैः समर्चितस्त्वाभरणैरूदारैः ।
तथेह तान्याभरणानि ८यागेृक्.देवे शुभानि सम्प्रीतमना गृहाण ॥ ४२.५३ ॥
अजो +अव्ययः शाश्वत एकरूपो विष्णुर्वराहः पुरूषः पुराणः ।
त्वं अन्तकः सर्वहरः कृशानुः ८सहस्रशीर्षःृक्.सहस्रशीर्शो शतमन्युरीड्यः ॥ ४२.५४ ॥
कविं सप्तजिह्वं त्रातारं इन्द्रं ८स्ववितारंृक्.अवितारें सुरेशम् ।
ह्वयामि शक्रं वृत्रहणं सुषेणं अस्माकं वीरा ८उत्तराृक्.उत्तरे भवन्तु ॥ ४२.५५ ॥
प्रपूरणे चौच्छ्रयणे प्रवेशे स्नाने तथा माल्यविधौ विसर्गे ।
पठेदिमान्नृपतिः सोपवासो मन्त्रान्शुभान्पुरूहूतस्य केतोः ॥ ४२.५६ ॥
क्षत्रृक्.ऊ.छत्रेध्वजऽदर्शफलार्धचन्द्रैर्विचित्रमालाकदलीइक्षुदण्डैः ।
सव्यालसिंहैः पिटकैर्गवाक्षैरलङ्कृतं दिक्षु च लोकपालैः ॥ ४२.५७ ॥
अच्छिन्नरज्जुं दृढकाष्ठमातृकं सुश्लिष्टयन्त्रार्गलपादतोरणम् ।
उत्थापयेल्लक्ष्म सहस्रचक्षुषः सारद्रुमाभग्नकुमारिकान्वितम् ॥ ४२.५८ ॥
अविरतजनरावं मङ्गलऽशीःप्रणामैः । पटुपटहमृदङ्गैः शङ्खभेर्यादिभिश्च ।
श्रुतिविहितवचोभिः पापठद्भिश्च विप्रैर् अशुभ८विहतृक्.रहितेशब्दं केतुं ८उत्थापयेच्ृक्.उत्थापयीते च ॥ ४२.५९ ॥
फलदधिघृतलाजाक्षौद्रपुष्पाग्रहस्तैः प्रणिपतितशिरोभिस्८तुष्टवद्भिशृक्.तुष्टुवद्भिशे च पौरैः ।
वृतम्ृक्.धृतमे अनिमिषभर्तुः केतुं ईशः प्रजानाम् अरिनगरनताग्रं कारयेद्विवड्८बधायृक्.वधाये ॥ ४२.६० ॥
नातिद्रुतं न च विलम्बितं अप्रकम्पम् अध्वस्तमाल्यपिटकऽदिविभूषणं च ।
उत्थानं इष्टं अशुभं यदतो +अन्यथा स्यात् तच्छान्तिभिर्नरपतेः शमयेत्पुरोधाः ॥ ४२.६१ ॥
क्रव्यादकौशिककपोतककाककङ्कैः केतुस्थितैर्महदुशन्ति भयं नृपस्य ।
चाषेण चापि युवराजभयं वदन्ति श्येनो विलोचनभयं निपतन्करोति ॥ ४२.६२ ॥
छत्रभङ्गपतने नृपमृत्युस् तस्करान्मधु करोति निलीनम् ।
हन्ति चाप्यथ पुरोहितं उल्का पार्थिवस्य महिषीं अशनिश्च ॥ ४२.६३ ॥

राज्ञीविनाशं पतिता पताका करोत्यवृष्टिं पिटकस्य पातः ।

मध्याग्रमूलेषु च केतुभङ्गो निहन्ति मन्त्रिक्षितिपालपौरान् ॥ ४२.६४ ॥

धूमऽवृते शिखिभयं तमसा च मोहो व्यालैश्च भग्नपतितैर्न भवत्यमात्याः ।

ग्लायन्त्युदक्प्रभृति च क्रमशो ८द्विजाद्यान्क्.द्विजाद्यो भङ्गे तु बन्धकि८बधःक्.वधेः कथितः कुमार्याः ॥ ४२.६५ ॥

रज्जुउत्सङ्गच्छेदने बालपीडा राज्ञो मातुः पीडनं मातृकायाः ।

यद्यत्कुर्युश्८चारणा बालकाक्.बालकाश्चारणो वा तत्तत्तादृग्भावि पापं शुभं वा ॥ ४२.६६ ॥

दिनचतुष्टयं उत्थितं अर्चितं समभिपूज्य नृपो +अहनि पञ्चमे ।

प्रकृतिभिः सह लक्ष्म विसर्जयेद् बलभिदः स्वबलाभिविवृद्धये ॥ ४२.६७ ॥

उपरिचरवसुप्रवर्तितं नृपतिभिरप्यनुसन्ततं कृतम् ।

विधिं इमं अनुमन्य पार्थिवो न रिपुकृतं भयं आप्नुयादिति ॥ ४२.६८ ॥

**अनुवाद :**

देवताहरूले ब्रह्मालाई भनेः “हे भगवान, हामी राक्षसहरूसँग लड्न सक्षम छैनौं।

त्यसैले तिनीहरू तपाईंसँग लड्न शरण लिन आएका छन् ४२.०१।

देवताहरूले भनेः भगवान केशव, परम पुरूष भगवान दूधको सागरमा हुनुहुन्छ।

जसलाई देखेर तिमीलाई दानवहरू युद्धको मैदानमा उभिने छैनन् ४२.०२।

वरदान पाएर देवताहरू र इन्द्रहरू दूधको सागरमा गएर प्रशंसा गरे।

कौस्तुभ रत्नको किरणले उनको छाती चम्किरहेको थियो ४२.०३।

देवीका भगवान अकल्पनीय, असमान, ८समान, र त्यसपछि्के. चारैतिरे सबै मूर्त प्राणीहरूको सूक्ष्म हुनुहुन्छ।

परम आत्मा, शाश्वत भगवान विष्णु, अज्ञात सम्म फैलिएको छ। ४२.०४।

तिनीहरूले भगवानको प्रशंसा गरे, र भगवान नारायण, जो तिनीहरूसँग प्रसन्न थिए, तिनीहरूलाई आफ्नो वरदान दिए।

झण्डा दानवको दुलहीको मुखमा कमल वन हिउँको तीखो किरण हो ४२.०५।

उनी भगवान विष्णुको तेजबाट जन्मेका थिए र आठ पाङ्गा भएको रथमा बसेका थिए।

शरद ऋतुको सूर्यझैं चम्किरहेको झण्डा देखेर इन्द्र प्रसन्न भए ४२.०६।

उसलाई माला, छाता, घण्टी र बक्सले सजाइएको मोतीको जालमा८ सजाइएको थियो।

देवताहरूका राजाको झण्डा उठाएर उहाँले युद्धमा + शत्रु सेनाको विनाश ल्याउनुभयो। ४२.०७।

अमरपाले सेवक वासु चेदिपालाई बाँसको भाँडो दिए।

राजाले विधि अनुसार लट्ठीको पूजा गरे ४२.०८।

महान् ८माघवृके. माघवनेसँग प्रसन्न भएर उहाँले भन्नुभयो, यसरी गर्ने राजाहरू हुनेछन्।

तिनीहरू वासु र वसुमन्थ जस्तै हुनेछन् र पृथ्वीमा पूर्ण रूपमा आज्ञा हुनेछन्। ४२.०९।

मानिसहरू खुशी र भय र रोगबाट मुक्त थिए र प्रशस्त भोजन पाएका थिए।

झण्डा आफैंले संसारमा कारणहरूको राम्रो र खराब फल घोषणा गर्नेछ ४२.१०।

शक्ति वृद्धि र विजय खोज्ने राजाहरूले पहिले जस्तै उनको पूजा गरे।

उनी आइपुग्दा म तिमीलाई उनको बारेमा बताउँछु, जुन इन्द्रको आदेशमा प्रयोग भएको थियो। ४२.११।

शुभ अवसरहरूको अनुष्ठान दिन, तारा र शुभ मुहूर्तहरूद्वारा निर्धारण गरिन्छ।

ज्योतिषी र धागो बोक्ने प्रस्थानिकहरूसँग वनमा जानुपर्छ। ४२.१२।

तिनीहरू बगैंचा, मन्दिर, पैतृक वन, एथिल र मार्गहरूमा जन्मेका थिए।

तिनीहरू कुबडा, सुक्खा काँडा, लता र वण्डकहरूले ढाकिएका छन्। ४२.१३।

धेरै चराहरूको घरका गुफाहरूमा हावा र आगोले सताएको रूखहरू

र जसको नाममा स्त्रीको नाम छ, त्यो इन्द्रकेतुको लागि शुभ हुँदैन। ४२.१४।

सर्वश्रेष्ठ, अर्जुन, अजकर्ण, के.अश्वकामे र प्रियकधवडुम्बर पाँच हुन् ।

तिनीहरूको एउटा (के.अन्ये ) उत्तम वा अर्को रूख हो । ४२.१५

ब्राह्मणले पहिले निर्धारित संस्कार अनुसार गौरासिता क्षितीभवको पूजा गरेका थिए ।

राति सुनसान ठाउँमा भेटेर शरीर छुनुहोस् र यो मन्त्रको जप गर्नुहोस्। ४२.१६।

यहाँ रूखमा रहेका सबै प्राणीहरूलाई म मेरो आदरणीय नमन गर्दछु।

यो उपहार लिनुहोस् र यो बस्नुहोस्। ४२.१७।

पृथ्वीले तिमीलाई छनोट गर्छ, र हे हिमालहरूका सर्वश्रेष्ठ, तिमी निको होस्।

झण्डाको लागि देवताहरूको राजाको यो पूजा स्वीकार गर्नुहोस् ४२.१८।

बिहान उत्तर वा पूर्व तर्फ फर्केर रूख काट्नु पर्छ ।

अर्को किनारको आवाज वांछनीय छैन र चिल्लो र बाक्लो राम्रो छ। ४२.१९।

राजाको विजय नष्ट भएन, तर पतन संकुचित भएन, र पूर्व संकुचित भएन।

यो अन्य दुई संग जोडिएको छैन र यसको विपरीत छ, त्यसैले यो झरेको बेला छोड्नुपर्छ। ४२.२०।

टुप्पोमा चार औंला लामो छडी काटेर आठौं रूखको जरामा रहेको पानीमा फालिदेऊ ।

त्यसले सहरको मूलढोका उचाल्नुपर्छ र त्यसलाई गाडीमा वा मानिसहरूले बोक्नुपर्छ ४२.२१।

पहिलो ब्रेकमा बलको भिन्नतालाई नेमीले बल गुमाउनुको रूपमा बुझ्नुपर्छ।

धनमा ह्रास + धुरीको भाँच्दा र आनीको टुक्रामा। ४२.२२।

भाद्रपद महिनाको उज्यालो पन्ध्र दिनको आठौं दिन राजालाई नागरिकले घेरेको थियो ।

उनीहरूसँग ज्योतिषी सचिवहरू हतियार बेल्ट ब्राह्मणहरू र अन्य राम्रा लुगा लगाएका थिए। ४२.२३।

सहरका नागरिकले अखण्ड लुगा लगाएर लट्ठी बोकेका थिए

माला, सुगन्धित तेल र धूप लिएर शंख र तुरहीको आवाज सहित मन्दिर प्रवेश गर्नुपर्छ। ४२.२४।

यसलाई सुन्दर झण्डाहरू, आर्चवेहरू र वन मालाहरू र हर्षित भीडले सजाइएको थियो।

सडकहरू सफा गरी पूजा गरियो र राम्रो लुगा लगाएका वेश्याहरूले भीडभाड गरे। ४२.२५।

बजारमा पूजा गरिन्थ्यो र प्रचुर मात्रामा पवित्र दिनहरूमा वेदहरू गुन्जिन्थ्यो।

सहरका चोकचोकहरू कलाकार नर्तक गायक र कलाकारहरूले खचाखच भरिएका थिए ४२.२६।

त्यहाँ झण्डाहरू सेतो ८ विजयका लागि के तिनीहरू विजयका लागि हुने र रोग निम्त्याउने पहेंलो।

जयदास र चित्ररूपा हतियारको क्रोधले रातो भए ४२.२७।

इंद्र नक्षत्रमा शुभ र अशुभ गरी सात रूप मरिचीको उदय हुने भनिएको छ ।

जन्म, यज्ञ, ग्रहशान्ति, तीर्थयात्रा र विवाहको समयमा पनि यही विचार गर्नुपर्छ। ४२.३७।

चौथो दिन वैज्ञानिकले इन्द्रध्वज पूरा गर्नुपर्छ।

मनुले आगमामा गाएका यी मन्त्रहरूलाई नियमित रूपमा जप गर्नुपर्छ। ४२.५१।

तिनीहरू सूर्यका भगवान, वैवस्वत, इन्द्र, सोम, धनेश, वैश्वनर र डोरीहरू बोक्छन्।

महान् ऋषि सदिगपसारस शुक्र अंगिरस स्कन्द र मरूतहरूको मेजबान ४२.५२।

जसरी तिमीलाई एक प्रकारको शक्तिमा उदार गहनाले पूजा गरिन्छ,

यसैले यहाँ, बलिदानमा ती शुभ अलंकारहरू खुशीसाथ ग्रहण गर्नुहोस् ृप.मभखबे ४२.५३।

अजन्मा + अतुलनीय, शाश्वत, एकरूप विष्णु सुअर, पुरूष, पुराण हुन्।

तपाईं संहारक हुनुहुन्छ, सबैको विनाशकर्ता हुनुहुन्छ, दुबला ८हजार-मुखी ृके.हजार-मुखी सय क्रोधको उपासक हुनुहुन्छ। ४२.५४।

कवि, सात-भाषा, मुक्तिदाता, इन्द्र, ८ आफ्नो वितारामृके.वितारामे, देवताहरूका स्वामी।

म वृत्रा र सुशेनाको हत्यारा इन्द्रलाई आह्वान गर्दछु, र हाम्रा वीरहरू ८उत्तरा ृप.गततबचबे मा रहोस्। ४२.५५।

माला भर्दा, उठाउँदा, प्रवेश गर्दा, नुहाउँदा र विसर्जन गर्दा माला।

राजाले पुरूहुता केतुका यी शुभ मन्त्रहरूलाई व्रत बसेर जप गर्नुपर्छ ४२.५६।

क्षत्रियको झण्डा अद्भुत फलफूल र अर्धचन्द्रमा, अद्भूत माला, केरा र उखुको डण्डीले सजाइएको छ।

यो सिंह र सर्पहरू र झ्यालहरू र सबै दिशाहरूमा संसारका संरक्षकहरूका बक्सहरूले सजाइएको थियो। ४२.५७।

काटिएको डोरी र कडा काठको म्याट्रिक्स त्यहाँ राम्रोसँग डिजाइन गरिएको मेसिनरी आर्केड फुट आर्चवे छ।

हजार आँखा लक्ष्मीले उसलाई उठाउनेछ यो शारद्रुमका टुटेका कुमारीहरूले ढाकिएको छ। ४२.५८।

अविरत जनरावम् मंगलाशिः प्रणामैः।

पातुपतहमृदङ्ग, शंख, ढोल र अन्य बाजा बजाइएको थियो ।

र ब्राह्मणहरू द्वारा जो शास्त्रमा तोकिएका शब्दहरू पढ्छन्

दुष्ट८विहताृके.विनो ध्वनि केतुद्वारा उठाउनुपर्छ। ४२.५९।

फलफूल, दही, मक्खन, नुन, मह, फूल र ग्रासिङ नागरिकहरूले शिर झुकाए र८ सन्तुष्टृके. सन्तुष्टे

तात्कालिक पति, मानिसहरूका प्रभुको ताराले बेरिएको ृप.जभमिे

शत्रुको सहरको टुप्पो डिभिड८को हत्याको लागि बनाउनुपर्छ। ४२.६०।

न त धेरै छिटो न धेरै ढिलो बिना कांप उनीहरूले माला, टोकरी र अन्य गहना समेत नष्ट गरेका छन् ।

वृद्धि वांछनीय र अशुभ छ किनभने + यो अन्यथा हुनेछ

पुजारीहरूले यी शान्तिपूर्ण शब्दहरूद्वारा राजालाई सन्तुष्ट पार्नु पर्छ ४२.६१।

मांसाहारी, परेवा, काग र काग केतुमा भएकाहरू राजासँग धेरै डराउँछन्।

पीछा गरेर राजकुमारको डरको कुरा पनि गर्छन् स्यालले हेर्दा डराउँछ कि तल खस्छ। ४२.६२।

छाताबाट खसेर राजाको मृत्यु महले चोरलाई लुकाउँछ ।

उल्काले पुजारीलाई पनि मार्छ र पृथ्वीकी रानी, आशानी। ४२.६३।

झण्डा रानीको विनाशमा खस्यो बक्सको पतनले वर्षा बनाउँछ।

र बीचको टुप्पोको जरामा केतुको भाँच्नु उसले मन्त्रीहरू, पृथ्वीका शासकहरू र नागरिकहरूलाई मार्छ। ४२.६४।

धुवाँ र अन्धकारको भ्रमले ढाकिएको मयूरको डर सर्पले भाँचिएका र लडेका मन्त्रीहरू छैनन्

ग्ल्यान्त्युदकप्रभृति च क्रमाशो ८द्विजाद्यानृके.द्विजाद्ये

बन्धकी८बधाृके.बाधो तोड्दा कन्याहरूलाई भनिन्छ। ४२.६५।

कर्ड काट्दा बाल्यकाल दुखाइ राजाको आमालाई आमाद्वारा यातना।

तिनीहरूले जे गरे पनि गोठालाहरू वा बच्चाहरू को. गोठालाहरूका छोराछोरीहरू

पापमय होस् वा असल होस् भन्ने कुरा यही हो। ४२.६६।

उठेर चार दिन पूजा गरे त्यही पूजा गरेपछि, राजा + पाँचौं दिन।

लक्ष्मीलाई स्वभावले मुक्त गर्नुपर्छ बल तोड्नेले आफ्नै बल बढाउने। ४२.६७।

राजाहरू आफ्ना सेवकहरूको धनको पछि लागे । यस विधिलाई अनुमति दिएर पृथ्वीवासी शत्रुसँग डराउँदैनन्। ४२.६८

# परिशिष्ट ग.

## इन्द्रध्वजोत्सवको लागि साइत हेर्ने चलनको व्याख्या

दिनेशराज पन्तको इन्द्रध्वजसम्बन्धी साइत लेखिएको वि.स. १९०० को कागतमा इन्द्रध्वजोत्सवको लागि साइत हेर्ने चलनको व्याख्या गरिएकोछ। वि.स. १९०० मा राजदरबार सँग सम्बद्ध ज्योतिषीले साइत हेरी दरबारमा चढाएको कागत परराष्ट्रमन्त्रालयको ११५ सङ्ख्याको पोकोमा पाइएको छ। अप्रकाशित त्यस वेला त्यस उत्सवलाई कति महत्व दिइन्थ्यो भन्ने कुरा छर्लङ्ग हुने हुनाले सो यहाँ दिइन्छ :

१. स्वस्ति श्रीसम्वत् १९०० सौरमानेन भाद्रमासदिन १३ गते आदित्य-
२. वासेर दिनगलघटी ६ पलेषु १५ इन्द्रध्वजनिमित्त वनयात्रा गर्न्या
३. सायत उत्तम छ शुभम् - - - - - - - - - - - - - - - - - - - -
४. तद्दिने रात्रिगतघटि ३ पलेषु ५ इन्द्रध्वजनिमित्त पूर्वमुख भै अ.
५. व. म. प. न. भ. ज. च. ल. एति अक्षरबाट नाम हुन्याले वृक्षछेदन ग-
६.र्न्या सायत उत्तम छ शुभम्- - - - - - - - - - - - - - - - - - - -
७. स्वस्ति श्रीभाद्रमासिन १८ गते शुक्रबासरे दिनशेषघटि ४ पले-
८. षु २१ इन्द्रध्वजनगरप्रवेश शुभम् - - - - - - - - - - - - - - - - -
९. स्वस्ति श्रीभाद्रमासिन २२ गते भौमवासरे दिनगतघटि ७ पले -
१०. षु २१ पूर्वमुख भै अ. व. म. प. न. भ. ज. ध. च. ल. एति अक्षरबाट ना-
११. म हुन्याले इन्द्रध्वजोत्थापनम् शुभम्- - - - - - - - - - - - - - - -
१२. स्वस्ति श्रीभाद्रमासिन २९ गते भौमवासरे रात्रिगतघटि ७ पले-
१३. षु ३९ पूर्वमुख भै च. ल. अ. क. ह. प. र. न. म. स. एति अक्षरबाट
१४. नाम हुन्याले इन्द्रध्वजविसर्जनम् शुभम्- - - - - - - - - - - - - - -

यहाँ वि.स. १९०० भाद्र १३ गते आदित्यबार इन्द्रध्वजको लागि वनयात्राको साइत दिइएको छ। यसमा तिथि दिइएको छैन तापनि त्यस वर्षको पात्रो पल्टाई हेर्दा त्यस दिन भाद्रशुक्ल द्वितीया परेको देखिन्छ। आजभोलि पनि वनमा गएर इन्द्रध्वजको लागि राम्रो रूख खोजेर

ल्याउने चलन छ । त्यही दिन राति पूर्वतिर फर्किई इन्द्रध्वजको लागि रूख काट्नू भनेर माथि दिइएको पत्रमा लेखिएको छ । ठीक ठहरिएको रूखलाई पूजा गरी बोकाको बलि दिई त्यो रूख काट्ने चलन आजभोलि पनि छ । भाद्र १८ गते शुक्रवार इन्द्रध्वजलाई नगरप्रवेश गराउने साइत छ भनी माथिको पत्रमा लेखिएको छ । पात्रो पल्टाई हेर्दा त्यस दिन भाद्रशुक्ल अष्टमी परेको देखिन्छ । मल्लकालमा रानीपोखरी काठमाडौं शहरको ठीक बाहिर पर्दथ्यो र भोटाहिटी शहरभित्र पर्दथ्यो । त्यसैले आजभोलि पनि वनबाट ल्याइएको रूख भाद्रशुक्ल अष्टमीमा भोटाहिटीमा राखिन्छ र नगरप्रवेश गराइएको मानिन्छ । भाद्र २२ गते मङ्गलवार पूर्वमुख भई इन्द्रध्वजोत्थापन गर्नु भनी माथिको कागतमा लेखिएको छ । पात्रो पल्टाई हेर्दा त्यस दिन भाद्रशुक्ल द्वादशी परेको देखिन्छ । आजभोलि पनि भाद्रशुक्ल द्वादशीमा शास्त्रोक्त विधिअनुसार इन्द्रध्वजोत्थापन गरिन्छ ।  पात्रोमा पनि यसको उल्लेख गर्ने चलन छ ।  भाद्र २९ गते मङ्गलवार राति इन्द्रध्वजविसर्जन गर्नु भनी माथि दिइएको पत्रमा लेखिएको छ । पात्रो पल्टाई हेर्दा त्यस दिन आश्विनकृष्ण चतुर्थी परेको देखिन्छ । आजभोलि पनि आश्विनकृष्ण चतुर्थी विधिपूर्वक इन्द्रध्वज ढाल्ने गरिन्छ । पात्रोमा पनि यसको उल्लेख गर्ने चलन छ ।

अ, व, म, प, न, भ, ज, च, ल, यी अक्षरबाट नाम उठेकाले रूख काट्ने काम गर्नु भनी माथि उल्लिखित पत्रमा लेखिएको छ । यताबाट अ (कृत्तिकानक्षत्रको पहिलो पाउ), व (रोहिणीनक्षत्रको दोस्रो पाउ), म (मघानक्षत्रको पहिलो पाउ), प (उत्तरफाल्गुनीनक्षत्रको तेस्रो पाउ), न ( अनुराधानक्षत्रको पहिलो पाउ), भ (मूलनक्षत्रको पहिलो पाउ), ज (उत्तरषाढानक्षत्रको तेस्रो पाउ), च (रेवतीनक्षत्रको तेस्रो पाउ), ल (अश्विनीनक्षत्रको चौथो पाउ) बाट नाम उठेका मानिसले रूख काट्नू भनी लेखिएको देखिन्छ ।

अ, व, म, प, न, भ, ज, ध, च, ल, यी अक्षरबाट नाम उठेकाले इन्द्रध्वज उठाउने काम गर्नु भनी माथि उल्लिखित पत्रमा लेखिएको छ । यताबाट अ (कृत्तिकानक्षत्रको पहिलो पाउ), व ( रोहिणीनक्षत्रको दोस्रो पाउ), म (मघानक्षत्रको पहिलो पाउ), प (उत्तरफाल्गुनीनक्षत्रको तेस्रो पाउ), न (अनुराधानक्षत्रको पहिलो पाउ), भ (मूलनक्षत्रको तेस्रो पाउ), ज (उत्तरषाढानक्षत्रको तेस्रो पाउ), ध (पूर्वषाढानक्षत्रको दोस्रो पाउ), च (रेवतीनक्षत्रको तेस्रो पाउ), ल ( अश्विनीनक्षत्रको चौथो पाउ) बाट नाम उठेका मानिसले इन्द्रध्वज उठाउनू भनी लेखिएको देखिन्छ ।

च, ल, अ, क, ह, प, र, न, म, स, यी अक्षरबाट नाम इन्द्रध्वज ढाल्ने काम गर्नु भनी माथि उल्लिखित पत्रमा लेखिएको छ । च (रेवतीनक्षत्रको तेस्रो पाउ), ल (अश्विनीनक्षत्रको चौथो पाउ), अ (कृत्तिकानक्षत्रको पहिलो पाउ), क (मृगशिरानक्षत्रको तेस्रो पाउ), ह (पुनर्वसुनक्षत्रको तेस्रो पाउ), प (उत्तरफाल्गुनीनक्षत्रको तेस्रो पाउ), र (चित्रानक्षत्रको तेस्रो पाउ), न ( अनुराधानक्षत्रको पहिलो पाउ), म (मघानक्षत्रको पहिलो पाउ) , स (शतभिषक्नक्षत्रको दोस्रो पाउ) बाट नाम उठेका मानिसले इन्द्रध्वज ढाल्नू भनी लेखिएको देखिन्छ ।

साइतको यो पत्र कुन ज्योतिषीले तयार गरेका हुन् भन्ने कुरा यस पत्रबाट खुल्दैन । त्यो पनि खुलेको भए नेपालका ज्योतिषीहरूको इतिहास तयार गर्ने काममा यसबाट अझ बढी मद्दत मिल्थ्यो भन्ने स्पष्ट छ ।

# परिशिष्ट घ.

## वि.सं. १८९६ मा इन्द्रध्वजोत्सवको साइत लिने चलनको व्याखा

लक्ष्मीपतिसङ्ग्रहमा रहेको वि.स. १८९६ को पात्रोमा अरू वर्षको पात्रोमा जस्तै भाद्रशुक्ल द्वादशीमा इन्द्रध्वजोत्सव लेखिएको छ। त्यसको साथै त्यसमा समय पनि लेखिएको देखिन्छ। अप्रकाशित सो अशं यस प्रकारको छ -

वि.स. १८९६ भाद्रशुक्ल

गते वार तिथि घदी पला

भाद्र २६ सोम द्वितीया ५८।४८ दि. ग. घ २२।१५ वनयात्रा घ १६।५ वृ क्ष कर्तन

आश्विन २ सोम अष्टमी २५।५६ दि.ग.घ २२।५५ नगरप्रवेश

आश्विन ६ शुक्र द्वादशी २७।४० दि.ग.घ ५।५ इन्द्रध्वजोत्सवः

वि.स. १८९६ आश्विनकृष्ण

गते वार तिथि घदी पला

आश्विन १२ बृहस्पति तृतिया ०।७ विर्सजन

आश्विन १३ शुत्र पञ्चमी ४८।२

यो पञ्चाङ्ग वि.स. १८७९ मा जन्मेका ज्योतिषी विश्वनाथ पाँडे (दैवज्ञ शिरोमणि लक्ष्मीपति पाँडेका नाति) को हुन सक्छ। यताबाट लक्ष्मीपतिपरम्परामा पनि इन्द्रध्वजोत्सवको साइत तयार गर्ने चलन थियो भन्ने बुझिन्छ। यो काम दरबारमा चढाउनको लागि भएको हुन सक्छ। नेपालमै पनि इन्द्रध्वजोत्थान अत्यन्त पुरानो परम्परा हो भन्ने कुरा यसबाट प्रस्ट हुन्छ।

# परिशिष्ट ङ.

**अनुसन्धानको क्रममा सोधिएका खुल्ला प्रश्नहरू :**

१. तपाईं कुन गुठीमा आवद्ध हुनु हुन्छ यसबारेमा केही बताउनुस न ।

२. तपाईंको पूर्खा यस गुठीमा कहिले देखि आवद्ध हुनु भएको हो ?

३.. तपाईं दैनिक, मासिक र बार्षिक रूपमा के कस्ता गुठीहरू मनाउनु हुन्छ ?

४. तपाईं के काम गर्नु हुन्छ ?

५. तपाईंको पूर्खाले के काम गर्थे ?

६. *यःसिं* पर्व बारे तपाईलाई के जानकारी छ ?

७. *यःसिं* पर्व मनाउन कुन कुन गुठीहरू छन् ? ती गुठीहरूमा तपाई कस्तो किसिमले आवद्ध हुनु भएको छ ?

८. वर्तमान समयमा *यःसिं* पर्व बारे तपाईको धारणा के छ ?

९. *यःसिं* पर्वसँग सम्बन्धित अन्य चाडपर्वहरूका बारेमा पनि बताउनुस ।

१०. *यःसिं* पर्व मनाउन स्थानीय सरकार र नेपाल सरकारबाट के कस्ता सहयोग र संलग्नता रहेको छ ?

११. *यःसिं* पर्व मान्दा कुन कुन विधिहरू तपाईंलाई मनपर्छ र किन ? कुन ुकन विधिहरू मनपर्दैन र किन ?

१२. *यःसिं* उठाउने पर्व मान्दा समय सापेक्ष सुधार गर्न, संस्कृतिमा भएको विकृतिहरू हटाउन के के गर्नुपर्दछ जस्तो लाग्छ ? केही सुझावहरू दिनुस् ।

# सान्दर्भिक तस्वीर



(चित्र सं. १) वसन्तपुर परिसरमा इन्द्रजात्राको एक दृष्य



(चित्र सं. २) मानन्धर संघका पदाधिकारीहरू र गुरूजुको पल्टन ।



(चित्र स.३) यःसिंगुँ (नालाको वन)मा वसन्तपुर परिसरमा ठड्याउने यःसिं को लागि रूख काट्दै गुठीयारहरू



(चित्र स.४) वसन्तपुर परिसरमा ठड्याएको यःसिं



(चित्र स.५) वसन्तपुर परिसरमा ठड्याउदै गरेको यःसिं जस्मा टुप्पोतिर गजुर जस्तै भोगते राखिन्छ ।



(चित्र स.६) राजकीर्ति महाविहार परिसरको दृष्य




(चित्र स. ७)  संकटा मन्दिर परिसरको एक दृष्य



(चित्र स.८) टेवहालमा ठड्याउने इन्द्रदेवको मुकुट सहितको य:सिं



(चित्र स. ९) “धुँ स्वाँ” (गुच्चा फूल) टेवहालमा उठाउने य:सिंमा राख्दै गुठीयारहरू



(चित्र स.१०) टेबहाल *य:सिं* गुठीको च्वः छे (गुठी घर) को पछाडिपट्टि राखेको य:सिं



(चित्र स. ११) "पाहाँचःऱ्हे जात्राको एक दृष्य



(चित्र स. १२) (इन्द्रचोक) वघं परिसरको *यःसिं* ठड्याउदै गुठीयारहरू



(चित्र स. १३) रातो रगंले पोटेको वघंको य:सिं बोकेर लग्दै गुठीयारहरू



(चित्र स. १४) वघंको हलीपटा (एक किसिमको झण्डा)



(चित्र स. १५) वघंमा लामो लामो बाँसको थेगो दिदै वघंको *य:सिं* लाई ढाल्दै गुठीयारहरू



चित्र सं. १६) (इन्द्रचोक)वघंको *य:सिं* प्रयोग नहुदाँ राख्ने स्थान



(चित्र स. १७) कंकेश्वरी परिसरमा ठड्याएको य:सिं



(चित्र स. १८) कंकेश्वरीको य:सिंमा रातो र सेतो रङ्ग लगाउदै गुठीयारहरू



(चित्र स. १९) 'कोखा' रातो र सेतो डोरीजस्तै कपडाको टुक्रा जुन घाँटमा बाधिन्छ ।



(चित्र स. २०) कंकेश्वरीको य:सिंमा झुण्डाएको हलिपटा (झण्डा)



(चित्र स.२१) कंकेश्वरीको *यःसिं* प्रयोग नहुदाँ राखिने स्थान



(चित्र स. २२) भद्रकालीदेवी (लुँमह्री अजिमा) को मन्दिर



(चित्र स.२३) भद्रकालीको य:सिंको हलीपटामा रहेको चिन्हहरू जस्मा सबै भन्दा माथि सेतोमछिन्द्रनाथको चित्र कुदिएको



(चित्र स.२४ ) भद्रकाली परिसरमा *य:सिं* ठड्याउनको लागि प्रयास गर्दै गुठीयारहरू



(चित्र स. २५) भद्रकालीको *यःसिं* प्रयोग नहुदाँ राखिने स्थान



(चित्र स.२६ ) हाडिगाँउ डबलीमा ठड्याएको यःसिं




(चित्र स. २७) हाडिगाँउको य:सिंमा पारखुट्टे रागाको नेखु (सिँग)



(चित्र स. २८) हाडिगाँउको *य:सिंमा* राखेको रागाँको नेखु (सिं)



(चित्र स. २९) हाडिगाँउको यःसिंमा झुण्डाएको हलिपटा



(चित्र स.३०) हाडीगाँउ केलटोलमा ठड्याएको यःसिं




(चित्र स.३१) हाडीगाँउ केलटोलमा यःसि उठाउदैं स्थानिय बासिन्दा




(चित्र स.३२) हाडिगाँउ परिसरमा *यःसिं* राख्ने ठाँउ



(चित्र स.३३) गुह्येश्वरी मन्दिर परिसर



(चित्र स.३४) गुह्येश्वरीको जात्रामा खट पुल तर्न मनिल्ले भएपछि खोला तर्दैको दृष्य



(चित्र स.३५) गुह्येश्वरी मन्दिर परिसरमा उठाउदै गरेको यःसिं



(चित्र स.३६) ज्ञानबिनायक मन्दिर परिसर



(चित्र स.३७) ज्ञानबिनायक मन्दिरमा *य:सिं* ठड्याउने खाल्डो



(चित्र स.३८) ज्ञानबिनायक मन्दिको जात्रा बेला उठाउने खट



(चित्र स.३९) विस्का जात्रामा ठड्याउन राखेको यःसिंमा दुई वटा हलीपटा

# व्यक्तिगत अर्न्तवाता

डंगोल, सानुकाजी, वर्ष ७२, टेवहाल , *य:सिं* गुठीका गुठीयार, वि.सं. २०८०.०७.०३

प्रजापति, तिर्थ, वर्ष ६८, हाडीगाँउ डवली, *य:सिं* गुठीका गुठीयार २०८०.०१.३०

महर्जन, आशानारा, वर्ष ६८, स्थानीय वासिन्दा, कंकेश्वरी, २०८१.०२.१६

महर्जन, सुक, वर्ष ६८, स्थानीय वासिन्दा, कंकेश्वरी, २०८१.०२.१६

महजर्न, न्हुछेकाजी, वर्ष ६०, कंकेश्वरी, *य:सिं* गुठीका गुठीयार, २०८१.०५.१४

मानन्धर, गजेन्द्र, वर्ष ६५, केन्द्रीय मानन्धर संघका सचिव, काठमाडौं वि.सं. २०७९.१२.२१

मुनिकार, सिंह बहादुर, वर्ष ७४, ज्ञानविनायक, *य:सिं* गुठीका गुठीयार, वि.सं. २०८०.०५.०५

मुनिकार, बाबु काजी, वर्ष ७२, ज्ञानविनायक, *य:सिं* गुठीका गुठीयार, वि.सं. २०८०.०५.०५

मुनिकार, सन्देश, वर्ष ३८, ज्ञानविनायक, *य:सिं* गुठीका गुठीयार, वि.सं. २०८०.०५.०५

वज्राचार्य, यज्ञमानपति, वर्ष ८२,बौद्ध विद्वान, सिख्वंमू बहा, २०८१.०१.१६

वज्राचार्य, अमोल, वर्ष ५४, संकटा मन्दिरका पुजारी,

सिं, मनिष मान, वर्ष ३०, वघं , *य:सिं* गुठीका गुठीयार,

सिं, करिसन मान, वर्ष ३४, वघं, *य:सिं* गुठीका गुठीयार,

श्रेष्ठ, जगतनारायण, वर्ष ४९, हाडीगाँउ केलटोल, *य:सिं* गुठीका गुठीयार, २०८०.०१.३० ।

# सन्दर्भ सामाग्री सूची

अमात्य, साफल्य. (वि.सं. २०६२). *नेपाल मण्डल काठमाडौ उपत्यकाका धार्मिक नाचहरू.* चकँ दवू ।

अमात्य, साफल्य. (वि.सं. २०६८). *आर्किएलोजि एण्ड कल्चरल हेरिटेज अफ काठमाडौं भ्याली.* रत्न पुस्तक भण्डार ।

आचार्य, बाबुराम. (वि.सं. २०५४). *नेपालको सांस्कृतिक परम्परा.* श्रीकृष्ण आचार्य ( सम्पादक /प्रकाशक) ।

उच्चस्तरीय अध्ययन समिति प्रतिवेदन. (वि.सं. २०६६). *गुठी संस्थानको औचित्य र नेवाः संस्कृति सञ्चालन* (पृ. ४९). संघीय मामिला, संसदीय व्यवस्था तथा संस्कृति मन्त्रालय ।

कायश्थ, बलराम. (वि.सं. २०७५). *मध्यकालीन भक्तपुर* (पहिलो संस्करण). रत्न पुस्तक भण्डार ।

कोइराला, कुलचन्द्र. (वि.सं. २०४२). *इन्द्रजात्रा.* गुठी संस्थान ।

खनाल, सन्ध्या. (वि.सं. २०७७). पाशुपत क्षेत्रमा मनाइने जात्रा पर्वहरू विषयमा. *पाशुपत क्षेत्रको सांस्कृतिक सम्पदा.* पशुपति क्षेत्र विकास कोष ।

गोन्डा, जे. (ई.सं. १९६७). *द इन्द्र फेष्टिभल अकडिङ्ग टु द अथर्ववेद.* जर्नल अफ द अमेरिकन ओरेन्तल सोसाइटि. भो.८७ (४). पृ.४१३- ४२५

जोशी, सत्यमोहन (वि.सं. २०४३). *बःचाधंगु खँग्वः धुकू.* लाकौल पिथना ।

जोशी, सत्यमोहन . (वि.सं. २०६७). *नेपाली चाडपर्व* (दोश्रो खण्ड). साझा प्रकाशन ।

जोशी, हरिराम. (वि.सं. २०३७). *हाम्रो संस्कृति.* सञ्चार मन्त्रालय, सूचना विभाग ।

झा, हेमन्त के. (वि.सं. २०५३). हिन्दु बुद्धिष्ट फेष्टिभलस् अफ नेपाल (पहिलो संस्करण). निर्जला प्वलीकेशन ।

नेपाल, ज्ञानमणि. (वि.सं. २०५५). *नेपाल निरूपण.* नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान ।

टण्डन, डा. गाविन्द. (वि.सं. २०५२). *नेपालमा गुठीव्यवस्था.* नेपाल अध्ययन समूह ।

तोफाँ, जेरड. (ई.सं.१९९२). द इन्द्रजात्रा अफ काठमाडौं एज ए रोयल फेष्टिभलः पास्त एण्ड प्रेजेन्ट, कन्ट्रिब्यूसन्स टु नेप्लिज् स्टडिज् (भोलुम् १९). त्रिविवि ।

पन्त, नयराज. ( वि.सं. २०२६). इन्द्रयात्राको विषयमा. *पूर्णीमा* (पूर्णाङ्क २४), संशोधन मण्डल पृ.३१० देखि ३१२ ।

पन्त, महेशराज. ( वि.सं. २०३२). पुष्याभिषेक विषयमा. *पूर्णीमा* (पूर्णाङ्क ३३), संशोधन मण्डल, पृ. १३ देखि २७ ।

प्रजापति, सुरेन्द्रविक्रम (ने.स. ११२७). प्रजापति (मध्यपुर थिमी) विषयमा. *नेवाः समाज.* नेवा देय् दबू ।

पौड्याल, बीणा. (ई.सं.१९९८). हिन्दु सांस्कृतिक परम्परा देवराज इन्द्र, *कन्ट्रिब्यूसन्स टु नेप्लिज् स्टडिज्* (भोलुम् २५, नं.१). त्रिविवि ।

पौडयाल, दामोदर.(वि.सं.२०४४) *समाज र राष्ट्रको उत्थानमा गुठीको भूमिका,* नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान ।

महर्जन, पंच नारायण. (ने.स.११२७). यें स्वीनिगू त्वाः या ज्यापु संस्कारया विश्लेषण विषयमा. *नेवाः समाज* . नेवा देय् दबू ।

मुनंकमी, लीलाभक्त. (वि.सं.२०४१). *नेपालको सांस्कृतिक तथा ऐतिहासिक दिग्दर्शन.* भक्तपुरः श्रीमती भवानी केशरी मुनंकर्मी ।

राइट्, डेनियल. (वि.सं.२०२९). *हिस्ट्रि अफ नेपाल.* नेपाल एक्युटेड बुक पब्लिसर ।

राजवंशी, शंकरमान.(वि.सं.२०४७).गुठीसम्बन्धी ऐतिहासिक पत्र. *प्राचीन नेपाल* (संख्या ७९), पुरातत्व विभाग ।

लेभी, सिल्भाँ. (ई.सं.२००७). *नेपालः हिन्दू अधिराज्यको इतिहास* (दोश्रो खण्ड). हिमाल किताब प्रा.लि ।

वज्राचार्य, गौतम. (वि.सं.२०३३). *हनुमानढोका राजदरबार.* नेपाल र एशियाली अध्ययन संस्थान ।

वज्राचार्य, चुण्दा. (वि.सं.२०७२). *नेवाः सांस्कृतिक चाडपर्व.* आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान ।

वज्राचार्य, धनवज्र. (वि.सं.२०३०). *लिच्छवीकालका अभिलेख.* नेपाल र एशियाली अनुसन्धान केन्द्र, त्रि.वि.वि ।

वज्राचार्य, धनवज्र. (वि.सं.२०५६). *मध्यकालका अभिलेख.* नेपाल र एशियाली अनुसन्धान केन्द्र, त्रि.वि.वि ।

वज्राचार्य, धनवज्र. (वि.सं.२०६८). *पूर्वमध्यकालका अभिलेख.* नेपाल र एशियाली अनुसन्धान केन्द्र ।

वज्राचार्य, धनवज्र. र मल्ल, कमल प्रकाश. (ई.सं.१९८५). *द गोपालराज वंशावली.* नेपाल रिसर्च सेन्टर ।

वज्राचार्य, पुण्य रत्न. (वि.सं.२०२०). *झीगु नखः चखः.* च्वसापासा ।

वज्राचार्य, मनवज्र.(वि.सं.२०२५). *नेपाली चाड-पर्वहरूको विवेचना.*रत्नपुस्तक भण्डार ।

सस्लर, मेरी सेफर्ड. (ई.सं.१९९८). *नेपाल मण्डल.* मण्डला बुक प्वाइन्ट ।

सायमि, प्रेम. (ने.स. ११२७). *मानन्धर (सायमि) समुदायया म्हसीका.* नेवा देय् दबू ।

शाक्य, सुवर्ण. (वि.सं.२०७०).पाहाँचःहय् व बिस्काः, ओलम्पस क्लब ।

शाक्य, वज्रराज. (वि.सं.२०५३).*नेवाः बौद्ध संस्कृतिइ गुठी.* लोटस रिसर्च सेन्टर ।

शाक्य, अजय क्रान्ति. र मानन्धर, सुरेश. ( वि.सं. २०७७). *इन्द्रजात्रा.* काठमाडौं महानगरपालिका ।

शाक्य, मिन. बहादुर. (ई.सं.१९९४). *द आइकोनोग्राफी अफ नेप्लिज् बुद्धिजम्.* काठमाडौंः ह्याडीकराफ्ट एसोसियसन अफ नेपाल ।

श्रेष्ठ, अमन. र राणा, सन्तुप्रताप. (वि.सं. २०७५). *नेपालका चाडपर्व तथा राष्ट्रिय दिवसहरू.* मधुवन प्रकाशन ।

श्रेष्ठ, पुरूषोत्तमलोचन (वि.सं. २०८०). *अन्तरङ्गका तरङ्गहरू.* भक्तपुर. संचित बचत तथा ऋण सहकारी संस्था लि. ।

श्रेष्ठ, पद्म (ने.सं.११२८). *नेवार (जाति परिचय संग्रह).* प्रिन्ट स्काई ।

श्रेष्ठ, योगन्द्रमान. (वि.सं. २०७६). *नेपाः या इतिहासय् येंयाः.* शुक्रवाःया तँसापौ (नेपालभाषा टाइम्स) ।

हन्टिङ्गन, सुसन. (ई.सं.२०१४). *एनसेन्त इन्दिया बुद्धिष्ट, हिन्दु, जैन.* वेदरहिल प्रेस ।

कुलकर्नि,सन्दिप.ई.सं.२०१२.बृहत्संहिता.अध्याय४२.https://sa.wikisource.org/wiki/बृहत्संहिता/अध्यायः_४२